


# जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन तालिम

## प्रशिक्षक निर्देशिका

नेपाल सरकार
कृषि तथा सहकारी मन्त्रालय
तथा
संयुक्त राष्ट्र संघ
विश्व खाद्य कार्यक्रम



# जिल्लास्तरीय
# खाद्य सुरक्षा अनुगमन तालिम

## प्रशिक्षक निर्देशिका


नेपाल सरकार

**कृषि तथा सहकारी मन्त्रालय**

तथा

संयुक्त राष्ट्र संघ

**विश्व खाद्य कार्यक्रम**

**नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय तथा संयुक्त राष्ट्र संघ विश्व खाद्य कार्यक्रम**
**जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन तालिम : प्रशिक्षक निर्देशिका (सन् २००९ जुन)**

**प्रकाशक** : नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय र संयुक्त राष्ट्र संघ विश्व खाद्य कार्यक्रम

**सर्वाधिकार** © : सर्वाधिकार सुरक्षित गरिएको छ । यस प्रशिक्षक निर्देशिकामा प्रकाशित सामग्रीहरू साभार गरी कुनै भाग वा पूर्णरूपमा गैरव्यापारिक तथा शैक्षिक प्रयोजनको लागि स्रोत उल्लेख गरी प्रयोग गर्न प्रकाशक संस्थाहरूले स्वीकृति प्रदान गरेको छ । तर व्यापारिक प्रयोजन वा मुनाफाको लागि प्रकाशकको स्वीकृति विना यस निर्देशिकाको कुनै पनि भाग कुनै पनि रूपमा पुनः प्रकाशन वा प्रयोग गर्न पाइने छैन ।

**सुझाव तथा थप जानकारीका लागि :**

- डा. धनराज रताला — drratala@yahoo.com
- डा. हरि दाहाल — drdahal_h@yahoo.com
- सिमोन होलेमा — siemon.hollema@wfp.org
- मारीको कावाबाता — mariko.kawabata@wfp.org
- डा. कृष्ण पहारी — krishna.pahari@wfp.org
- पुष्प श्रेष्ठ — pushpa.shrestha@wfp.org

**आवरण तस्विर** : जेम्स् ज्याम्ब्रोनी र चन्द्रबहादुर थापा
**डिजाइन तथा मुद्रण** : **wps**, tel: +977-1-5550289, email: printnepal@gmail.com

यो **जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन तालिम : प्रशिक्षक निर्देशिका** जर्मन गुणस्तर सुधार सहयोग कार्यक्रमको आर्थिक सहयोगमा प्रकाशित गरिएको हो । यस निर्देशिकामा समावेश गरिएका विधि तथा औजारहरू पाँचथर, ताप्लेजुङ र संखुवासभा जिल्लाहरूमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरू, जिल्ला विकास समितिका कार्यालयहरू र जिल्ला कृषि विकास कार्यालयहरूको सक्रिय सहयोग र सहभागितामा स्थलगत परिक्षण गरिएका हुन् । यस निर्देशिकालाई प्रकाशन योग्य बनाउने कार्यमा चन्द्रबहादुर थापा, पुष्प श्रेष्ठ, डा. कृष्ण पहारी, माधव कार्की र कि-फङ न्गुयनको उल्लेखनिय भूमिका रहेको छ । पुस्तिकाको प्रकाशन कार्यमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण संघसंस्था र व्यक्तिहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

नेपाल सरकार
**कृषि तथा सहकारी मन्त्रालय**
सिंहदरवार, काठमाडौं, नेपाल
**फोन** : ९७७-१-४२११६८७
**फ्याक्स** : ९७७-१-४२११८३९
**इमेल** : agribusiness@moac.gov.np
**वेबसाईट** :www.moac.gov.np

संयुक्त राष्ट्र संघ
**विश्व खाद्य कार्यक्रम**
चाकुपाट, पाटनढोका, ललितपुर
पोवनं. १०७, काठमाडौं, नेपाल
**फोन** : ९७७-१-५५४२६०७
**फ्याक्स** : ९७७-१-५५२४१०१
**वेबसाईट** :www.wfp.org

यो प्रशिक्षक निर्देशिका **जिल्ला खाद्य सुरक्षा अनगुमन : स्रोत पुस्तिका**सँगै प्रकाशित गरिएको हो र यो प्रशिक्षक निर्देशिका उक्त पुस्तिकालाई आधारमानी प्रयोग गरिएमा मात्र पूर्ण हुनेछ ।



# विषयसूची


१.० प्रशिक्षकको निर्देशिकाको परिचय १

२.० प्रशिक्षकको निर्देशिका कसरी प्रयोग गर्ने २

३.० सफल रूपमा तालिम सञ्चालनका लागि केही सुझावहरू ३

४.० पहिलो खण्ड – जिल्ला खाद्य सुरक्षा सञ्जाल निर्माणको लागि सरोकारवालाहरूको परामर्श गोष्ठी ५

- ४.१ परामर्श गोष्ठिका विषयवस्तु ६
- ४.२ स्वागत, शुभारम्भ र परिचय ६
- ४.३ गोष्ठीका उद्देश्यहरू र विषयवस्तु ८
- ४.४ खाद्य सुरक्षा र खाद्य सुरक्षा अनुगमनबारे परिचय ९
- ४.५ जिल्ला खाद्य सुरक्षा सञ्जाल १०
- ४.६ जिल्ला खाद्य सुरक्षा सञ्जालको संरचनागत व्यवस्था १२
- ४.७ गोष्ठीको समापन १४
- ४.८ सन्दर्भ-सामग्री १: बैठक निर्णयको नमुना १५
- ४.९ परामर्श गोष्ठीका लागि स्लाइडहरू १६

५.० दोस्रो खण्ड – जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमनबारे सैद्धान्तिक तालिम २१

- ५.१ सैद्धान्तिक तालिमका विषयवस्तु २२
- ५.२ पाठ्यक्रम २३
- ५.३ परिचय र तालिमको उद्देश्य २५
- ५.४ खाद्य सुरक्षाको अवधारणा र खाद्य सुरक्षा अनुगमन प्रणाली २७
- ५.५ नेपालमा खाद्य सुरक्षा अनुगमन प्रणाली ३१
- ५.६ जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन प्रक्रिया र समय तालिका ३४
- ५.७ तालिमको समापन ३५
- ५.८ सैद्धान्तिक तालिमका लागि स्लाइडहरू ३७

६.० तेस्रो खण्ड – जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमनबारे व्यावहारिक तालिम ४७

६.१ व्यावहारिक तलिमको विषयवस्तु ४८
६.२ पाठ्‌यक्रम ४९
६.३ परिचय र तालिमको उद्देश्य ५१
६.४ खाद्य सुरक्षाको अवधारणा र खाद्य सुरक्षा अनुगमन सैद्धान्तिक पक्षको समीक्षा ५३
६.५ खाद्य सुरक्षा अनुगमनको जानकारी सङ्कलन, आदानप्रदान तथा रूजू ५५
६.६ खाद्य सुरक्षा सञ्जालको बैठकः जानकारी विश्लेषणका लागि सहभागीमूलक तयारी ६०
६.७ खाद्य सुरक्षा अनुगमनका विशिष्ट तालिका प्रयोग गर्दै, जानकारीको विश्लेषण ६३
६.८ खाद्य सुरक्षा विश्लेषणको सहभागीमूलक समीक्षा तथा नतिजाहरूको केन्द्रीय विश्लेषण एकाइमा सम्प्रेषण ६६
६.९ तालिमको समापन ६८
६.१० व्यावहारिक तालिमका लागि स्लाइडहरू ७०
६.११ सन्दर्भ-सामग्री ४ : समूहकार्यका लागि मामला ८४
६.१२ सन्दर्भ-सामग्री २ : हाजिरीजवाफका लागि प्रश्नहरू ८६
६.१३ सन्दर्भ-सामग्री ३ : हाजिरीजवाफका लागि उत्तरहरू ८७
६.१४ सन्दर्भ-सामग्री ५ : पुनर्ताजगीका लागि केही खेलहरू ८८
६.१५ सन्दर्भसूची ९०



१

# प्रशिक्षकको निर्देशिकाको परिचय

जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन तालिम कार्यक्रम, जिल्लामा खाद्य सुरक्षा सञ्जाल स्थापना र सञ्जालका सदस्यहरूको खाद्य सुरक्षा अनुगमनबारे क्षमता अभिवृद्धि गर्न तयार गरिएको हो ।

यो निर्देशिकाले खाद्य सुरक्षा सञ्जालका सदस्यहरूलाई चरणबद्ध तरिकाले खाद्य सुरक्षाबारे जानकारी प्रदान गर्नलाई प्रशिक्षक तथा फिल्ड मनिटरलाई मद्दत गर्नेछ । यो प्रक्रियामा खाद्य सुरक्षा सञ्जालका सदस्यहरूलाई जिल्लाको वास्तविक आवश्यकतामा आधारित खाद्य सुरक्षा सञ्जाल निर्माण (पहिलो खण्ड), जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन प्रणालीबारे सैद्धान्तिक पक्षबारे जानकारी (दोस्रो खण्ड) र जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन प्रणालीबारे व्यावहारिक पक्षबारे जानकारी (तेस्रो खण्ड) हासिल गर्नेछन् ।

निर्देशिकाको पहिलो खण्डको उद्देश्य, जिल्ला स्थित सरोकारवालाहरूलाई खाद्य सुरक्षा अनुगमनको महत्त्व बारे जनचेतना बढाई जिल्लामा खाद्य सुरक्षा अनुगमनका लागि एक संरचनागत व्यवस्था निर्माण गर्न चरणबद्ध प्रक्रियाबारे प्रस्ट पार्नु रहेको छ ।

निर्देशिकाको दोस्रो खण्डको उद्देश्य जिल्लास्तरीय खाद्य सुरक्षा सञ्जालका सदस्यहरूलाई खाद्य सुरक्षाबारे आधारभूत अवधारणा, राष्ट्रिय खाद्य सुरक्षा अनुगमन प्रणाली र खाद्य सुरक्षा सञ्जालको भूमिका प्रस्ट पार्न, तालिम सहजकर्तालाई सहयोग पुऱ्याउनु हो ।

त्यसैगरी तेस्रो खण्डको उद्देश्य जिल्लास्तरीय खाद्य सुरक्षा सञ्जालका सदस्यहरूलाई जिल्ला खाद्य सुरक्षा अनुगमन सञ्चालन गर्न विश्लेषणात्मक औजार र विधिहरू प्रयोग गर्न र व्यावहारिक दक्षता हासिल गर्न सत्रहरू सञ्चालन प्रक्रियाबारे प्रस्ट पार्नु रहेको छ ।

२



# प्रशिक्षकको निर्देशिका कसरी प्रयोग गर्ने

यो निर्देशिका जिल्ला खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण पुस्तिकासँगै समानान्तर रूपमा तयार गरिएको हो । तालिम सञ्चालनको दौरानमा सो पुस्तिका, एक सन्दर्भ-सामग्रीको रूपमा प्रयोग गर्न सकियोस् भन्ने ध्येयले तयार पारिएको हो ।

प्रशिक्षकहरूका लागि स्रोतसामग्री समाविष्ट एक सँगालो, शिक्षण सामग्रीहरू विद्युतीय रूपमा DVD मा उपलब्ध छन्, जुन आवश्यकता अनुरूप प्रिन्ट गरी प्रयोग गर्न सकिन्छ ।

निर्देशिकामा मुख्यतः तीन प्रकारका सामग्रीहरू : १) तालिमको पाठ्यक्रम, २) सत्रका विस्तृत पाठयोजना र ३) स्लाइड र सत्र सञ्चालनका लागि सान्दर्भिक सामग्रीहरू समावेश छन् ।

पाठ्यक्रमले समग्र रूपमा तालिमको सत्रका मूल विषयवस्तु आवश्यक पर्ने समयावधि, तालिम सञ्चालन विधि, सामग्री र सत्रको मूल्याङ्कन प्रक्रियाबारे जानकारी दिनेछ । त्यसैगरी पाठयोजनामा समग्र सत्रको उद्देश्य प्राप्त गर्न, सत्रमा सञ्चालन गर्नुपर्ने विस्तृत क्रियाकलापहरू समावेश छन् ।

प्रशिक्षकको थप सहायताका लागि पाठयोजनामा उल्लेखित सहजकर्ताका लागि जानकारी समावेश कोष्ठकले, सहजकर्तालाई सत्र सञ्चालनमा केही मुख्य कडी (Tips) उपलब्ध गराउँछ । सहजकर्ताले तालिम सञ्चालनका लागि आवश्यक उपकरण र तयारी पूर्वरूपमा गर्नु आवश्यक हुन्छ । विद्युतीय सामग्री प्रयोगको सुनिश्चितता हुन नसक्ने अवस्थामा वैकल्पिक उपायहरू (जसमा विद्युत र विद्युतीय उपकरण आवश्यक पर्दैन) को पनि पूर्व तयारी हुन आवश्यक छ । सत्रका लागि आवश्यक पूर्वरूपमा तयार गर्नुपर्ने प्रस्तुतिका सामग्री, पाठयोजनाको विभिन्न भागमा कोष्ठभित्र (स्लाइड) भनी उल्लेख गरिएको छ ।



3

# सफल रूपमा तालिम सञ्चालनका लागि केही सुझावहरू

यदि तपाईं तालिम सञ्चालनका लागि योजना बनाउँदै हुनुहुन्छ भने, तल उल्लेखित निम्न प्रश्नहरूको मनन गर्नुभएमा तालिम प्रभावकारी बनाउन सहयोग गर्नेछ ।

## किन ?

- यो तालिम किन आवश्यक छ ?
- तालिमको उद्देश्य के हो ?

## को ?

- यो तालिम कसको लागि हो ?
- तालिम कसले सञ्चालन गर्नेछ ?
- तालिममा कसले भाग लिनेछ ?
- को आमन्त्रित हुनेछ ?
- कसले तालिमको सहजीकरण गर्ने छ ? दुईजना सहजकर्ताहरू भए उत्तम ।
- सहभागीका जिज्ञासाहरूलाई स्पष्ट पार्नका लागि कस्ता प्राविधिक स्रोतव्यक्ति हरूलाई आमन्त्रण गरिनुपर्ला ?

## के ?

- तालिमको अवधिभरि सहभागीहरूले केके सीपहरू, ज्ञान र धारणाहरू सिक्नेछन् ?
- सहभागीहरूको सिकाइलाई मद्दत गर्नका लागि चाहिने आवश्यक विषयवस्तु र सामग्रीहरू केके हुन् ?

## कसरी ?

- तालिमपछि आवश्यक सीपबारे सहभागीहरूलाई योग्य बनाउन तालिमले कसरी सहयोग गर्छ ?

## कहिले ?

- तालिम सञ्चालनको लागि उपयुक्त समय कहिले हुन्छ ?
- सहभागीहरू, प्राविधिक स्रोतव्यक्तिहरू र तालिममा उपस्थित हुनुपर्ने अरू व्यक्तिहरूलाई आमन्त्रण गर्नको लागि कति समयको आवश्यकता पर्दछ ?
- तालिमको प्रस्तावित समय अन्य कुनै स्थानीय कार्यक्रम वा बिदासँग जुध्छ कि ?

## कहाँ ?

- तालिमको लागि उपयुक्त स्थान कहाँ छ, जहाँ बाहिरको कुनै अनावश्यक होहल्ला र आवाज नआउने होस् ।
- क्रियाशील सहभागिता र छलफललाई उत्साहित गर्नको लागि कति कुर्सी र टेबुलहरू राखिएका छन् ?
- बसाइ व्यवस्था कस्तो हुनेछ, जसले गर्दा सहभागीहरू एक अर्कोलाई र सहजकर्तालाई राम्रोसँग देख्न सकून् ?
- पुनर्ताजगीका लागि के व्यवस्था छ ? जस्तैः पानी, चिया, विश्राम आदि ।



पहिलो खण्ड

४

# जिल्ला खाद्य सुरक्षा सञ्जाल निर्माणको लागि सरोकारवालाहरूको परामर्श गोष्ठी

## *परामर्श गोष्ठीको उद्देश्य*

परामर्श गोष्ठीको अन्तसम्ममा सहभागीहरूले,

१ खाद्य सुरक्षा तथा खाद्य सुरक्षा अनुगमनका अवधारणाबारे बताउन सक्नेछन् ।

२ राष्ट्रियस्तरमा खाद्य सुरक्षा अनुगमन प्रक्रियाबारे बताउन सक्नेछन् ।

३ अन्य जिल्लामा खाद्य सुरक्षा अनुगमनमा, खाद्य सुरक्षा सञ्जालले खेलेका सकारात्मक भूमिकाबारे सूचित हुनेछन् ।

४ खाद्य सुरक्षा सञ्जालका विभिन्न संरचनागत व्यवस्थाबारे बताउन सक्नेछन् ।

५ जिल्ला खाद्य सुरक्षा अनुगमनमा खाद्य सुरक्षा सञ्जाल, कार्यसमूह तथा सञ्जालका सदस्यहरूको भूमिकाबारे बताउन सक्नेछन् ।

६ आफ्नो जिल्लाको लागि खाद्य सुरक्षा सञ्जालको उपयुक्त संरचनागत व्यवस्थाबारे निर्णय गर्न सक्नेछन् ।

७ खाद्य सुरक्षा सञ्जालका सदस्य तथा कार्यसमूहको चयन गर्नेछन् ।

८ औपचारिक रूपमा जिल्ला खाद्य सुरक्षा सञ्जाल निर्माण गर्नेछन् ।

९ जिल्लामा खाद्य सुरक्षा अनुगमनका लागि क्षमता अभिवृद्धिका आगामी चरणहरूबारे सहमति निर्माण गर्नेछन् ।

# ४.१ परामर्श गोष्ठिका विषयवस्तु

| सत्र | समय (मिनेट) | विषयवस्तु |
|---|---|---|
| १. | ३० | स्वागत, शुभारम्भ र परिचय |
| २. | १० | गोष्ठीका उद्देश्यहरु र विषयवस्तु |
| ३. | ३० | खाद्य सुरक्षा र खाद्य सुरक्षा अनुगमनबारे परिचय<br>• खाद्य सुरक्षाको अवधारणा<br>• नेपालको खाद्य असुरक्षाको स्थिति र आफ्नो जिल्लाको परिस्थितिसँग तुलना<br>• खाद्य सुरक्षा अनुगमनको महत्त्व |
| ४. | ३० | जिल्ला खाद्य सुरक्षा सञ्जाल<br>• राष्ट्रियस्तरमा खाद्य सुरक्षा अनुगमन प्रक्रिया<br>• विभिन्न जिल्लामा खाद्य सुरक्षा अनुगमनमा खाद्य सुरक्षा सञ्जालले खेलेको सकारात्मक भूमिका<br>• खाद्य सुरक्षा सञ्जालका विभिन्न संरचनागत व्यवस्था<br>• जिल्ला खाद्य सुरक्षा अनुगमनमा खाद्य सुरक्षा सञ्जाल, कार्यसमूह तथा सञ्जालका सदस्यहरूको भूमिका |
| ५. | ४५ | जिल्ला खाद्य सुरक्षा सञ्जालको संरचनागत व्यवस्था<br>• जिल्लाको लागि खाद्य सुरक्षा सञ्जालको उपयुक्त संरचनागत व्यवस्थाबारे निर्णय<br>• खाद्य सुरक्षा सञ्जालका सदस्य तथा कार्यसमूहको चयन<br>• जिल्ला खाद्य सुरक्षा सञ्जाल निर्माण |
| ६. | १० | गोष्ठीको समापन |

परामर्श गोष्ठी

सत्र १

# ४.२ स्वागत, शुभारम्भ र परिचय

## उद्देश्यहरु

यो सत्रको अन्तमा सहभागीहरूले:

1. सहभागीहरूबीच आपसी सिकाइ र सूचना आदानप्रदान गर्नका लागि एक अनुकूल र स्वागतयोग्य वातावरणको निर्माण गरेका हुनेछन् ।
2. औपचारिक रूपमा गोष्ठीको प्रारम्भ गरेका हुनेछन् ।
3. सहभागीहरू आपसमा परिचय गरेका हुनेछन् ।

| समय | विधि | सामग्रीहरु |
|---|---|---|
| ३० मिनेट | • वक्तव्य<br>• प्रस्तुति | • न्युजप्रिन्ट, मार्कर<br>• ब्यानर |

# विषयवस्तु १ : उद्देश्य र विषयवस्तु

### चरणहरू

1. गोष्ठीमा सहभागीहरूलाई अभिवादन र स्वागत गर्ने ।
2. आयोजकद्वारा एउटा मन्तव्य दिएर अतिथिहरू र सहभागीहरूलाई गोष्ठीमा स्वागत गर्न भन्ने । आयोजकलाई उनको मन्तव्यमा उपस्थित सहभागीहरूको इच्छा र सहभागिताले जिल्लामा दरिलो खाद्य सुरक्षा अनुगमनको लागि योगदान गर्नसक्छ र त्यसले जिल्लामा खाद्य सुरक्षाको लागि मद्दत गर्छ भन्ने कुराहरूलाई महत्त्व दिई प्रकाश पारिदिन सुझाव दिने ।
3. यदि गोष्ठीको औपचारिक शुभारम्भ हो भने वरिष्ठ कर्मचारी, विशेष अतिथिलाई आफ्नो विचार राख्नको लागि सोध्ने ।
4. शुभारम्भ सत्र समाप्त गरिसकेपछि गोष्ठीका अरू विषयवस्तु अगाडि बढाउन, अनुमति माग्ने ।
5. सहभागीहरूलाई उनीहरूको परिचय दिन विनम्र अनुरोध गर्ने : नाम, काम गर्ने वा प्रतिनिधित्व गर्ने संस्था र पद । सहजकर्ताले आफ्नो परिचय दिएर परिचयात्मक कार्यक्रम शुरू गर्ने ।

### सहजकर्तालाई जानकारी

गोष्ठीको एक औपचारिक शुरूवातले कार्यक्रमको महत्त्वलाई बढाउँछ । कतिपय अवसरमा महत्त्वपूर्ण कुराको औपचारिक प्रतिबद्धता प्राप्त गर्नका लागि औपचारिक रूपमै शुभारम्भ सत्रको व्यवस्था गर्नुपर्ने हुन्छ ।

विषयवस्तु हेरेर वरिष्ठ कर्मचारीलाई सत्रको सभापतित्त्वको लागि अनुरोध गर्ने । कार्यक्रममा विशेष वक्ताहरूले सहभागीहरूलाई उनीहरूको काम खाद्य सुरक्षा सञ्जालमा सहभागीको योगदान कति महत्पूर्ण छ भन्ने कुराको महत्वपूर्ण सन्देश दिन्छन् । औपचारिक र अनौपचारिक शुरूवात, जिल्लामा समन्वयको भूमिका निर्वाह गर्ने संयोजक कृषि विकास अधिकृत वा स्थानीय विकास अधिकारीसँग परामर्श गरी कार्यक्रम निर्धारण गर्नु उपयुक्त हुन्छ । शुभारम्भ सत्र बढीमा २० मिनेटमा समाप्त गर्ने कुरामा निश्चित गर्नुहोस् ।

**शुभारम्भसत्रको नमुना विषयवस्तु**

- आयोजकद्वारा स्वागत
- सभापति र प्रमुख अतिथिको आतिथ्य ग्रहण
- सभापति र प्रमुख अतिथि र अरु कर्मचारीहरूलाई आसन ग्रहणका लागि आग्रह
- संयोजकको मन्तव्य
- सभापति र प्रमुख अतिथिको मन्तव्य
- वक्ताहरूले सम्बोधन गरिसकेपछि गोष्ठीको शुभारम्भमा सहभागिताका लागि धन्यवाद दिने ।

# सारांश तथा मूल्याङ्कन

सहभागी सबैलाई परिचय तथा शुभारम्भ कार्यक्रममा सक्रिय सहभागिताको लागि धन्यवाद दिंदै, सत्रको अन्त गर्ने ।

# ४.३ गोष्ठीका उद्देश्यहरू र विषयवस्तु

## उद्देश्यहरू

यो सत्रको अन्तमा सहभागीहरूले :

1. गोष्ठीको उद्देश्यहरू र विषयवस्तु बताउन सक्नेछन् ।
2. सहभागीका जिज्ञासा भए व्यक्त गर्न सक्नेछन् ।

| समय | विधि | सामग्रीहरु |
|---|---|---|
| १० मिनेट | प्रस्तुति | • न्युजप्रिन्ट, मार्कर<br>• गोष्ठीको उद्देश्यहरूको प्रतिलिपि<br>• गोष्ठीका विषयस्तुका प्रतिलिपिहरु |

## विषयवस्तु १ : उद्देश्य र विषयवस्तु

### चरणहरू

1. गोष्ठीका उद्देश्यहरू (**स्लाइड नं. २**) प्रस्तुत गर्ने र संक्षेपमा व्याख्या गर्ने । यदि उद्देश्यहरूमाथि सहभागीहरूका प्रश्न र टिकाटिप्पणी भए, छलफल गर्न उत्साहित गर्ने ।
2. गोष्ठीको विषयवस्तु (**स्लाइड नं. ३**) प्रस्तुत गर्ने र यदि सहभागीहरूसँग गोष्ठीमा समावेश गरिनुपर्ने कुनै प्रासांगिक (सम्बन्धित) विषयवस्तु भए, व्यक्त गर्न भन्ने ।

### सहजकर्तालाई जानकारी

- सत्र अगावै गोष्ठीका उद्देश्यहरु र विषवस्तु PowerPoint वा न्युजप्रिन्टमा तयारी गर्ने । यदि सम्भव भएसम्म गोष्ठीको पूरै अवधिमा, उद्देश्यहरु भित्तामा टाँसी छोडिदिने ।
- व्यवस्थापकीय विषयमा चिन्तित रहनुपर्‍यो भने सहभागीको ध्यान विषयवस्तुमा केन्द्रित गर्न गाह्रो हुन्छ । त्यसैले ती समस्याहरूलाई सही तरिकाले समयमा नै सम्बोधन गर्नु फाइदाजनक हुन्छ । भत्ताको व्यवस्था नभएको, खाना, विश्राम, इत्यादि विषयहरूबारे प्रस्ट पार्नुहोस् ।

## सारांश तथा मूल्याङ्कन

गोष्ठीको उद्देश्य तथा विषयवस्तुबारे केही थप जिज्ञासा छ कि, भनी सोध्ने र सत्रको अन्त गर्ने ।

# ४.४ खाद्य सुरक्षा र खाद्य सुरक्षा अनुगमनबारे परिचय

## उद्देश्यहरू

यो सत्रको अन्तमा सहभागीहरूले :

१ खाद्य सुरक्षाको अवधारणाबारे बताउन सक्नेछन् ।
२ नेपालको खाद्य असुरक्षाको स्थितिसँग आफ्नो जिल्लाको परिस्थितिलाई तुलना गर्न सक्नेछन् ।
३ खाद्य सुरक्षा अनुगमनको महत्त्वबारे बताउन सक्नेछन् ।

| समय | विधि | सामग्रीहरू |
|---|---|---|
| ३० मिनेट | प्रस्तुति | • न्युजप्रिन्ट<br>• मार्करहरू<br>• नेपालमा खाद्य असुरक्षाको स्थिति<br>• खाद्य असुरक्षाको प्रवृति<br>• खाद्य सुरक्षा अनुगमनका सूचकहरू<br>• खाद्य सुरक्षा अनुगमनको महत्त्व |

## *विषयवस्तु १ : खाद्य सुरक्षा र खाद्य सुरक्षा अनुगमन*

### चरणहरू

१ कसैले जिल्लाको खाद्य सुरक्षा स्थितिको बारेमा बताउनु हुन्छ कि भनी सहभागीहरूलाई सोध्ने ।
२ जिल्ला र देशको खाद्य सुरक्षा स्थितिका बारेमा सहभागीहरूले गरेका बयानको आधारमा छलफल चलाउने र खाद्य सुरक्षाको परिभाषा प्रस्तुत गर्ने ।
३ नेपालको खाद्य असुरक्षाको स्थिति (**स्लाइड नं.** ४) र प्रकृत्तिबारे प्रस्तुत (**स्लाइड नं.** ५) गर्ने र यसलाई आफ्नो जिल्लाको खाद्य सुरक्षा स्थितिसँग तुलना गर्न लगाउने ।
४ कुनै एक घरधुरी वा समुदायलाई खाद्य सुरक्षाको स्थितिले कसरी असर पुऱ्याउँछ ? भन्ने परिस्थितिको चित्रण गर्ने ।
५ अरू जिल्लाहरूको खाद्य सुरक्षा स्थितिमाथि अनुभवहरू आदानप्रदान गर्ने ।
६ खाद्य सुरक्षा एक बहुआयामिक अवधारणा भएको र यसले खाद्यको उपलब्धता, पहुँच तथा अन्य विषयवस्तुसँग सम्बन्धित भएको कुरा बताउँदै खाद्य सुरक्षा सन्दर्भ तालिकाका सूचकहरू (**स्लाइड नं. ६ र** ७) प्रस्तुत गरी विवेचना गर्ने ।
७ खाद्य सुरक्षा अनुगमनले खाद्य सुरक्षा सुनिश्चितताका लागि कसरी सहयोग गर्छ, भन्नेबारे छलफल गर्ने ।

### सहजकर्तालाई जानकारी

सत्र अगावै खाद्य सुरक्षा र खाद्य सुरक्षा अनुगमन सम्बन्धी आदानप्रदान गरिनुपर्ने मुख्य बुँदाहरूको सूची बनाउने । हिमाली भेग, पहाडी भेग र तराई भेगभित्र खाद्य सुरक्षा स्थितिसम्बन्धी हामीसँग भएका के कस्ता अनुभवहरु छन् बताउने । पाँच विकास क्षेत्रहरूको खाद्य सुरक्षा स्थिति क्षेत्रगत हिसाबले पनि बताउन सकिन्छ । यी जानकारी विश्व खाद्य कार्यक्रमद्वारा प्रकाशित खाद्य सुरक्षा बुलेटिनबाट लिन सकिन्छ । खाद्य सुरक्षा अनुगमनले विभिन्न जिल्लाको खाद्य सुरक्षा स्थिति सुधार्न पुऱ्याएको ठोस उदाहरणहरु प्रस्तुत गर्ने । खाद्य असुरक्षाको कारणले आउनसक्ने आपतकालीन परिस्थितिसँग जुध्नको लागि पूर्वतयारी गर्न दरिलो खाद्य सुरक्षा अनुगमन प्रणालीले सहयोग गर्नसक्ने कुरालाई सम्बन्धित गर्ने ।

यी उपर्युक्त जानकारी आदानप्रदान गरेपछि, हाम्रो जिल्लामा खाद्य सुरक्षा अनुगमनको कत्तिको आवश्कता छ भनी प्रश्न गर्ने । यसले आफ्नो जिल्लाको वास्तविक स्थितिमा सहभागीहरूलाई सोच्न मद्दत गर्दछ ।

## विषयवस्तु २ : खाद्य सुरक्षा अनुगमनको महत्त्व

### चरणहरू

१ अघिल्लो छलफललाई सम्बन्धित गर्दै खाद्य सुरक्षा अनुगमनको के महत्त्व छ ? भनी प्रश्न गर्ने ।
२ सहभागीको विचारहरूको टिपोट गर्ने । **स्लाइड नं. ८** प्रस्तुत गरी प्रस्ट पार्ने ।

## सारांश तथा मूल्याङ्कन

खाद्य सुरक्षा र खाद्य सुरक्षा अनुगमनका केही आधारभूत अवधारणा र अनुभवहरूको आदानप्रदान गऱ्यौं भन्दै, यसबारे थप केही जिज्ञासा भए छलफल गरी सत्रको अन्त गर्ने ।

परामर्श गोष्ठी
सत्र ४

# ४.५ जिल्ला खाद्य सुरक्षा सञ्जाल

## उद्देश्यहरू

यो सत्रको अन्तमा सहभागीहरूले :

१ राष्ट्रियस्तरमा खाद्य सुरक्षा अनुगमन प्रणालीबारे बताउन सक्नेछन् ।
२ अन्य जिल्लामा खाद्य सुरक्षा अनुगमनमा खाद्य सुरक्षा सञ्जालले खेलेका सकारात्मक भूमिकाबारे सूचित हुनेछन् ।
३ खाद्य सुरक्षा सञ्जालका विभिन्न संरचनागत व्यवस्थाबारे बताउन सक्नेछन् ।
४ जिल्ला खाद्य सुरक्षा अनुगमनमा खाद्य सुरक्षा सञ्जाल, कार्यसमूह तथा सञ्जालका सदस्यहरूको भूमिकाबारे बताउन सक्नेछन् ।

| समय | विधि | सामग्रीहरु |
|---|---|---|
| ३० मिनेट | • प्रस्तुति<br>• मस्तिष्क मन्थन | • न्युजप्रिन्ट<br>• मार्करहरु<br>• खाद्य सुरक्षा सञ्जालको महत्त्व<br>• खाद्य सुरक्षा सञ्जाल कार्यसमूह र सरोकारवाला संस्थाको भूमिकाहरूको प्रतिलिपि |

## विषयवस्तु १ : राष्ट्रियस्तरमा खाद्य सुरक्षा अनुगमन प्रणाली

### चरणहरू

१ राष्ट्रियस्तरमा खाद्य सुरक्षा अनुगमन प्रणालीबारे विवेचना गर्ने ।
२ सहभागीलाई अनुगमन प्रक्रियाबारे केही जिज्ञासा भए प्रस्ट पार्ने ।

## विषयवस्तु २: खाद्य सुरक्षा सञ्जालको अनुभवहरू र संरचनागत व्यवस्था

### चरणहरू

१ नेपालको विभिन्न जिल्लाहरूमा खाद्य सुरक्षा सञ्जालले खाद्य सुरक्षा अनुगमनमा खेलेको सकारात्मक भूमिकाबारे प्रस्तुत गर्ने ।
२ नेपालको विभिन्न जिल्लाहरूमा सञ्चालित खाद्य सुरक्षा सञ्जालको संरचनागत व्यवस्थाबारे वर्णन गर्ने ।
३ यी विभिन्न संरचनागत नमुनाहरूको अनुभव आदानप्रदान गर्ने ।
४ जिल्लामा कसरी खाद्य सुरक्षा सञ्जालले खाद्य सुरक्षा अनुगमनलाई सहज बनाउन सक्दछ? भन्ने कुराको छलफल चलाउने । खाद्य सुरक्षा सञ्जालको महत्त्व (**स्लाइड नं. ९**) प्रस्तुत गर्ने ।

### सहजकर्तालाई जानकारी

खाद्य सुरक्षा अनुगमनका लागि जिल्ला सञ्जालको संरचनागत व्यवस्थाबारे जानकारी दिने । हालसम्म दुईप्रकारका संरचनागत व्यवस्था भएको १) जिल्ला विकास समिति अन्तरगतको विस्तारित जिल्ला कृषि विकास समिति र २) जिल्ला सरोकारवालाहरूलाई प्रतिनिधित्त्व गरेर निर्मित गरिने जिल्ला खाद्य सुरक्षा सञ्जाल ।

## विषयवस्तु ३: खाद्य सुरक्षा सञ्जाल, कार्यसमूह तथा सञ्जालका सदस्यहरूको भूमिकाको पहिचान

### चरणहरू

१ खाद्य सुरक्षा सञ्जाल अन्तरगत खाद्य सुरक्षा सञ्जालको कामलाई छरितो बनाउन, एक कार्यसमूहको व्यवस्था गरिएको कुरा बताउने ।
२ जिल्लाको खाद्य सुरक्षा अनुगमनमा कार्यसमूहले कसरी प्रभावकारी भूमिका खेल्न सक्छ भन्ने कुरा प्रस्ट पार्ने ।
३ सहभागीलाई खाद्य सुरक्षा सञ्जाल, कार्यरत समूह र सञ्जालका सदस्यहरूको भूमिकाबारे छलफल गर्न लागेको कुरा बताउने ।

४ सहभागीहरूलाई खाद्य सुरक्षा सञ्जालको भूमिकाहरूका बारेमा सोच्न भन्ने र भूमिकाहरूको एउटा सूची आ-आफ्नो नोट बुकमा तयार गर्न भन्ने ।
५ पहिचान गरिएका भूमिकाहरू केके छन् ? सहभागीलाई एक एक गरेर भन्न लगाउने ।
६ अब सहभागीहरूलाई कार्यसमूहको भूमिकाको सूचीबारे छुट्टै पानामा सूची तयार पार्न लगाउने ।
७ एकपटक सूची तयार पारिसकेपछि र पुनरावलोकन गरिएपछि खाद्य सुरक्षा सञ्जाल, कार्यसमूह र खाद्य सुरक्षा सञ्जालका सरोकारवाला संस्थाहरूका लागि तयार पारिएको भूमिका (**स्लाइड नं. १०, ११ र १२**) प्रस्तुत गर्ने ।
८ विभिन्न समूहहरू र संस्थाहरूद्वारा खेलिनुपर्ने भूमिकाको निष्कर्ष निकाल्ने ।

## सारांश तथा मूल्याङ्कन

जिल्ला खाद्य सुरक्षा सञ्जालको विभिन्न खाले संरचनाबारे छलफल गर्‍यौं, यो प्रमुख रूपमा दुईवटा संरचना क्रमशः जिल्ला कृषि विकास समितिको विस्तारित रूप र जिल्ला खाद्य सुरक्षा सञ्जाल रहेको कुरा बताउने । यसका साथै जिल्ला खाद्य सुरक्षा सञ्जाल, कार्यसमूह र सरोकारवालाको भूमिकामा पनि छलफल गर्‍यौं भन्दै, सत्रको अन्त गर्ने ।

परामर्श गोष्ठी

सत्र ५

# ४.६ जिल्ला खाद्य सुरक्षा सञ्जालको संरचनागत व्यवस्था

## उद्देश्यहरू

यो सत्रको अन्तमा सहभागीहरूले :
१ आफ्नो जिल्लाको लागि खाद्य सुरक्षा सञ्जालको उपयुक्त संरचनागत व्यवस्थाबारे निर्णय गर्न सक्नेछन् ।
२ खाद्य सुरक्षा सञ्जालका सदस्य तथा कार्यसमूहको चयन गर्नेछन् ।
३ औपचारिक रूपमा जिल्ला खाद्य सुरक्षा सञ्जाल निर्माण गर्नेछन् ।

| समय | विधि | सामग्रीहरु |
|---|---|---|
| ४५ मिनेट | • मस्तिष्क मन्थन | • न्युजप्रिन्ट<br>• मार्करहरु |

## विषयवस्तु १: जिल्ला खाद्य सुरक्षा सञ्जालको संरचना

### चरणहरू

1. हामीहरू गोष्ठीको ज्यादै महत्त्वपूर्ण चरणमा छौं भन्ने । खाद्य सुरक्षा सञ्जालसम्बन्धी प्रारम्भिक छलफल सत्र ४ लाई सम्बन्धित गराउँदै कसरी हामीहरू एक खाद्य सुरक्षा अनुगमनको कस्तो संरचनागत व्यवस्था गर्नसक्छौं, भन्नेबारेमा सहभागीलाई छलफल गर्न विनम्र अनुरोध गर्ने ।
2. हाम्रो जिल्लाको सन्दर्भमा के कस्तो संरचना उचित हुन्छ? योबारेमा सोध्ने । सबै सहभागीहरूलाई प्रस्तावित संरचनामाथि आफ्ना दृष्टिकोण र विचारहरू व्यक्त गर्न आग्रह गर्ने ।
3. निष्कर्षमा पुग्नको लागि छलफललाई सहजीकरण गर्ने ।

## विषयवस्तु २: जिल्ला खाद्य सुरक्षा सञ्जालका सदस्य तथा कार्यसमूहको चयन

### चरणहरू

1. संरचनागत विषयमा निर्णय गरेपछि खाद्य सुरक्षा सञ्जालमा समावेश गरिनुपर्ने आवश्यक संस्था/सरोकारवालाहरूको सूची पत्ता लगाउन सहयोग गर्ने ।
2. खाद्य सुरक्षाका संस्था/सरोकारवालाहरूको सूची बनाउन सहयोग गर्नका लागि खाद्य सुरक्षा अनुगमन समावेश गरिएका सन्दर्भ सूचकहरू (**स्लाइड नं. ६ र ७**) प्रस्तुत गर्ने । यसले जिल्ला खाद्य सुरक्षा अनुगमनका लागि सान्दर्भिक सरोकारवाला पहिचान गर्न मद्दत गर्नेछ । सरोकारवाला पहिचान भैसकेपछि हरेक सरोकारवाला संस्थाबाट, सम्पर्क व्यक्ति पहिचान गर्ने ।
3. जिल्ला खाद्य सुरक्षा सञ्जाल निर्माण भैसकेपछि अब सञ्जालको अध्यक्ष वा सभापति चयन गर्नुपर्ने कुरा बताउने (जिल्लामा खाद्य सुरक्षा अनुगमनका लागि कृषि विकास समितिको विस्तारित रूपबाट नै खाद्य सुरक्षा अनुगमन गर्ने निर्णय भएको सन्दर्भमा चयन गर्न नपर्ने, किनकि सो समितिमा सभापति र सदस्य-सचिवको व्यवस्था भैसकेको हुन्छ) र चयन गर्ने । त्यसैगरी सदस्य सचिवको चयन गर्ने ।
4. यस पश्चात् सञ्जालको कार्यलाई छरितो बनाउन एक कार्यसमूह बनाउन प्रस्ताव गर्ने र सञ्जालको सदस्यमध्येबाट ९-११ जना रहनेगरी कार्यसमूह निर्माण गर्ने र उक्त कार्यसमूहको पनि अध्यक्ष/सभापति र सदस्य-सचिव निर्धारण गर्ने ।

## सारांश तथा मूल्याङ्कन

जिल्ला खाद्य सुरक्षा अनुगमनलाई व्यवस्थित रूपमा सञ्चालन गर्न, जिल्लाका संरचना निर्माण गर्नुभएकोमा बधाई दिदै, सत्रको अन्त गर्ने ।

# ४.८ गोष्ठीको समापन

## उद्देश्यहरू

यो सत्रको अन्तमा सहभागीहरूले :

1. सहभागीका आफ्ना समस्या र जिज्ञासाहरू केही भए, सम्बोधन गरेका हुनेछन् ।
2. खाद्य सुरक्षा अनुगमनका लागि आगामी योजना, बताउन सक्नेछन् ।
3. जिल्लामा खाद्य सुरक्षा अनुगमन र विश्लेषणप्रणालीको कार्यान्वियनका लागि समय र सञ्चालनको प्रतिबद्धता व्यक्त गरेका हुनेछन् ।

| अवधि | विधि | सामग्रीहरु |
|---|---|---|
| १० मिनेट | वक्तव्य | • न्युजप्रिन्ट<br>• मार्करहरु |

## विषयवस्तु १: परामर्श गोष्ठीको समापन

### चरणहरू

1. सहभागीहरूलाई हामीहरू परामर्श गोष्ठीको अन्तिम चरणमा छौं भन्ने, साथै एक वा दुई जना सहभागीहरूलाई जिल्ला खाद्य सुरक्षा अनुगमन प्रक्रियामाथि आफ्ना विचार व्यक्त गर्न अनुरोध गर्ने ।
2. सहभागीहरूको विचारका लागि धन्यवाद दिने ।
3. त्यसपछि मुख्य व्यक्ति, संयोजकलाई विचारहरू राख्न भन्ने र विचारका लागि धन्यवाद दिने ।

## विषयवस्तु २: जिल्लामा खाद्य सुरक्षा अनुगमनका लागि क्षमता अभिवृद्धिका चरणहरू

### चरणहरू

1. सहजकर्ताले जिल्ला खाद्य सुरक्षा सञ्जालको कार्य प्रभावकारिता बढाउन विभिन्न तालिम, कार्यगत सहयोग तथा अन्य व्यवस्थाबारे जानकारी उपलब्ध गराउने ।
2. आगामी कार्ययोजनाहरूका साथै सबै अतिथि र सहभागीहरूलाई परामर्श गोष्ठीमा प्रस्तुत चाख र समयको लागि प्रशंसा गर्ने, (जस्तै संयोजक, जसले जिल्लामा कार्यक्रम सफलतापूर्वक अगाडि बढाउनका लागि सहयोग गरे) जिल्लामा खाद्य सुरक्षा अनुगमन कार्यक्रम सञ्चालनका लागि खाद्य सुरक्षा सञ्जाललाई आवश्यक सहयोगहरू उपलब्ध भइनै रहने कुरा बताउँदै, र सहभागीहरू र अतिथिहरूद्वारा व्यक्त विचार र गोष्ठीको अवधिभरि उठाईएका केही सम्बन्धित जिज्ञासाहरू भए सम्बोधन गर्ने ।
3. अन्तमा मुख्य अतिथि, सभापतिलाई समापन वक्तव्यको लागि आग्रह गर्ने ।

### *सारांश तथा मूल्याङ्कन*

विशेष अतिथि वा विशिष्ट व्यक्तिको समापन मन्तव्यसहित, गोष्ठीको अन्त गर्ने ।

## ४.८ सन्दर्भ–सामग्री १: बैठक निर्णयको नमुना

आज मिति ............. साल ......... महिना ....... गतेका दिन स्थानीय विकास अधिकारी/प्रमुख जिल्ला अधिकारी श्री ............................................ ज्यू को अध्यक्षतामा खाद्य सुरक्षासम्बन्धी बसेको बैठकमा तपसिलको उपस्थितिमा निम्नबमोजिमका निर्णयहरू भए,

### *उपस्थिति*

| क.सं. | नाम | कार्यालय | पद | सम्पर्क फोन नः | हस्ताक्षर |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

### *छलफलका प्रस्तावहरू*

१. खाद्य सुरक्षा अनुगमनबारे ।
२. जिल्ला खाद्य सुरक्षा अनुगमनको संरचनाबारे ।
३. जिल्ला खाद्य सुरक्षा अनुगमन प्रक्रियाबारे ।

### *निर्णयहरू*

१. खाद्य सुरक्षा अनुगमन प्रणालीबारे जानकारी आदानप्रदान भयो । यस जिल्लामा पनि खाद्य सुरक्षा अनुगमनको आवश्यकताबारे छलफल भयो ।
२. जिल्लाको खाद्य सुरक्षा अनुगमनको महत्त्वलाई मध्यनजर गर्दा, यस जिल्लामा पनि अनुगमनको संरचनाबारे यस प्रस्ताव उपर छलफल हुँदा, निम्न सरोकारवाला संस्थाहरू सदस्य रहने एक जिल्ला खाद्य सुरक्षा सञ्जाल गठन गर्ने निर्णय भयो । यसका साथै ...................लाई सञ्जालको संयोजक/अध्यक्ष र ................................ लाई सदस्य–सचिवका रूपमा मनोनयन गर्ने निर्णय गरियो ।

| संस्था/कार्यालय | सम्पर्क व्यक्ति | सम्पर्क फोन नं. |
|---|---|---|
| १. नेपाल रेडक्रस सोसाइटी | श्री/श्रीमती/सुश्री | |
| २. जिल्ला कृषि विकास कार्यालय | श्री/श्रीमती/सुश्री | |
| ३. जिल्ला प्रशासन कार्यालय | श्री/श्रीमती/सुश्री | |
| ४. अन्य तोकिएका सदस्य संस्थाहरू उल्लेख गर्ने । | | |

३. जिल्ला खाद्य सुरक्षा अनुगमन प्रक्रियाबारे : यस प्रस्ताव उपर छलफलहुँदा, जिल्ला खाद्य सुरक्षा अनुगमन प्रक्रियालाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि समन्वय तथा सहयोग गर्न निम्न संस्था सदस्य रहनेगरी एक कार्यसमूह (Working Group) गठन गर्ने निर्णय गरियो ।

| संस्था/कार्यालय | सम्पर्क व्यक्ति | सम्पर्क फोन नं. |
|---|---|---|
| १. | | |
| २. | | |

## ४.१ परामर्श गोष्ठीका लागि स्लाइडहरू

१

# जिल्ला खाद्य सुरक्षा सञ्जालको स्थापना

# परामर्श गोष्ठी

२

### उद्देश्यहरू

*गोष्ठीको अन्तसम्ममा सहभागीहरू*

- खाद्य सुरक्षा तथा खाद्य सुरक्षा अनुगमनका अवधारणाबारे बताउन सक्नेछन् ।
- राष्ट्रियस्तरमा खाद्य सुरक्षा अनुगमन प्रक्रियाबारे बताउन सक्नेछन् ।
- अन्य जिल्लामा खाद्य सुरक्षा अनुगमनमा, खाद्य सुरक्षा सञ्जालले खेलेका सकारात्मक भूमिकाबारे सूचित हुनेछन् ।
- खाद्य सुरक्षा सञ्जालका विभिन्न संरचनागत व्यवस्थाबारे बताउन सक्नेछन् ।
- जिल्ला खाद्य सुरक्षा अनुगमनमा खाद्य सुरक्षा सञ्जाल, कार्यसमूह तथा सञ्जालका सदस्यहरूको भूमिकाबारे बताउन सक्नेछन् ।
- आफ्नो जिल्लाको लागि खाद्य सुरक्षा सञ्जालको उपयुक्त संरचनागत व्यवस्थाबारे निर्णय गर्न सक्नेछन् ।
- खाद्य सुरक्षा सञ्जालका सदस्य तथा कार्यसमूहको चयन गर्नेछन् ।
- जिल्लामा खाद्य सुरक्षा अनुगमनका लागि क्षमता अभिवृद्धिका आगामी चरणहरूबारे सहमति निर्माण गर्नेछन् ।

३

### विषयवस्तु

| सत्र | समय (मि.) | विषयवस्तु |
|---|---|---|
| १ | ३० | **स्वागत, शुभारम्भ र परिचय** |
| २ | १० | **गोष्ठीका उद्देश्यहरु र विषयवस्तु** |
| ३ | ३० | **खाद्य सुरक्षा र खाद्य सुरक्षा अनुगमनबारे परिचय** |
| ४ | ३० | **जिल्ला खाद्य सुरक्षा सञ्जाल** |
| ५ | ४५ | **जिल्ला खाद्य सुरक्षा सञ्जालको संरचनागत व्यवस्था** |
| ६ | १० | **गोष्ठीको समापन** |

४

# नेपालको खाद्य असुरक्षाको स्थिति

- नेपालमा पाँच वर्षमुनिका ३९ प्रतिशत बच्चाहरु विपोषित (undernourished) छन् ।
- नेपालको आधाजति (४९ प्रतिशत) बालबच्चाहरु पुड्का छन् ।
- २० प्रतिशत अति गरिब जनताले उनीहरूको आयको ७३ प्रतिशत जति आम्दानी खाद्यान्नमा खर्च गर्दछन् ।
- नेपालको तथ्याङ्क विभागका अनुसार नेपालको ७५ मध्ये ४५ जिल्ला जनसंख्याको आधारभूत क्यालोरी आवश्यकता पूर्ति हेतु, पर्याप्त खाद्यान्न उत्पादन गर्न असक्षम छन् ।
- नेपालको असी लाख मानिसहरु गरिबीको रेखामुनि छन् (प्रतिदिन १ अमेरीकी डलरभन्दा कम खर्चमा बांचिरहेका छन्) ।

५

# खाद्य असुरक्षाको प्रकृतिः अवधि र गम्भीरता

## *दीर्घकालीन खाद्य असुरक्षा*

- लामो अवधिसम्म निरन्तर रूपमा न्यूनतम खाद्य उपभोगको आवश्यकतालाई पूरा गर्न असक्षम हुनु हो
- सामान्यतया वर्षमा कम्तीमा ६ महिनासम्म खाद्य असुरक्षा रहेमा

## *अस्थायी खाद्य असुरक्षा,*

- छोटो अवधिसम्म मात्र वा अस्थायी रूपमा न्यूनतम खाद्य उपभोगको आवश्यकतालाई पूरा गर्न असक्षम हुनु हो ।
- सामान्यतया यदाकदा आउने सङ्कटहरूका कारणले छोटो अवधिका लागि हुने खाद्य असुरक्षालाई अस्थायी खाद्य असुरक्षा भन्न सकिन्छ ।

## *गम्भीरता*

- खाद्य असुरक्षाको विश्लेषण गर्दा, मानिसहरूले भोगेका समस्याहरूको अवधि जान्नु मात्र पर्याप्त हुँदैन । तर समग्र खाद्य र पोषणको स्थितिमा पहिचान गरिएको समस्याको प्रभाव कत्तिको तीव्र वा गम्भीर छ, भन्ने कुरा पनि जान्नु आवश्यक छ ।

६

# खाद्य सुरक्षा अनुगमनका सूचकहरू

- अन्न बाली उत्पादन/अवस्था,
- घरधुरीहरूमा खाद्य सञ्चयको अवस्था,
- प्रमुख बजारमा मुख्य खाद्यान्नको सञ्चय
- जिल्लाभित्र ज्यालादारी रोजगारीको अवसर,
- गैरकाष्ठ वन पैदावार, नगदेवाली र अन्य कृषिजन्य उत्पादनहरूको बिक्री,
- चामलको बजारभाउ,

७

## खाद्य सुरक्षा अनुगमनका सूचकहरू

- प्राकृतिक प्रकोप
- वसाइसराइ
- निर्वाह पद्धति (Coping)
- बालबालिकाहरूमा (५ वर्षमुनिका ) कुपोषणको अवस्था
- रोगव्याधि
- नागरिक सुरक्षा

८

## खाद्य सुरक्षा अनुगमनको महत्त्व

- यसले समाधान गरिनुपर्ने समस्याहरूको स्पष्ट चित्रण गर्दछ ।
- प्रभावकारी लक्षित कार्यक्रमहरूको योजना निर्माणमा सहयोग पुऱ्याउँछ ।
- मुख्य सरोकारवालाहरूका बीचमा खाद्य सुरक्षासँग सम्बन्धित समस्या हरूलगायत त्यसको कारण र समाधानहरु समेतको स्थानीय सहमति निर्माण गर्छ ।
- प्रयासहरू नदोहोरीओस् भनेर जिल्लाका सरोकारवालाहरूका बीचमा समन्वयमा सुधार गर्दछ ।
- नेपाल सरकारलाई आपत्कालीन स्थिति वा संभावित स्थानीय अवस्थाबारे जानकारी गराउँछ ।
- तथ्याङ्क तयारी हालतमा हुनेहुनाले आपत्कालीन स्थितिमा उपयुक्त कदमको योजना बनाउन छिटो पहलकदमीको लागि सहयोग पुऱ्याउँछ ।
- अनुदानित वा आपत्कालीन खाद्य भण्डारको व्यवस्थापनमा प्रभावकारी सहयोग गर्दछ ।
- दातृ समुदाय, मानवीय सहयोग तथा विकास निकायलाई सङ्कलित सूचनाद्वारा जिल्लाको अवस्थाको बारेमा ध्यानाकर्षण गराउने प्रयासमा सहयोगी हुन्छ ।
- अनुगमन, विश्लेषण र कार्यक्रम निर्माणको परिप्रेक्षमा स्थानीय क्षमता बलियो बनाउँछ ।
- तथ्याङ्क सङ्कलनको तालमेलले जानकारी सङ्कलन दरिलो बनाई, प्रभावकारी रूपमा समय र स्रोतसमेत बचाउँछ ।

९

## जिल्ला खाद्य सुरक्षा सञ्जालको मह व

- खाद्य सुरक्षाको सन्दर्भमा जोखिम समूहको पहिचान ।
- कार्यक्रमको प्राथमिकता तोक्न सहयोग पुग्ने ।
- जिल्ला स्थित निकायहरूका लागि जानकारी सङ्कलन ।
- खाद्य सुरक्षाबारेको जानकारी आदानप्रदान र समन्वयमा प्रभावकारिता बढ्ने ।
- जिल्लाको अन्य विकास निर्माण कामका लागि पनि उपयोगी जानकारी प्राप्त हुने ।

१०

## जिल्ला खाद्य सुरक्षा सञ्जालको कार्यहरू

- त्रैमासिक रूपमा जिल्लाको गाविस स्तरमा खाद्य सुरक्षाको अवस्था अनुगमन गर्ने ।
- खाद्य सुरक्षाको अवस्थाबारे जनचेतना बढाउने ।
- जिल्लाको खाद्य सुरक्षाको अवस्थाबारे जानकारी आदानप्रदान गर्ने ।
- संयुक्त रूपमा जिल्लाको खाद्य सुरक्षा स्थितिको चरण निर्धारण गर्ने ।

११

## कार्यसमूहका (Working Group) कार्यहरू

- जिल्ला खाद्य सुरक्षा सञ्जालका सदस्यहरूद्वारा तथ्याङ्क सङ्कलन गर्ने कुराको सुनिश्चित गर्ने ।
- सङ्कलित जानकारी सम्पादन गर्ने र जानकारीहरु दुरूस्त (consistent) भएको सुनिश्चित गर्ने ।
- सञ्जालका सदस्यहरूलाई जानकारी सङ्कलन गर्न प्राविधिक सहयोग गर्ने ।
- सञ्जालको बैठक आव्हान तथा सहजीकरण गर्ने ।
- तोकिएका तालिकामा जानकारी संपादन गर्ने
- जानकारीहरु केन्द्रीय विश्लेषण एकाइ काठमाडौँमा पठाउने ।
- खाद्य सुरक्षाको चरण ३, ४ र ५ मा कति घरधुरी पर्छन् ? सोको निर्धारण गर्ने ।

१२

## सरोकारवाला संस्थाहरूका कार्यहरू

- सम्पर्क व्यक्ति (Focal Person) को निर्धारण ।
- खाद्य सुरक्षाबारेका जानकारी र तथ्याङ्क सङ्कलन वा आदानप्रदान गर्ने ।
- निर्धारित सम्पर्क व्यक्ति (Focal Person) को बैठकमा सहभागिताको सुनिश्चित गर्ने ।
- खाद्य सुरक्षा जानकारी आदानप्रदान फाराममा जानकारी सङ्कलन गर्ने ।



५

दोस्रो खण्ड

# जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमनबारे सैद्धान्तिक तालिम

## उद्देश्य

खाद्य सुरक्षा सञ्जालका सदस्यहरूलाई खाद्य सुरक्षाको सैद्धान्तिक पक्षहरूमा ज्ञानको अभिवृद्धि र जिल्लामा खाद्य सुरक्षा अनुगमन प्रक्रिया कार्यान्वयन गर्न प्रतिबद्धताको सुनिश्चित गर्नु रहेको छ ।

यो तालिमको अन्तसम्ममा सहभागीहरु,

१ खाद्य सुरक्षाको विस्तृत परिभाषा तथा खाद्य सुरक्षाका चार आयामबारे बताउन सक्नेछन् ।

२ खाद्य असुरक्षाको प्रकृतिबारे प्रस्ट हुनेछन् ।

३ नेपालको खाद्य असुरक्षाको सन्दर्भमा जिल्लाको खाद्य सुरक्षाको स्थिति विवेचना गर्न सक्नेछन् ।

४ खाद्य असुरक्षाको सन्दर्भमा नेपाल सरकारको राष्ट्रिय नीति तथा हालसम्म भए गरेका वा हाल सन्चालित पहलहरूबारे बताउन सक्नेछन् ।

५ खाद्य सुरक्षा अनुगमनको महत्त्व बताउन सक्नेछन् ।

६ खाद्य सुरक्षा अनुगमनको राष्ट्रियस्तरको संरचनागत व्यवस्थाबारे प्रस्ट हुनेछन् ।

७ खाद्य सुरक्षा अनुगमनमा प्रयोग हुने विश्लेषणात्मक औजारहरूबारे बताउन सक्नेछन् ।

८ समग्र खाद्य सुरक्षा अनुगमनको कार्यान्वयन प्रक्रियाबारे बताउन सक्नेछन् ।

# ५.१ सैद्धान्तिक तालिमका विषयवस्तु

| सत्र | समय (मिनेट) | विषयवस्तु |
|---|---|---|
| १ | ४५ | **परिचय र तालिमको उद्देश्य**<br>• तालिमको शुरूवात र परिचय<br>• तालिमको उद्देश्य<br>• तालिमको विषयवस्तु |
| २ | ७५ | **खाद्य सुरक्षाको अवधारणा र खाद्य सुरक्षा अनुगमनबारे परिचय**<br>• खाद्य सुरक्षाको परिभाषा<br>• खाद्य सुरक्षाका चार आयामहरु<br>• खाद्य असुरक्षाको प्रकृति<br>• नेपालका खाद्य असुरक्षाको स्थिति<br>• राष्ट्रिय पहलः नेपाल सरकारको योजना तथा नीति<br>• खाद्य सुरक्षा अनुगमनको महत्त्व |
| ३ | ९० | **नेपालमा खाद्य सुरक्षा अनुगमन प्रणाली**<br>• नेपालमा खाद्य सुरक्षा अनुगमन प्रणाली संरचनागत व्यवस्था<br>• जिल्ला खाद्य सुरक्षा सञ्जालको भूमिका<br>• जिल्ला खाद्य सुरक्षा अनुगमनमा प्रयोग हुने विश्लेषणात्मक औजारहरु<br>  ◆ खाद्य सुरक्षा सन्दर्भ तालिका<br>  ◆ खाद्य सुरक्षा विश्लेषण तालिका<br>  ◆ खाद्य सुरक्षा संश्लेषण तालिका<br>  ◆ खाद्य सुरक्षा चरण वर्गीकृत नक्सा |
| ४ | ३० | **जिल्ला खाद्य सुरक्षा अनुगमन प्रक्रिया र समय तालिका**<br>• जिल्ला खाद्य सुरक्षा अनुगमन प्रक्रियाको समीक्षा<br>• त्रैमासिक खाद्य सुरक्षा अनुगमन समय तालिका |
| ५ | ३० | **तालिमको समापन** |

## ५.२ पाठ्यक्रम

**सहभागीहरूको संख्या** लगभग २५ जना
**अवधि** ३० मिनेट

| सत्र | मूल विषयवस्तु | सत्रको उद्देश्य | विषयवस्तु | समय (मिनेट) | विधि | सामग्रीहरु |
|---|---|---|---|---|---|---|
| १. | परिचय र तालिमको उद्देश्य | यो सत्रको अन्त्यमा सहभागीहरु<br>• एक आपसमा परिचित हुनेछन् ।<br>• आपसमा सूचना आदानप्रदान गर्न र सिक्नलाई एक अनुकूल वातावरण निर्माण गरेका हुनेछन् ।<br>• सहजकर्ताहरु र सहभागीहरूबीच एक मित्रतापूर्ण सम्बन्धको निर्माण गरेका हुनेछन् ।<br>• तालिमको उद्देश्यहरु र तालिमको विषयवस्तुबारे बताउन सक्नेछन् । | • तालिमको शुरूवात र परिचय<br>• तालिमको उद्देश्य<br>• तालिमको विषयवस्तु | ४५ | • प्रस्तुति | • न्युजप्रिन्ट र मार्कर<br>• कार्यक्रमको ब्यानर<br>• स्लाइडहरु<br>◆ तालिमको उद्देश्य<br>◆ विषयवस्तु |
| २. | खाद्य सुरक्षाको अवधारणा र खाद्य सुरक्षा अनुगमनबारे परिचय | यो सत्रको अन्त्यमा सहभागीहरु<br>• खाद्य सुरक्षा परिभाषा बताउन सक्नेछन् ।<br>• खाद्य सुरक्षाको चार आयामहरूबारे बताउन सक्नेछन् ।<br>• खाद्य असुरक्षाको प्रकृतिबारे बताउन सक्नेछन् ।<br>• नेपालको खाद्य असुरक्षाको स्थितिबारे बताउन सक्नेछन् ।<br>• नेपाल सरकारको खाद्य सुरक्षाबारेका नीति तथा कार्यक्रमबारे बताउन सक्नेछन् ।<br>• खाद्य सुरक्षा अनुगमनको महत्त्वबारे बताउन सक्नेछन् । | • खाद्य सुरक्षाको परिभाषा<br>• खाद्य सुरक्षाका चार आयामहरु<br>• खाद्य असुरक्षाको प्रकृति<br>• नेपालको खाद्य असुरक्षाको स्थिति<br>• राष्ट्रिय पहलः नेपाल सरकारको योजना तथा नीति<br>• खाद्य सुरक्षा अनुगमनको महत्त्व | ७५ | • मस्तिष्क मंथन<br>• प्रस्तुति<br>• घटना अध्ययन<br>• समूहकार्य | • न्युजप्रिन्ट<br>• मार्करहरु<br>• घटना अध्ययनका प्रतिहरु<br>• स्लाइडहरु<br>◆ खाद्य सुरक्षाका आयाम<br>◆ खाद्य असुरक्षाको प्रकृति<br>◆ नेपालको खाद्य असुरक्षाको स्थिति<br>◆ नेपाल सरकारको खाद्य सुरक्षाबारेको नीति तथा कार्यक्रम<br>◆ खाद्य सुरक्षा अनुगमनको महत्त्व |

| सत्र | मूल विषयवस्तु | सत्रको उद्देश्य | विषयवस्तु | समय (मिनेट) | विधि | सामग्रीहरु |
|---|---|---|---|---|---|---|
| ३. | नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली | यो सत्रको अन्त्यमा सहभागीहरु<br>• नेपालमा खाद्य सुरक्षा अनुगमनको राष्ट्रिय संरचनागत व्यवस्थाबारे बताउन सक्नेछन् ।<br>• खाद्य सुरक्षा अनुगमनका विश्लेषणात्मक औजारबारे परिचित हुनेछन् ।<br>• समग्र खाद्य सुरक्षा अनुगमन प्रक्रियाबारे बताउन सक्नेछन् । | • नेपालमा खाद्य सुरक्षा अनुगमन प्रणाली संरचनागत व्यवस्था<br>• जिल्ला खाद्य सुरक्षा सञ्जालको भूमिका<br>• जिल्ला खाद्य सुरक्षा अनुगमनमा प्रयोग हुने विश्लेषणात्मक औजारहरु<br>◆ खाद्य सुरक्षा सन्दर्भ तालिका<br>◆ खाद्य सुरक्षा विश्लेषण तालिका<br>◆ खाद्य सुरक्षा संश्लेषण तालिका<br>◆ खाद्य सुरक्षा चरण नक्सा | ९० | • प्रस्तुति<br>• मस्तिष्क मंथन<br>• समूह छलफल | • न्युजप्रिन्ट<br>• मार्करहरु<br>• स्लाइडहरु<br>◆ सञ्जालको भूमिका<br>◆ सन्दर्भ तालिका<br>◆ विश्लेषण तालिका<br>◆ संश्लेषण तालिका<br>◆ खाद्य सुरक्षा नक्सा |
| ४ | जिल्ला खाद्य सुरक्षा अनुगमन प्रक्रिया र समय तालिका | यो सत्रको अन्त्यमा सहभागीहरु<br>• जिल्ला खाद्य सुरक्षा अनुगमन प्रक्रियाबारे बताउन सक्नेछन् ।<br>• त्रैमासिक खाद्य सुरक्षा अनुगमनको समय तालिकाबारे बताउन सक्नेछन् । | • जिल्ला खाद्य सुरक्षा अनुगमन प्रक्रियाको समीक्षा<br>• त्रैमासिक खाद्य सुरक्षा अनुगमन समय तालिका | ३० | • प्रस्तुति | • न्युजप्रिन्ट<br>• मार्करहरु<br>• स्लाइडहरु<br>◆ जिल्ला खाद्य सुरक्षा अनुगमनचक्र<br>◆ अनुगमनको समय तालिका |
| ५ | तालिमको समापन | यो सत्रको अन्त्य सम्ममा<br>• सहभागीका जिज्ञासाहरु सम्बोधन हुनेछन् ।<br>• सहभागीहरुले तालिमका उद्देश्यहरु पूरा भए नभएकोबारे बताउन सक्नेछन् ।<br>• सहभागीहरुले तालिमको मूल्याङ्कन गरेका हुनेछन् ।<br>• जिल्लामा खाद्य सुरक्षा अनुगमनका लागि समय र प्रतिबद्धताहरु व्यक्त गरेका हुनेछन् । | • तालिमको पुनरावलोकन<br>• तालिमको समापन | ३० | • प्रस्तुति | • तालिमको उद्देश्यहरु |

# ५.३ परिचय र तालिमको उद्देश्य

## उद्देश्यहरू

यो सत्रको अन्तमा सहभागीहरूले :

1. एक आपसमा परिचित हुनेछन् ।
2. आपसमा सूचना आदानप्रदान गर्न र सिक्नलाई एक अनुकूल वातावरण निर्माण गरेका हुनेछन् ।
3. सहजकर्ताहरू र सहभागीहरू बीच एक मित्रतापूर्ण सम्बन्धको निर्माण गरेका हुनेछन् ।
4. तालिमको उद्देश्यहरू र तालिमको विषयवस्तुबारे बताउन सक्नेछन् ।

| अवधि | विधि | सामग्रीहरु |
|---|---|---|
| ४५ मिनेट | • प्रस्तुति<br>• खेलहरु | • न्युजप्रिन्ट<br>• उद्देश्य र विषयवस्तुका प्रतिहरु |

## *विषयवस्तु १ : स्वागत र परिचय*

### चरणहरू

1. सहभागीहरूलाई अभिवादन गर्दै तालिममा स्वागत गर्ने ।
2. आयोजकलाई तालिममा उपस्थित सहभागी र अतिथिहरूलाई स्वागत गर्न भन्ने । जिल्लामा दरिलो खाद्य सुरक्षा अनुगमन प्रणालीको थालनीका लागि सहभागीहरूको चाख र सहभागीताले महत्त्वपूर्ण योगदान दिनसक्छ र त्यसले जिल्लामा खाद्य सुरक्षा सुनिश्चतताको लागि सहयोगीसमेत हुन्छ भन्ने कुरालाई महत्त्व दिने ।
3. यदि तालिम एक औपचारिक रूपमा शुरू गर्ने योजना छ भने, विशिष्ट कर्मचारी/अतिथिलाई तालिमको लागि उनको मन्तव्य र भनाइहरू व्यक्त गर्न भन्ने ।
4. शुभारम्भ सत्रको समाप्तिपछि तालिम सत्रको परिचयात्मक कार्यक्रमलाई अगाडि बढाउन, अनुमति माग्ने ।

### *सहजकर्तालाई जानकारी*

एक औपचारिक प्रारम्भले तालिमको महत्त्व दर्शाउँछ । कार्यक्रमको महत्त्व र औपचारिक प्रतिबद्धता लिनको लागि औपचारिक शुभारम्भ सत्रको आयोजना गरिने गरिन्छ । वरिष्ठता हेरी, एक वरिष्ठ अधिकारीलाई शुभारम्भ सत्रको लागि सभापतित्व वा अध्यक्षताको लागि अनुरोध गर्ने । समारोहमा विशेष सहभागी वक्ताले, सहभागीहरूलाई खाद्य सुरक्षा सञ्जालमा उनीहरूको काम महत्त्वपूर्ण हुन्छ भन्ने सन्देश पठाउँदा, प्रतिबद्धता बढ्छ । शुभारम्भ सत्र सकेसम्म छोटो बनाउने कुरामा निश्चित हुने । यसका लागि सम्बन्धित व्यक्ति (जस्तै कृ.वि.अ. स्था.वि.अ. जसले जिल्लामा तालिमलाई संयोजन गरिरहेका छन्) सँगको राय बमोजिम निर्णय गर्न सकिन्छ । वक्ताहरूले सहभागीहरूलाई सम्बोधन गरिसकेपछि, तालिमको शुभारम्भ सत्रमा सहभागिताको लागि सहभागीहरूलाई धन्यवाद दिने ।

परिचयात्मक सत्रको सन्दर्भमा कृपया स्थानीय परिस्थिति (सहभागीहरु, समय र सजिलोपन) मा आधारित रहेर सुहाउँदो विधि छान्नुहोला । नाम, पद, काम गर्ने कार्यालय र केही महत्त्वपूर्ण अनुभव, खाद्य सुरक्षासँग सम्बन्धित उल्लेखनीय घटनाहरु उल्लेख गरेर, परिचयको सरल विधि प्रयोग गर्न सकिन्छ ।

परिचयको लागि अन्य केही विधिहरु:

- सहभागीहरूलाई जोडीहरु बनाउन भन्ने र उनीहरूको नाम, संगठन, तह, खाद्य सुरक्षासँग सम्बन्धित रमाइला र उल्लेखनीय घटनाका बारेमा जोडीहरूबाट सूचना लिनको लागि ५ मिनेट समय उपलब्ध गराउने । एकचोटि सबै सहभागीहरूले तिनिहरूका जानकारी आदान-प्रदान गर्ने काम गरिसकेपछि, जोडीमा परिचय गर्न भन्ने । जस्तै : एउटा जोडी साथीले, उसको अर्को साथीको परिचय दिनेछ ।
- आफ्नो परिचय दिँदा आफ्नो नामसँग शुरू हुने पहिलो अक्षरसँग एउटा विशेषण शब्दलाई समावेश गरेर परिचय शुरू गर्ने । उदाहरणका लागि हरि नाम भएको व्यक्तिले, हँसिलो (विशेषण), हरिप्रसाद शर्मा, ......अधिकृत, ......जिल्ला भनेर परिचय गर्न सकिने । आवश्यक भए २ मिनेट तयारीका लागि समय दिने । सहभागीहरूलाई, यो परिचयको प्रक्रिया सजिलो बनाउन, सहजकर्ताले आफ्नो परिचयबाट शुरू गर्ने । सहजकर्ताले परिचय गरेको जस्तै शैलीमा, अरु सहभागीहरूलाई आफ्नो परिचय दिन भन्ने ।

५ हामीहरू अहिले हाम्रो परिचय आफैं दिन गैरहेका छौं भन्ने र कार्यक्रमलाई रमाइलो बनाउनका लागि तपाईंहरूको अनुमति चाहन्छु भन्ने । सहभागीसँग अनुमति लिने, (सहभागीको चाहना, उपयुक्तता हेरी, परिचयको विभिन्न विधिमाथि कोष्ठकमा उल्लेख भए अनुरूप गर्ने ।)

## विषय २ : उद्देश्यहरू र विषयवस्तु

### चरणहरू

१ तालिमको उद्देश्यहरूको (**स्लाइड नं. २**) प्रस्तुत गर्ने र छोट्करीमा व्याख्या गर्ने । यदि सहभागीहरूसँग उद्देश्यहरूमाथि केही प्रश्न र जिज्ञासा भए, छलफल गर्न उत्साहित गर्ने र प्रस्ट पार्ने ।

२ तालिमको विषयवस्तु (**स्लाइड नं. ३**) प्रस्तुत गर्ने ।

३ केही सहभागीहरूलाई आफ्ना अपेक्षाहरू र तालिमसँग सम्बन्धित जिज्ञासा भए, सोध्ने । सहभागीहरूका अपेक्षाहरू र तालिमको उद्देश्यहरूबीचमा केही मत भिन्नताहरू भए, सम्बोधन गर्ने ।

### सहजकर्तालाई जानकारी

सत्र अगावै गोष्ठीका उद्देश्यहरु र विषयवस्तु PowerPoint वा न्युजप्रिन्टमा तयारी गर्ने । यदि सम्भव भएसम्म तालिमको पूरै अवधिमा उद्देश्यहरु भित्तामा टाँसी छोडिदिने । व्यवस्थापकीय विषयमा चिन्तित रहनुपर्‍यो भने सहभागीको ध्यान विषयवस्तुमा केन्द्रित गर्न गाह्रो हुन्छ । त्यसैले ती समस्याहरूलाई सही तरिकाले समयमा नै सम्बोधन गर्नु फाइदाजनक हुन्छ । भत्ता उपलब्ध नहुने कुरा, खाना, विश्राम, इत्यादि विषयहरूबारे यथासमयमा नै प्रस्ट पार्नुहोस् ।

## सारांश तथा मूल्याङ्कन

परिचय कार्यक्रममा सक्रिय सहभागिताका लागि धन्यवादसहित गोष्ठीको उद्देश्य के रहेछन् त ! भनी प्रश्न गर्ने । सहभागीहरूको उत्तरलाई संयोजन गर्दै, उक्त उद्देश्य पूरा गर्न छलफल गरिने मूल विषयवस्तुहरूबारे छोटो विवेचनासहित, सत्रको अन्त गर्ने ।

# ५.४ खाद्य सुरक्षाको अवधारणा र खाद्य सुरक्षा अनुगमन प्रणाली

## उद्देश्यहरू

यो सत्रको अन्तमा सहभागीहरूले :

१ खाद्य सुरक्षाको परिभाषा बताउन सक्नेछन् ।
२ खाद्य सुरक्षाको चार आयामहरूबारे बताउन सक्नेछन् ।
३ खाद्य असुरक्षाको प्रकृतिबारे बताउन सक्नेछन् ।
४ नेपालको खाद्य असुरक्षाको स्थितिबारे बताउन सक्नेछन् ।
५ नेपाल सरकारको खाद्य सुरक्षा नीति तथा कार्यक्रमबारे बताउन सक्नेछन् ।
६ खाद्य सुरक्षा अनुगमनको महत्त्वबारे बताउन सक्नेछन् ।

| अवधि | विधि | सामग्रीहरु |
|---|---|---|
| ७५ मिनेट | • मस्तिष्क मंथन<br>• प्रस्तुति<br>• घटना अध्ययन<br>• समूहकार्य | • न्युजप्रिन्ट<br>• मार्करहरु<br>• खाद्य सुरक्षाको परिभाषा<br>• खाद्य सुरक्षाको आयामहरु<br>• घटना अध्ययनको प्रतिहरु<br>• खाद्य असुरक्षाको प्रकृति<br>• खाद्य असुरक्षाको स्थिति |

## *विषयवस्तु १ : खाद्य सुरक्षाको परिभाषा*

### चरणहरू

१ खाद्य सुरक्षाबारे भन्नाले के बुझ्नुहुन्छ? भनेर सहभागीहरूलाई सोध्ने । खाद्य सुरक्षालाई परिभाषित गर्न, सहभागीहरूलाई उत्साहित गर्ने ।
२ प्रतिक्रियाहरूको टिपोट गर्ने ।
३ खाद्य सुरक्षाको तयार परिभाषा (**स्लाइड नं. ४**) प्रस्तुत गर्ने ।
४ सहभागीहरूलाई परिभाषामा समावेश गरिएका महत्त्वपूर्ण शब्दहरू पत्ता लगाउन भन्ने ।
५ परिभाषामा समावेश गरिएका मुख्य शब्दको छलफलको संयोजन गर्ने ।
६ परिभाषासँग सम्बन्धित केही जिज्ञासाहरू भए छलफल गर्ने र स्पष्ट पार्ने ।

### सहजकर्तालाई जानकारी

सामान्यतया खाद्य सुरक्षालाई, केवल मनग्ये खानाका प्रकारहरूको पहुँचलाई मात्र खाद्य सुरक्षा भनी बुझ्ने गरेको पाइन्छ । खाद्य सुरक्षाको अरु पक्षहरूलाई प्रस्ट पार्नका लागि सहभागीहरूलाई खाद्य सुरक्षाको परिभाषामा समावेश गरिएका महत्त्वपूर्ण शब्दमाथि छलफल गर्न उत्साहित गर्ने । परिभाषामा समावेश गरिएका महत्त्वपूर्ण शब्दहरु : सबै मानिस, सधैँ, भौतिक र आर्थिक पहुँच, पर्याप्तता र पौष्टिक खाना, आवश्यकताहरु र प्राथमिकताहरु । खाद्य सुरक्षाको परिभाषामा समावेश शब्दहरु प्रस्ट पार्नका लागि थप उदाहरण पनि दिने ।

## विषयवस्तु २ : खाद्य सुरक्षाका चार आयामहरू

### चरणहरू

१ अगाडि छलफल गरिएका परिभाषाहरूको प्रसंगसँग जोडेर सहभागीहरूलाई खाद्य सुरक्षाको चार आयामहरू केके हुन्? भनेर सोध्ने ।

२ प्रतिक्रियाहरू न्युजप्रिन्टमा टिपोट गर्ने ।

३ खाद्य सुरक्षाका चार आयामहरू प्रस्तुत (**स्लाइड नं. ५**) गर्ने ।

४ प्रत्येक क्षेत्रको बारेमा छलफल गर्ने र यी चार आयामहरूले पक्षहरूले कसरी खाद्य सुरक्षालाई असर पुऱ्याइरहेका छन्? स्पष्ट पार्ने ।

५ चार जनाको समूहमा सहभागीहरूलाई एकएक घटना अध्ययनका लागि बाँड्ने र खाद्य सुरक्षाको विभिन्न पक्षहरू पत्तालगाउन भन्ने । छलफलको लागि ५ मिनेटको समय उपलब्ध गराउने ।

६ सहभागीहरूलाई घटना अध्ययन १,२,३ र ४ (**स्लाइड नं. ६, ७, ८, र ९**) मा खाद्य सुरक्षाको कुन पक्षले, खाद्य असुरक्षालाई योगदान दिइरहेको छ? पत्ता लगाउन भन्ने ।

७ घटना अध्ययनहरूमा खाद्य असुरक्षाको लागि प्रत्येक क्षेत्रहरूले बाधा दिइरहेको कुरा प्रस्ट पार्ने र चार पक्षहरूका लागि थप उदाहरणहरू प्रस्तुत गर्ने ।

८ यी घटनाहरूलाई मध्यनजर गर्दा आफ्नो जिल्लामा के स्थिति छ? उदाहरणका लागि सहभागीहरूलाई सोध्ने ।

९ खाद्य सुरक्षाको चार आयाम (पक्ष)को बारेमा, संक्षेपीकरण गर्ने र न्युजप्रिन्टमा लेख्न लगाउने ।

१० खाद्य सुरक्षाको परिभाषालाई पुनः एकपटक प्रसंग जोड्ने र खाद्य सुरक्षाको चार आयामलाई सम्बन्धित गराउने ।

११ खाद्य सुरक्षाको बहुआयामिक स्वभावको बारेमा व्याख्या गर्ने र यसरी खाद्य सुरक्षा अनुगमनमा बहुआयामिक समूह सरोकारवालाहरूको संलग्नताको आवश्यकता छ भन्ने धारणालाई प्रस्ट पार्ने ।

### सहजकर्तालाई जानकारी

समूहहरूलाई मामला (cases) हरु वितरण गर्ने र खाद्य सुरक्षाको कुन क्षेत्रहरूले खाद्य असुरक्षा हुनलाई मद्दत गरिरहेको छ? पत्ता लगाउन सहभागीहरूलाई समूहमा काम गर्न भन्ने । समूहमा छलफल कसरी भइरहेको छ? समूहमा निरीक्षण गर्ने र मुख्य बुँदाहरूलाई टिपोट गर्ने । यदि खाद्य सुरक्षा क्षेत्रमा थप प्रस्ट पार्न मद्दत पुऱ्याउने खालका केही बुँदाहरु पाइएमा, ठूलो समूहमा प्रस्तुत गर्ने ।

## विषयवस्तु ३ : खाद्य असुरक्षाको प्रकृतिः अवधि र गम्भीरता परिवर्तनको प्रक्रिया

### चरणहरू

1. खाद्य असुरक्षालाई अस्थायी र स्थायी दुई सन्दर्भमा हेरिनुपर्ने कुरा बताउँदै, अस्थायी र स्थायी खाद्य असुरक्षाबारे छलफल चलाउने ।
2. **स्लाइड नं.** १० प्रस्तुत गरी अस्थायी र स्थायी खाद्य असुरक्षाको प्रकृतिबारे प्रस्ट पार्ने ।
3. त्यसैगरी खाद्य असुरक्षाको अवधिमात्र नभई, खाद्य असुरक्षाको विश्लेषणमा गम्भीरताको सन्दर्भमा पनि ध्यान दिनुपर्ने कुरा, गम्भीरतालाई आँकलन गर्न विभिन्न सूचक र प्रक्रियाहरू अपनाइने गरेको बताउने । हाम्रो सन्दर्भमा, एकीकृत खाद्य सुरक्षा चरण वर्गीकरणलाई (Integrated Phase Classification -IPC) नेपालको परिवेशमा संयोजन गरिएको कुरा बताउँदै, सोबारे आगामी सत्रहरूमा छलफल गरिने कुरा बताउने ।

## विषयवस्तु ४ : नेपालको खाद्य असुरक्षाको स्थिति

### चरणहरू

1. हाम्रो देशको खाद्य सुरक्षाको स्थिति के छ होला? भनी प्रश्न गर्ने । सहभागीका विचारहरूको टिपोट गर्ने ।
2. **स्लाइड नं.** ११ प्रस्तुत गरी नेपालको खाद्य असुरक्षाको स्थितिबारे छलफल चलाउने ।
3. नेपालको खाद्य असुरक्षाको स्थितिको सन्दर्भमा हाम्रो जिल्लाको के स्थिति छ? भनी प्रश्न गर्ने र तुलना गर्न लगाउने । जिल्लाको स्थिति यस्तो हुनुका कारणहरू के होलान्? भनी प्रश्न गर्ने र खाद्य सुरक्षा वा असुरक्षाका कारणहरूबारे छलफल गर्ने ।

## विषयवस्तु ५ : राष्ट्रिय पहलः नेपाल सरकारको खाद्य सुरक्षाबारे नीति तथा कार्यक्रम

### चरणहरू

1. सहभागीलाई नेपाल सरकारको नीति र योजनामा खाद्य सुरक्षासँग सम्बन्धित व्यवस्थाबारे जानकारी छ कि? सोध्ने ।
2. प्रतिक्रियाहरूको टिपोट गर्ने ।
3. यदि सहभागीहरू नीति र योजनामा खाद्य सुरक्षाको विषयवस्तु समावेश भएकोबारेमा जानकार भए, ती केके हुन्? सहभागीलाई छोटकरीमा भन्न उत्साहित गर्ने ।
4. यदि सहभागीहरूसंग जानकारी छैन भने नेपाल सरकारको पहल, राष्ट्रिय योजनाहरू र नीतिहरूमा व्यवस्था गरिएका सम्बन्धित महत्त्वपूर्ण बुँदाहरू (**स्लाइड नं.** १२, १३ र १४) प्रस्तुत गर्ने ।
5. योजनामा समावेश गरिएका महत्त्वपूर्ण नीति बारे छोटकरीमा व्याख्या र छलफल गर्ने ।

### सहजकर्तालाई जानकारी

तालिमको शुरूवातबाटै सहभागीहरूलाई यो खाद्य सुरक्षा अनुगमन प्रणाली कुनै छुट्टै कार्यक्रम नभई, नेपाल सरकारको खाद्य सुरक्षाको कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि नेपाल सरकार र राष्ट्रिय योजना आयोगसँगको संयुक्त प्रयासमा विभिन्न जिल्लामा सञ्चालन तथा विस्तार गर्न शुरू गरिएको छ । जिल्लाहरूमा प्रभावकारी रूपमा खाद्य सुरक्षा अनुगमन प्रणाली सञ्चालन हुनका लागि सरोकारवालाको भूमिका प्रस्ट पार्न र कार्यक्रमप्रति स्वामित्त्व विकास गर्नको लागि यो आवश्यक छ ।

## विषयवस्तु ६ : खाद्य सुरक्षा अनुगमनको महत्त्व

### चरणहरू

१ सहभागीहरूलाई, अब हामी खाद्य सुरक्षा अनुगमन र विश्लेषणप्रणालीको महत्त्वबारे छलफल गर्दैछौं भनेर भन्ने ।

२ सहभागीहरूलाई खाद्य सुरक्षा अनुगमन र विश्लेषणप्रणालीको महत्त्वको बारेमा सोच्न, उत्साहित गर्ने ।

३ प्रत्येक सहभागीहरूलाई मेटाकार्ड वितरण गर्ने र खाद्य सुरक्षा अनुगमनको महत्त्वसँग सम्बन्धित एकएक बुँदा लेख्न भन्ने ।

४ मेटाकार्ड सङ्कलन गर्ने र मिल्ने बुँदाहरू संयोजन गर्ने । मुख्य बुँदाहरूबारे छलफल गरी प्रस्ट पार्ने ।

५ सहभागीहरूद्वारा प्रस्तुत बुँदाहरू उदाहरणका रूपमा दिन, उत्साहित गर्ने ।

६ यदि महत्त्वपूर्ण कुनै पक्षहरू छुटाइएको भए, (**स्लाइड नं. १५ र १६**) गर्ने ।

### सहजकर्तालाई जानकारी

सहभागीहरूसँग, आफ्नो जिल्लामा खाद्य सुरक्षाको कार्यक्रम सञ्चालन नभएकाले कार्यान्वयन गरेको अनुभव नहुनसक्छ । त्यसैले खाद्य सुरक्षा अनुगमनको महत्त्व झल्काउने त्यस्ता वास्तविक उदाहरणहरु सहभागीहरूद्वारा उपलब्ध गराउन अप्ठ्यारो पर्नसक्छ । त्यसकारण प्रशिक्षकसँग अन्य जिल्लाका त्यस्ता उदाहरणहरूको सूची हुनुपर्दछ, जसले खाद्य सुरक्षा अनुगमनको महत्त्वलाई झल्काओस् । खाद्य सुरक्षाको कार्यक्रम सञ्चालित जिल्लाहरूबाट यसका लागि उदाहरणहरु सङ्कलन गर्न सकिन्छ ।

## सारांश तथा मूल्याङ्कन

हामी सत्रको अन्तमा आइपुगेका छौं । करिब सवा एक घण्टासम्म हामीले गरेको छलफलको सम्झना गरौं न त भन्दै, खाद्य सुरक्षाको परिभाषा, आयामहरू, नेपाल तथा जिल्लाको खाद्य सुरक्षा स्थिति, खाद्य सुरक्षाको अनुगमनको महत्त्वबारे पालैपालो सहभागीबीच प्रश्नहरू राख्दै, उत्तरको संयोजन गरी सत्रको अन्त गर्ने ।

# ५.५ नेपालमा खाद्य सुरक्षा अनुगमन प्रणाली

## उद्देश्यहरू

यो सत्रको अन्तमा सहभागीहरूले :

१ नेपालमा खाद्य सुरक्षा अनुगमन प्रणालीको राष्ट्रिय संरचनागत व्यवस्थाबारे बताउन सक्नेछन् ।
२ जिल्लामा खाद्य सुरक्षा अनुगमनमा जिल्ला खाद्य सुरक्षा सञ्जालको भूमिका बताउन सक्नेछन् ।
३ खाद्य सुरक्षा अनुगमनमा प्रयोग हुने विश्लेषणात्मक औजारबारे बताउन सक्नेछन् ।

| समय | विधि | सामग्री |
|---|---|---|
| ९० मिनेट | • प्रस्तुति<br>• मस्तिष्क मंथन<br>• समूह छलफल | • न्युजप्रिन्ट<br>• मार्करहरु |

## विषयवस्तु १ : नेपालमा खाद्य सुरक्षा अनुगमन प्रणाली संरचनागत व्यवस्था

### चरणहरू

१ नेपालमा खाद्य सुरक्षा अनुगमन प्रक्रियाबारे छलफल गर्नलागेको कुरा बताउँदै, के कस्ता प्रक्रिया र संरचनागत व्यवस्था छन्? भनी सहभागीलाई प्रश्न गर्ने ।
२ राष्ट्रिय योजना आयोग र कृषि तथा सहकारी मन्त्रालयको सहकार्यमा यो प्रणाली विस्तार गरिएकोबारे जानकारी दिने ।
३ एकीकृत खाद्य सुरक्षा चरण वर्गीकरण (Integrated Food Scurity Phase Classification) लाई नेपालको स्थानीय सन्दर्भमा खाद्य सुरक्षा अनुगमन प्रणालीको रूपमा अनुकरण गरिएको बारे बताउने ।
४ यस बारेका महत्त्वपूर्ण बुंदा **(स्लाइड नं. १७ र १८)** प्रस्तुत गर्ने ।
५ खाद्य सुरक्षाको चरण वर्गीकरण गर्नका लागि प्रयोग गरिएको विधि, सोमालियामा एकीकृत खाद्य सुरक्षा चरण वर्गीकरण (Integrated Food Scuriry Phase Classofication) हो भन्दै, विस्तृत जानकारी राख्न चाहनेको लागि वेभ साइट उपलब्ध गराउने ।

## *विषयवस्तु २ : खाद्य सुरक्षा अनुगमनमा जिल्ला खाद्य सुरक्षा सञ्जालको भूमिका*

### चरणहरू

1. गत छलफललाई सम्बन्धित गराउँदै खाद्य सुरक्षा अनुगमनमा जिल्ला खाद्य सुरक्षा सञ्जालको के भूमिका होला ? भनी प्रश्न गर्ने ।
2. सहभागीका विचारहरू न्युजप्रिन्टमा टिप्ने । उक्त टिपोटलाई सम्बन्धित गराउँदै पूर्वतयार **स्लाइड नं. १९** प्रस्तुत गरी जिल्लाको खाद्य सुरक्षा अनुगमनमा खाद्य सुरक्षा सञ्जालको भूमिका प्रस्ट पार्ने ।
3. समग्रमा, जिल्ला खाद्य सुरक्षा सञ्जाल जिल्लाको खाद्य सुरक्षा अनुगमनको एक महत्त्वपूर्ण संरचना, जसले जिल्लामा खाद्य सुरक्षाका जानकारी सङ्कलन गरी, विश्लेषण गर्नुका साथै जिल्लाको खाद्य सुरक्षाको चरण निर्धारण गर्न र जानकारीहरू राष्ट्रियस्तरमा केन्द्रीय विश्लेषण एकाइमा उपलब्ध गराउन, यसका साथै जिल्लामा सरोकारवालाहरूलाई उपलब्ध गराउन र समन्वय गर्न उत्तरदायी छ भनी जानकारी दिने ।
4. कार्यसमूह र सरोकारवाला संस्थाहरूको भूमिकाहरूबारे पनि छोटो व्याख्या गरी छलफल अन्त गर्ने ।

## *विषयवस्तु ३ : खाद्य सुरक्षा अनुगमनका विश्लेषणात्मक औजार*

### चरणहरू

1. जिल्ला खाद्य सुरक्षा अनुगमनका चार महत्त्वपूर्ण औजारहरू भएकोबारे सहभागीहरूलाई बताउँदै औजारहरू प्रस्तुत गर्ने र सबै औजारहरूलाई एकएक गरेर (**स्लाइड नं. २०**) बयान गर्ने ।
2. खाद्य सुरक्षाको पाँच चरण वर्गीकरणका रङ्ग र प्रत्येक चरणहरूको विशेषताहरूका बारेमा (**स्लाइड नं. २१ र २२**) प्रस्तुत गर्ने । खाद्य सुरक्षा सन्दर्भ तालिका वितरण गर्ने । सहभागीहरूलाई सन्दर्भ तालिकाको सबैभन्दा माथिको भागमा, प्रत्येक चरणसँग प्रयोग भएका रङहरूलाई पत्ता लगाउन सहयोग गर्ने ।
3. पाँच चरणबारे प्रस्ट भएपछि सन्दर्भ तालिका (**स्लाइड नं. २३**) प्रस्तुत गर्ने । सबै १२ वटा सूचकहरू छोटकरीमा छलफल गर्ने र प्रस्ट पार्ने । छलफलको दौरानमा सहभागीहरूलाई सूचकहरूको परिभाषाबारे आफ्ना विचारहरू प्रस्तुत गर्न उत्साहित गर्ने । उदाहरणका लागि खाद्य आवश्यकतालाई झल्काउने महत्त्वपूर्ण सूचकहरू के हुन सक्छन्? त्यसैगरी उपलब्धता झल्काउने महत्त्वपूर्ण सूचकहरू के हुन सक्छन्?
4. प्रत्येक सूचकको परिभाषा प्रस्ट पारिसकेपछि, प्रत्येक सूचकहरूको परिमाणात्मक सीमा (Threshold) बारेमा छोटकरीमा व्याख्या गर्ने । यसको लागि प्रत्येक सहभागीलाई एक सूचकको चरण निर्धारण गर्ने मापक अङ्क भन्न लगाउने । उदाहरणको लागि, बाली उत्पादन/स्थितिको परिमाणात्मक सीमा (Threshold) कुन अवस्थामा भएमा खाद्य सुरक्षाको चरण ३ हुन जान्छ ? प्रतिक्रिया लिने र प्रतिक्रिया ठीक छ/छैन, भन्ने कुराको निश्चित गर्ने । यसैगरी सबै, १२ वटै सूचकहरूको लागि यो छलफल चलाउने ।
5. खाद्य सुरक्षा विश्लेषण तालिका (**स्लाइड नं. २४**) प्रस्तुत गर्ने र विश्लेषण तालिकाको मुख्य पक्षहरूको सम्बन्धमा छोटो छलफल गर्ने ।

६ खाद्य सुरक्षा संश्लेषण तालिका (**स्लाइड नं. २५**) प्रस्तुत गर्ने र यसलाई छोटकरीमा वर्णन गर्ने ।

७ सहभागीहरूलाई खाद्य सुरक्षा बुलेटिन वितरण गर्ने र खाद्य सुरक्षा चरण उल्लेखित जिल्लाहरूको नक्सा चिन्न सहयोग गर्ने । (**स्लाइड नं. २६ र २७**) प्रस्तुत गरी खाद्य सुरक्षा चरण उल्लेखित नक्सा जिल्लास्तरको र राष्ट्रियस्तरको हुने कुरा बताउने ।

८ खाद्य सुरक्षा सञ्जालले बैठकमा सङ्कलित जानकारीहरूको विश्लेषणहरूको आधारमा जिल्ला खाद्य सुरक्षा चरण वर्गीकृत नक्सा तयार गर्ने कुरा बताउने ।

### सहजकर्तालाई जानकारी

सहभागीहरूलाई कसरी जिल्ला खाद्य सुरक्षा अनुगमन प्रणालीले काम गर्दछ र सूचना सङ्कलन गर्नको लागि हरेक औजार तथा विधिहरु कसरी प्रयोग गरिन्छ? भन्नेबारेमा जानकार बनाउनका लागि यो एक महत्त्वपूर्ण सत्र हो । यो सत्रले कुनै एक औजारद्वारा कसरी जानकारी सङ्कलन गरिन्छ, भन्ने कुराको जानकारी दिनुका साथै सहभागीहरूलाई उनीहरूको आफ्नै परिवेशमा हाल सङ्कलन गरिएका जानकारीसँग कसरीसम्बन्धित छ भनी सोच विचार गर्न पनि मद्दत पुऱ्याउँछ । उदाहरणका लागि जिल्ला कृषि विकास कार्यालयले बाली उत्पादन र बालीनालीको स्थितिमाथि जानकारी सङ्कलन गर्दछ । यो जानकारी, खाद्य सुरक्षा अनुगमनमा पनि उपयोगी हुन्छ । त्यसैले, हाल सङ्कलन गरिएका जानकारी र प्रक्रियासँग सम्बन्धित बनाउनु पनि महत्त्वपूर्ण हुन्छ ।

तर ध्यान दिनुहोस् कि, यो सत्र खाद्य सुरक्षा अनुगमनसँग जोडिएका विभिन्न तत्त्वहरु र औजारहरूको एउटा सामान्य जानकारी दिनको लागि मात्रै हो । कोही सहभागीहरु धेरै जानकारी लिनका लागि जिज्ञासु हुन सक्छन् र प्रत्येक सूचकहरु, चरणहरु र विश्लेषण प्रणालीको सम्बन्धमा गहिराइमा जान इच्छुक हुन सक्छन् । यो अवस्थामा सहभागीहरूलाई नम्र भएर, खाद्य सुरक्षा औजारहरूको विस्तृत रूपमा छलफलको लागि एक छुट्टै व्यावहारिक तालिमको व्यवस्था हुनेछ भनी प्रस्ट पार्ने । यदि व्यावहारिक तालिमको लागि इच्छा गरेमा, सहभागिताको लागि निमन्त्रणा गर्ने ।

सहभागीहरूको उर्जा शक्तिको तहलाई बढाउनका लागि सुहाउँदो खालका खेलहरु भएको सन्दर्भ सामग्री ५ (यो निर्देशिकाको अन्तमा उल्लेख छ) प्रयोग गर्ने ।

## सारांश तथा मूल्याङ्कन

खाद्य सुरक्षा अनुगमनको संरचनागत व्यवस्था, प्रक्रिया, विश्लेषणात्मक औजार तथा जिल्ला खाद्य सुरक्षा अनुगमन सञ्चालन प्रक्रियाबारे छलफल गऱ्यौं । हामी अर्को सत्रमा जानुअघि एकपटक पुनः स्मरण गरौं भन्दै, अनुगमनका मुख्य औजारहरू के होलान्? १२ वटा सन्दर्भ सूचकहरू तथा खाद्य सुरक्षा अनुगमनका चरणहरू केके होलान् भनी प्रश्न गर्ने । त्यसैगरी खाद्य सुरक्षा सञ्जाल भूमिका के होला? भनी पालैपालो सोधी, उत्तरहरूलाई संयोजन गर्दै सत्रको अन्त गर्ने ।

# ५.८ जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन प्रक्रिया र समय तालिका

## उद्देश्यहरू

यो सत्रको अन्तमा सहभागीहरूले :

1. जिल्ला खाद्य सुरक्षा अनुगमन प्रक्रियाबारे बताउन सक्नेछन् ।
2. त्रैमासिक खाद्य सुरक्षा अनुगमनको समय तालिकाबारे बताउन सक्नेछन् ।

| अवधि | विधि | सामग्री |
|---|---|---|
| ३० मिनेट | • प्रस्तुति<br>• मस्तिष्क मंथन | • न्युजप्रिन्ट, मार्करहरू<br>• अनुगमन प्रणालीको फ्लोचार्ट<br>• अनुगमनको समय तालिका |

## *विषयवस्तु १ : जिल्ला खाद्य सुरक्षा अनुगमन प्रक्रियाको समीक्षा*

### चरणहरू

1. खाद्य सुरक्षा अनुगमन प्रणालीको फ्लोचार्ट (**स्लाइड नं. २८**) प्रस्तुत गर्ने ।
2. फ्लोचार्टका प्रत्येक चरणहरू बयान गर्ने ।
3. चरणहरूको व्याख्या अवधिभरि व्यावहारिक उदाहरणहरू दिने ।
4. सहभागीहरूको फ्लोचार्ट माथि कुनै अन्यौल भए, जानकारीसहित स्पष्ट पार्ने ।

## *विषयवस्तु २ : त्रैमासिक खाद्य सुरक्षा अनुगमन समय तालिका*

### चरणहरू

1. खाद्य सुरक्षा अनुगमनको समय तालिका (**स्लाइड नं. २९ र ३०**) प्रस्तुत गरी एक अनुगमनचक्रमा सम्पन्न गर्नुपर्ने हरेक क्रियाकलाप र तिनको समय अवधिबारे प्रस्ट पार्ने ।
2. सहभागीबीच कुनै अन्यौल भए, जानकारीसहित स्पष्ट पार्ने ।

## *सारांश तथा मूल्याङ्कन*

खाद्य सुरक्षा अनुगमनको संरचनागत समग्र प्रक्रिया र समय तालिकाबारे छलफल गर्‍यौं । हामी, एकपटक समय तालिकाबारे पुनः स्मरण गरौं भन्दै, अनुगमनका मुख्य क्रियाकलाप र समय तालिकाबारे पालैपालो प्रश्न गर्ने र सहभागीका उत्तरहरूलाई संयोजन गर्दै, सत्रको अन्त गर्ने ।

# ५.८ तालिमको समापन

## उद्देश्यहरू

यो सत्रको अन्तमा सहभागीहरूले :

1. तालिमका उद्देश्यहरू पूरा भए नभएकोबारे बताउन सक्नेछन् ।
2. तालिमको मूल्याङ्कन गरेका हुनेछन् ।
3. जिल्लामा खाद्य सुरक्षा अनुगमनको लागि समय र प्रतिबद्धताहरू व्यक्त गरेका हुनेछन् ।

| अवधि | विधि | सामग्री |
|---|---|---|
| १५ मिनेट | • प्रस्तुति<br>• मस्तिष्क मंथन | • तालिमका उद्देश्यहरूका प्रतिहरु |

## विषयवस्तु १ : तालिमको पुनरावलोकन

### चरणहरू

1. तालिमको विषयवस्तु र उद्देश्यहरू प्रस्तुत (**स्लाइड नं. २**) गर्ने र उद्देश्यहरू र सिकाइका उपलब्धिहरूका सम्बन्धमा आफ्ना भनाइ राख्न लगाउने ।
2. प्रतिक्रियाहरूलाई टिपोट गर्ने ।
3. जिज्ञासाहरू केही भए सम्बोधन गर्ने ।
4. सहभागीहरूलाई तालिमको विषयवस्तु र तालिम सञ्चालन प्रक्रियामाथि सहभागीहरूको पृष्ठपोषणका लागि अनुरोध गर्ने । भविष्यमा यो तालिमलाई अझ बढी प्रभावकारी बनाउन, सल्लाह वा सुझावहरूको लागि अनुरोध गर्ने । प्राप्त मूल्यवान् सल्लाहहरू र पृष्ठपोषणको लागि प्रशंसा गर्ने र प्रतिक्रियाहरूलाई लिपिबद्ध गर्ने । पृष्ठपोषण र सल्लाहहरूलाई उपयुक्त अवसरमा समावेश गर्ने कुरा पनि बताउने ।

## विषयवस्तु २ : तालिमको समापन

### चरणहरू

1. हामीहरू तालिम कार्यक्रमको अन्तिम चरणमा छौं भन्दै, सहभागीहरूलाई तालिमबारेमा एक वा दुई सहभागीबाट आफ्नो छोटो भनाइ राख्न अनुरोध गर्ने ।
2. सहभागीहरूलाई, मन्तव्यको लागि धन्यवाद दिने ।
3. त्यसपछि खाद्य सुरक्षा सञ्जालका सभापति वा संयोजकलाई मन्तव्य दिनको लागि आग्रह गर्ने । मन्तव्यमा खाद्य सुरक्षा अनुगमनसँग सम्बन्धित आगामी योजनासहित तालिमको लागि सहभागीहरूको

चाख र समयको लागि सबै अतिथि र सहभागीहरूलाई प्रशंसा तथा आगामी कार्यक्रमबारे जानकारी दिने । त्यसैगरी सहभागीहरू र अतिथिहरूद्वारा तालिमको अवधिभरी र वक्तव्यको क्रममा उठाइएका केही सम्बन्धित जिज्ञासा भए, सम्बोधन गर्ने कुराको पनि सुनिश्चित गर्ने । उनको मन्तव्यको लागि धन्यवाद दिने ।

४ अन्त्यमा, मुख्य अतिथि/सभापतिलाई आफ्नो मन्तव्य सहित तालिमको समापन गरिदिनको लागि आग्रह गर्ने ।

### सहजकर्तालाई जानकारी

समापन, समारोह कार्यक्रमको यस्तो भाग हो, जसले जिल्लामा खाद्य.सुरक्षा अनुगमनलाई सशक्त बनाउन विभिन्न सरोकारवालाहरूलाई औपचारिक रूपमै उत्तरदायी बनाउन मद्दत गर्दछ । तालिमको लागि सहयोग र सहभागीहरूको क्रियाशील सहभागिताका लागि अतिथि र प्रत्येक सहभागीहरूलाई प्रशंसा गरिएको छ भन्ने कुराको सुनिश्चित गर्ने ।

## सारांश तथा मूल्याङ्कन

विशिष्ट अतिथि वा अन्य वरिष्ठ व्यक्तित्वको समापन मन्तव्य सहित, तालिमको समापन गर्ने ।

## ५.८ सैद्धान्तिक तालिमका लागि स्लाइडहरु

१

# जिल्ला खाद्य सुरक्षा अनुगमन तालिम

## सैद्धान्तिक पक्ष

२

### तालिमका उद्देश्यहरु

खाद्य सुरक्षा सञ्जालका सदस्यहरुलाई खाद्य सुरक्षाको सैद्धान्तिक पक्षहरुमा ज्ञानको अभिवृद्धि र जिल्लामा खाद्य सुरक्षा अनुगमन प्रक्रिया कार्यान्वयन गर्न प्रतिवद्धताको सुनिश्चित गर्नु रहेको छ ।

यो तालिमको अन्तसम्ममा सहभागीहरु

- खाद्य सुरक्षाको विस्तृत परिभाषा तथा खाद्य सुरक्षाका चार आयामबारे बताउन सक्नेछन् ।
- खाद्य असुरक्षाको प्रकृतिबारे प्रस्ट हुनेछन् ।
- नेपालको खाद्य असुरक्षाको सन्दर्भमा जिल्लाको खाद्य सुरक्षाको स्थिति विवेचना गर्न सक्नेछन् ।
- खाद्य असुरक्षाको सन्दर्भमा नेपाल सरकारको राष्ट्रिय नीति तथा हाल सम्म भए गरेका वा हाल सन्चालित पहलहरुबारे बताउन सक्नेछन् ।
- खाद्य सुरक्षा अनुगमनको महत्त्व बताउन सक्नेछन् ।
- खाद्य सुरक्षा अनुगमनको राष्ट्रियस्तरको संरचनागत व्यवस्थाबारे प्रस्ट हुनेछन् ।
- खाद्य सुरक्षा अनुगमनमा प्रयोग हुने विश्लेषणात्मक औजारहरुबारे बताउन सक्नेछन् ।
- समग्र खाद्य सुरक्षा अनुगमनको कार्यान्वयन प्रक्रियाबारे बताउन सक्नेछन् ।

३

### तालिमको विषयवस्तु

| समय (मिनेट) | सत्र |
|---|---|
| ४५ | परिचय र तालिमको उद्देश्य |
| ७५ | खाद्य सुरक्षाको अवधारणा र खाद्य सुरक्षा अनुगमनबारे परिचय |
| ९० | नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली |
| ३० | जिल्ला खाद्य सुरक्षा अनुगमन प्रक्रिया र समयतालिका |
| ३० | तालिमको समापन |

४

## खाद्य सुरक्षा

प्रत्येक व्यक्तिको सधैँ पर्याप्त, स्वच्छ तथा पोषणयुक्त र आफ्नो आवश्यकता र चाहना अनुरूपको खानामाथि भौतिक र आर्थिक पहुँच भएमा मात्र खाद्य सुरक्षा भएको मान्न सकिन्छ ।

विश्व खाद्य शिखर सम्मेलन अक्टोबर १९९६

५

## खाद्य सुरक्षाका चार आयामहरू

- **खाद्य उपलब्धताः** आन्तरिक रूपमा उत्पादित वा आयातित (खाद्य सहयोग समेत) पर्याप्त गुणस्तरीय खाद्य पदार्थ उपलब्धता ।
- **खाद्य पहुँचः** सन्तुलित आहारको मात्रा प्राप्त गर्नको लागि आवश्यक स्रोतहरूमा पहुँच । स्रोतमा पहुँच कानुनी, राजनैतिक, आर्थिक र सामाजिक रूपमा सुनिश्चित गरिएको हुन्छ ।
- **उपयोगः** शारीरिक आवश्यकताको परिपूर्ति गर्न पर्याप्त खाना, सफा पानी, स्वास्थ्य सेवा को उपयोग र सरसफाइको आवश्यकता पूर्ति भएको अवस्था ।
- **स्थिरताः** खाद्य सुरक्षाका लागि कुनै समुदाय, घर वा व्यक्तिको सधैँ पर्याप्त खाद्य पदार्थको पहुँच आवश्यक छ । कुनै पनि आपतविपत वा घटनाहरूले गर्दा कुनै व्यक्ति वा घरको खाद्य पदार्थको पहुँच, उपलब्धता र उपयोगमा नकारात्मक अवस्था आउनु हुँदैन ।

६

## मामला १

मीना श्रेष्ठ काठमाडौँ निवासी एक गृहिणी हुन् । उनी आफ्नो परिवारसँग कालीमाटी बजारनजिकै बसोबास गर्छिन् । उनी, विभिन्न स्वास्थ्य तालिममा सहभागी हुने अवसर पाएकीले पोषणयुक्त खाद्य परिकार पकाउन पोख्त छिन् । विगत केही महिनादेखि उनका श्रीमान् बेरोजगार छन् । यसैताका खाद्यवस्तुको बजारभाउ आकाशिएको छ । फलस्वरूप उनी विगत एक महिनादेखि नियमित खानपिनको परिमाणमा कटौती गर्न बाध्य भएकी छिन् ।

७

## मामला २

रामबहादुर बुढा, जुम्ला निवासी एक परिश्रमी मान्छे हुन् । विगत छ महिनासम्म भारतमा कठिन मेहनत गरी उनी हाल, गाउँ फर्केका हुन् । यस अवधिमा उनले आम्दानीको हिसाबमा राम्रै कमाइ गर्नसके । अब उनले, कही समय परिवारसँगै बस्ने विचार गरेका छन् । विगत १५ दिनदेखि अत्यधिक हिमपातको कारण अन्य जिल्लाबाट आउने खाद्य सामग्री ढुवानीमा अवरोध भई बजारको खाद्य सञ्चितिमा गम्भीर कमी आई जिल्लामा खाद्य सङ्कट देखिएको छ, जसले गर्दा रामबहादुरको परिवारले मन नपर्ने अन्य खाद्यवस्तुमा भर पर्नुपरेको छ । छिटै खाद्य सामाग्रीको ढुवानी नियमित भएन भने, गम्भीर स्वास्थ्य समस्याहरु निम्तने डरले उनलाई पिरलेको छ ।

८

## मामला ३

नरबहादुर राई, भोजपुर जिल्ला निवासी एक अधबैँसे जाँगरिला किसान हुन् । उनको परिवारमा दुई छोरा, एक छोरी र श्रीमती छन् । उनको जग्गा धान उत्पादन हुने खेत नभए पनि कोदो, मकै र गहुं हुने मलिलो बारी प्रशस्त छ । उनी आफ्नो बारीमा उत्पादित कोदोको धेरै भाग रक्सी बनाई आफैं खाने र बेच्ने गर्दछन् । रक्सी बेचेर आएको पैसाले तयारी चाउचाऊ तथा बजारमा प्राप्त हुने अन्य तयारी खाद्यपदार्थ खाने गर्दछन् । बजारमा उपलब्ध हुनुका साथै उनी किन्न सक्नेभए पनि उनको भान्सामा बिरलै हरियो सागसब्जी वा मासु पाक्ने गर्दछ । उनका बच्चाहरु सधैँजसो बिरामी भइरहन्छन् ।

९

## मामला ४

बर्दियामा यो वर्ष धानको उत्पादन राम्रो भयो । शेरबहादुर परिवारसहित गाउँमा बसोबास गर्दछन् । उनी अधियामा काम गर्छन् । हाल बजारको खाद्य सञ्चितिको अवस्था पनि राम्रो छ र उनको कमाइ पनि राम्रो छ । उनको परिवारमा पोषिलो खाना कसरी बनाउनेबारे राम्रो ज्ञान छ । तर उनलाई थाहा छ विगत वर्षहरुमा जस्तै यस वर्ष पनि चैत वैशाखमा काम नपाएर खाद्य सामग्री किन्न, साहुको चर्को ब्याज तिरेर रिन काढ्नु पर्नेछ ।

१०

# खाद्य असुरक्षाको प्रकृतिः अवधि र गम्भीरता

### *दीर्घकालीन खाद्य असुरक्षा*

- लामो अवधिसम्म निरन्तर रूपमा न्यूनतम खाद्य उपभोगको आवश्यकतालाई पूरा गर्न असक्षम हुनु हो ।
- सामान्यतया वर्षमा ६ महिनासम्म खाद्य असुरक्षा रहेको स्थिति ।

### *अस्थायी खाद्य असुरक्षा*

- छोटो अवधिसम्म मात्र वा अस्थायी रूपमा न्यूनतम खाद्य उपभोगको आवश्यकतालाई पूरा गर्न असक्षम हुनु हो ।
- सामान्यतया यदाकदा आउने सङ्कटहरूका कारणले छोटो अवधिका लागि हुने खाद्य असुरक्षालाई अस्थायी खाद्य असुरक्षा भन्न सकिन्छ ।

### *गम्भीरता*

- खाद्य असुरक्षाको विश्लेषण गर्दा मानिसहरूले भोगेका समस्याहरूको अवधि जान्नु मात्र पर्याप्त हुँदैन । तर समग्र खाद्य र पोषणको स्थितिमा पहिचान गरिएको समस्याको प्रभाव कत्तिको तीव्र वा गम्भीर छ, भन्ने कुरा पनि जान्नु आवश्यक छ ।

११

# नेपालमा खाद्य असुरक्षाको स्थिति

- नेपालमा पाँच वर्षमुनिका ३९ प्रतिशत बच्चाहरु विपोषित (undernourished) छन् ।
- नेपालको आधा जति (४९ प्रतिशत) बालबच्चाहरु पुड्का छन् ।
- २० प्रतिशत अति गरिब जनताले उनीहरूको आयको ७३ प्रतिशतजति आम्दानी खाद्यान्नमा खर्च गर्दछन् ।
- नेपालको तथ्याङ्क विभागका अनुसार नेपालको ७५ मध्ये ४५ जिल्ला जनसंख्याको आधारभूत क्यालोरी आवश्यकता पूर्ति हेतु, पर्याप्त खाद्यान्न उत्पादन गर्न असक्षम छन् ।
- नेपालको असी लाख मानिसहरु गरिबीको रेखामुनि छन् (प्रतिदिन १ अमेरिकी डलरभन्दा कम खर्चमा बाँचिरहेका छन्) ।

१२

# नेपाल सरकार – खाद्य सुरक्षाका लागि पहल

नेपालको अन्तरिम संविधान २०६३
खाद्य सम्प्रभुत्ताको हक अन्तरिम संविधानको धारा १६ र ३३ ले सुनिश्चित गरेको छ र धारा ३५ ले राज्यलाई अति सीमान्तकृत जनताहरूको खाद्य सुरक्षाको अवस्था सुधार गर्ने नीति अवलम्बन गर्ने जिम्मेवारी बोध गराउँदछ ।

<u>१६. रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी हक अधिकारः</u>
(३) प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिम खाद्य सम्प्रभुत्ताको हक हुनेछ ।
३३. राज्यको दायित्त्व : राज्यको दायित्त्व देहाय बमोजिम हुनेछः-
(ज) शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सम्प्रभुतामा सबै नागरिकको अधिकार स्थापित गर्ने नीति लिने,
<u>३५. राज्यका नीतिहरूः</u>
(१०) शिक्षा, स्वास्थ्य, आवास, खाद्यसम्प्रभुता र रोजगारीमा निश्चित समयका लागि आरक्षणको व्यवस्था गरी आर्थिक तथा सामाजिक रूपले पिछडिएका आदिवासी, जनजाति, मधेसी, दलितलगायत सीमान्तकृत समुदाय तथा गरिबीको रेखामुनिका मजदुर किसानको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्नेछ ।

१३

## तीन वर्षीय अन्तरिम योजनामा खाद्य सुरक्षा

### दीर्घकालीन दृष्टिकोण

खाद्य तथा पोषण सुरक्षाका सबै पक्षहरूलाई समन्वयात्मक रूपमा सबल पार्दै प्रत्येक व्यक्तिको खाद्य संप्रभुता अधिकार सुनिश्चित गर्ने दीर्घकालीन सोच लिइनेछ ।

### उद्देश्यहरू

- आधारभूत खाद्य वस्तुहरूमा देशको आत्मनिर्भरता बढाउनु ।
- पोषणको स्थितिमा सुधार गर्नु ।
- बजारमा उपलब्ध हुने र परिवारमा उपयोग हुने खाद्य वस्तुहरूको गुणस्तर एंवम् स्वच्छता अभिवृद्धि गर्नु ।
- सङ्कटजन्य अवस्था (अनिकाल, खडेरी, बाढी, पहिरो, आगजनी आदि) बाट उत्पन हुने खाद्य असुरक्षाको व्यवस्थापन गर्नसक्ने क्षमताको अभिवृद्धि गर्नु ।
- खाद्य असुरक्षाको जोखिमग्रस्त समूह, जनताको खाद्यान्न पहुँचमा सुधार गर्नु ।

१४

## तीन वर्षीय अन्तरिम योजनामा खाद्य सुरक्षा...

### नीति तथा कार्यनीतिहरू

- जिल्लाहरूमा खाद्य सुरक्षाका सूचकहरु निर्माण र नक्साङ्कन गरी सोअनुसार खाद्य असुरक्षित समूह र क्षेत्र पहिचान गरिनेछ ।
- खाद्य सुरक्षा सूचना सङ्कलन ढाँचाको विकास गरी, तथ्याङ्क सङ्कलन गर्न लगाइनेछ ।
- खाद्य सुरक्षा स्थितिको विश्लेषण गरी, त्रैमासिक सूचना बुलेटिन प्रकाशन गरी वितरण गरिनेछ ।
- ... ...

१५

## खाद्य सुरक्षा अनुगमनको महत्त्व

- यसले समाधान गरिनुपर्ने समस्याहरूको स्पष्ट चित्रण गर्दछ ।
- प्रभावकारी लक्षित कार्यक्रमहरूको योजना निर्माणमा सहयोग पुऱ्याउँछ ।
- मुख्य सरोकारवालाहरूका बीचमा खाद्य सुरक्षासँग सम्बन्धित समस्याहरु लगायत त्यसको कारण र समाधानहरूसमेतको स्थानीय सहमति निर्माण गर्छ ।
- प्रयासहरु नदोहोरीओस् भनेर जिल्लाका सरोकारवालाहरूका बीचमा समन्वयमा सुधार गर्दछ ।
- नेपाल सरकारलाई आपत्कालीन स्थिति वा संभावित स्थानीय अवस्थाबारे जानकारी गराउँछ ।
- तथ्याङ्क तयारी हालतमा हुनेहुनाले आपत्कालीन स्थितिमा उपयुक्त कदमको योजना बनाउन छिटो पहलकदमीको लागि सहयोग पुऱ्याउँछ ।

१६

## खाद्य सुरक्षा अनुगमनको महत्त्व

- अनुदानित वा आपत्कालीन खाद्य भण्डारको व्यवस्थापनमा प्रभावकारी सहयोग गर्दछ ।
- दातृ समुदाय, मानवीय सहयोग तथा विकास निकायलाई सङ्कलित सूचनाद्वारा जिल्लाको अवस्थाका बारेमा ध्यानाकर्षण गराउने प्रयासमा सहयोगी हुन्छ ।
- अनुगमन, विश्लेषण र कार्यक्रम निर्माणको परिप्रेक्षमा स्थानीय क्षमता बलियो बनाउँछ ।
- तथ्याङ्क सङ्कलनको तालमेलले जानकारी सङ्कलन दरिलो बनाई प्रभावकारी रूपमा समय र स्रोत समेत बचाउँछ ।

१७

## नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली

- विश्व खाद्य कार्यक्रमद्वारा सन् २००६ देखि नेपालमा एकीकृत खाद्य सुरक्षा चरण वर्गीकरणमा आधारित (International standard Integrated Food Security Phase Classification (IPC) नेपालमा खाद्य सुरक्षा अनुगमन प्रारम्भ गरिएको हो ।
- यो प्रयासको फलस्वरूप खाद्य सुरक्षा अनुगमन र विश्लेषणप्रणालीको विकास भएको हो ।
- एकीकृत खाद्य सुरक्षा चरण वर्गीकरण खाद्य तथा कृषि संगठनद्वारा सोमालियामा खाद्य सुरक्षा अनुगमन र निर्णय प्रक्रियामा सुधारका लागि प्रतिपादित एक औजार र सिद्धान्तहरूको समूह हो ।
- नेपालको परिप्रेक्ष्यमा एकीकृत खाद्य सुरक्षा चरण वर्गीकरणलाई अवलम्बन गर्न भौगोलिक विविधतालाई प्रतिनिधित्त्व गर्ने गरी चार जिल्लाहरूमा यस प्रयासको विभिन्न पक्षहरूको परीक्षण गरियो ।
- परीक्षणको नतिजा आदानप्रदान तथा परामर्शका लागि सरोकारवालाहरूसँग केन्द्रीय र जिल्ला स्तरीय परामर्श भेला आयोजना गरिएको थियो ।

१८

## नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली

यसप्रणालीमा निम्न पक्ष छन् :

- विश्लेषण औजारहरूको सँगालो (सन्दर्भ तालिका र विश्लेषण तालिका)
- विभिन्न सञ्चार सामग्रीहरु - खाद्य सुरक्षा चरण वर्गीकृत नक्सासहितको खाद्य सुरक्षा बुलेटिन, बाली अवस्था सूचना)
- खाद्य सुरक्षा घरधुरी सर्भेक्षण
- खाद्य असुरक्षामा जोखिम अनुमानित जनसंख्या
- जिल्लास्तरमा खाद्य सुरक्षा अनुगमनका लागि संरचनागत व्यवस्था - जिल्ला खाद्य सुरक्षा सञ्जाल

१९

# जिल्ला खाद्य सुरक्षा सञ्जालका कार्यहरू

- त्रैमासिक रूपमा जिल्लाको गाविस स्तरमा खाद्य सुरक्षाको अवस्था अनुगमन गर्ने ।
- खाद्य सुरक्षाको अवस्थाबारे जनचेतना बढाउने ।
- जिल्लाको खाद्य सुरक्षाको अवस्थाबारे जानकारी आदानप्रदान गर्ने ।
- संयुक्त रूपमा जिल्लाको खाद्य सुरक्षा स्थितिको चरण निर्धारण गर्ने ।

२०

# खाद्य सुरक्षा अनुगमनका विश्लेषणात्मक औजारहरू

- खाद्य सुरक्षा सन्दर्भ तालिका
- खाद्य सुरक्षा विश्लेषण तालिका
- खाद्य सुरक्षा संश्लेषण तालिका
- खाद्य सुरक्षा चरण वर्गीकरण नक्सा

२१

# खाद्य सुरक्षाका चरण र तिनको विवरण

| चरण | | अवस्थाको विवरण |
|---|---|---|
| १ | **सामान्यतया खाद्य सुरक्षित चरण** | सामान्यतया खाद्य उपलब्धता र पहुँचमा पर्याप्तता, परम्परागत रूपमा अपनाइएका खाद्य सुरक्षाका वैकल्पिक उपायहरु जीवन निर्वाहको रणनीतिको रूपमा अपनाइएको अवस्था, प्राकृतिक प्रकोपको समस्याहरु नरहेको, सामान्यतया शान्ति सुरक्षाको स्थिति राम्रो । |
| २ | **मध्यमस्तरीय खाद्य असुरक्षित चरण** | मध्यम रूपमा खाद्य उपलब्धता र पहुंचमा कमी, दिगो खालका खाद्य सुरक्षाका वैकल्पिक उपायहरु अपनाइएको, प्राकृतिक प्रकोपबाट खाद्य र अन्य सम्पतिको सजिलै सहन सक्ने खालको क्षति हुने संभावना, शान्ति सुरक्षाको स्थिति केही अस्थिर रहेको अवस्था । |
| ३ | **उच्चतम खाद्य असुरक्षित चरण (जीविकोपार्जनका स्रोत सम्पतिहरु बेचबिखन गर्नुपर्ने अवस्थाको सुरुवात)** | नियमित र आकस्मिक घटनाले गर्दा खाद्य उपलब्धता र पहुँचमा उच्च कमी, कुपोषणको स्थिति, दिगो नहुने खालका वैकल्पिक खाद्य सुरक्षाका उपायहरूको अवलम्बन, जसले गर्दा जीविकोपार्जनको सम्पत्तिमा चुनौती । प्राकृतिक प्रकोपबाट खाद्य र अन्य सम्पतिको क्षति हुने संभावना, शान्ति सुरक्षाको स्थिति बिग्रँदो खालको । |

२२

## खाद्य सुरक्षाका चरण र तिनको विवरण...

| चरण | | अवस्थाको विवरण |
|---|---|---|
| ४ | गम्भीर खाद्य असुरक्षित चरण (खाद्य तथा जीविकोपार्जनमा गम्भीर सङ्कटको अवस्था) | नियमित रुपमा लामो खाद्य सङ्कटले गर्दा खाद्यवस्तुको उपलब्धता र पहुँचमा गम्भीर कमी, अति उच्चखालको कुपोषणको स्थिति, दिगो नहुने खालका खाद्य सुरक्षाका विकल्पको व्यापक प्रयोग । जीवीकोपार्जनको सम्पतिको गम्भीर रुपमा घट्नु, प्राकृतिक प्रकोपको कारणले समुदायले सहन गाह्रो पर्ने खाद्य र अन्य सम्पत्तिको क्षति, शान्ति सुरक्षामा उच्चतम अस्थिरता र आवतजावतमा रोकावट वा सङ्कट । |
| ५ | मानवीय आपतकालीन/ भोकमरीको चरण | अतिउच्च रुपमा खाद्य उपलब्धता र पहँचमा कमी व्यापक रुपको प्राकृतिक प्रकोप (ठूलो भूकम्प) को कारणले व्यापक रुपमा मानव मृत्यु, खाद्य सुरक्षाका वैकल्पिक उपाय सकिएको । |

२३

## सन्दर्भ तालिका

| सन्दर्भ सूचकहरू | | | पहिलो चरण | दोस्रो चरण | तेस्रो चरण | चौथो चरण | पाँचौ चरण | अवलोकन |
|---|---|---|---|---|---|---|---|---|
| | | | सामान्यतया खाद्य सुरक्षित अवस्था | मध्यमस्तरीय खाद्य असुरक्षित अवस्था | उच्चतम खाद्य असुरक्षित अवस्था | गंभिर खाद्य असुरक्षित अवस्था | मानवीय आपतकालीन/ भोकमरीको अवस्था | |
| खाद्य वस्तुको उपलब्धता | १ | अन्नबाली उत्पादन/ अवस्था | त. १०-२०% सम्म सामान्यभन्दा कम* प+हि. १०% सम्म सामान्यभन्दा कम । | त. २०-४०% सम्म सामान्यभन्दा कम* प+हि. १०-३०% सम्म सामान्यभन्दा कम । | त. ४०-६०% सम्म सामान्यभन्दा कम* प+हि. ३०-५०% सम्म सामान्यभन्दा कम । | त. ६०-८०% सम्म सामान्यभन्दा कम* प+हि. ५०-७०% सम्म सामान्यभन्दा कम । | त. >८०% सामान्यभन्दा कम* प+हि. >७०% सामान्यभन्दा कम । | * कृषकहरुको अपेक्षित उत्पादन वा जिल्लास्तरमा ५ वर्षको औसत उत्पादन (प=पहाडमा, हि=हिमालमा, त=तराईमा) |

२४

## खाद्य सुरक्षाका विश्लेषण तालिका

**जिल्ला :** **प्रतिवेदन अवधि :** **पूर्वानुमान अवधि :**

**समान खाद्य सुरक्षा स्थित भएका गाबिसहरु :** **जिल्ला खाद्य सुरक्षा सञ्जालको बैठक मिति :**

| सन्दर्भ सूचकहरू | | सूचनाको स्रोत | | विश्वसनीयता | | टिप्पणी | प्रत्येक सूचकको पूर्वानुमान | टिप्पणी | समग्र खाद्य सुरक्षा स्थितिको निर्धारित चरण | जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्रोत | मिति | v | x | | | | | |
| बाली १ उत्पादन र स्थिति | तराईमा १०-२०% सम्म सामान्यभन्दा कम; पहाड र हिमालमा १०% सम्म सामान्यभन्दा कम | | | | | | | | १ | |
| | तराईमा २०-४०% सम्म सामान्यभन्दा कम; पहाड र हिमालमा १०-३०% सम्म सामान्य भन्दा कम | | | | | | | | २ | |
| | तराईमा ४०-६०% सम्म सामान्यभन्दा कम; पहाड र हिमालमा ३०-५०% सम्म सामान्यभन्दा कम | | | | | | | | ३ | |
| | तराईमा-६०-८०% सम्म सामान्यभन्दा कम; पहाड, हिमालमा ५०-७०% सम्म सामान्यभन्दा कम | | | | | | | | ४ | |
| | तराईमा ८०% भन्दा बढीले सामान्यभन्दा कम; पहाड र हिमालमा ७०% भन्दा बढीले सामान्यभन्दा कम | | | | | | | | ५ | |

२५

## जिल्ला खाद्य सुरक्षा चरण संश्लेषण तालिका

**जिल्ला :** 
**पूर्वानुमान अवधि :**
**जिल्ला खाद्य सुरक्षा सञ्जालको बैठक मिति :** 
**प्रतिवेदन अवधि :**

| खाद्य सुरक्षा चरण (१, २, ३, ४, ५) | समूह (क, ख, ग, ...) | अवस्था विश्लेषण (कृपया मुख्य सूचकहरूबारे उल्लेख गर्नुहोस् । बाली उत्पादन र स्थिति, घरमा अनाजको सञ्चिति, मुख्य खाद्य पदार्थको बजारमा सञ्चय, ज्याला र अन्य रोजगारीका अवसरहरू आदि) | कारणहरु (कृपया सान्दर्भिक कारणहरु उल्लेख गर्नुहोस् जस्तै बाली बिग्रनु, प्राकृतिक प्रकोप, बेरोजगारी, मूल्य वृद्धि आदि) | पूर्वानुमान (↑→↓) | कारणहरु (बाली उत्पादनले घरको अनाज सञ्चयमा असर, बजारको मूल्य, मानवीय सहयोग आदि) | गत त्रैमासिकको अनुगमन अवधिको तुलनामा हाल के परिवर्तन भएको छ ? |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |

२६

## जिल्ला खाद्य सुरक्षाका चरण उल्लेखित नक्सा


**रोल्पा जिल्ला : खाद्य सुरक्षा स्थिति (असार-असोज २०६५)**

रोल्पा जिल्लामा मकै मुख्य एवम् महत्वपूर्ण वर्षे अन्नबाली हो । मकैको उत्पादन सामान्य रहेको अवस्थामा जिल्लाको खाद्य सुरक्षाको स्थिति पनि करिव पुस महिनासम्म सामान्य र हन्छ । तर यसपटक हावाहुरी र र ोगको कारणले जिल्लाको उत्तर-पश्चिम क्षेत्रमा मकैको उत्पादन ५०% भन्दा धेरैले कमी हुन गयो, जसले गर्दा उक्त क्षेत्रका सात गाविसहरु असोज महिनामा नै उच्चतम खाद्य असुरक्षित अवस्थामा धकेलिएका छन् र करिव १४ हजार ७ सय व्यक्तिहरु जोखिमपूर्ण अवस्थामा पुगेकाछन् । यसकारणले गर्दा कामको खोजीमा जिल्ला छाडेर बाहिर जानेहरूको संख्या दिनहुँ बढ्दै गएको छ ।




२७

## राष्ट्रिय खाद्य सुरक्षाका चरण उल्लेखित नक्सा



२८

# जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन कार्यान्वयनका चरणहरू




२९

# खाद्य सुरक्षा अनुगमनको त्रैमासिक समय तालिका

| कार्यान्वयन चरण | उद्देश्य | अपेक्षित नतिजा | समयावधि |
|---|---|---|---|
| सम्पूर्ण सान्दर्भिक तथ्याङ्कहरु सङ्कलन र एकत्रित गर्ने | जिल्ला त्रैमासिक तथ्याङ्क सङ्कलन योजना अनुरूप तथ्याङ्कहरु सङ्कलन गर्नु । | जिल्ला खाद्य सुरक्षा सञ्जालका सदस्यहरूले खाद्य सुरक्षा जानकारी आदानप्रदान फारम भर्ने र कार्यसमूहबाट समीक्षा । | हरेक त्रैमासिक चक्रको पहिलो दश हप्ता भित्र |
| जानकारीहरूको मूल्याङ्कन/विश्लेषण | विश्लेषणका औजारहरु प्रयोग गरी तथ्यमा आधारित खाद्य सुरक्षा विश्लेषण प्रक्रिया सञ्चालन गर्नु । | खाद्य सुरक्षा विश्लेषण तालिका, संश्लेषण तालिका, खाद्य सुरक्षा चरण वर्गीकरण नक्सा हरुको मस्यौदा रुप तयार । | हरेक त्रैमासिक चक्रको एघारौं हप्ता |

३०

# खाद्य सुरक्षा अनुगमनको त्रैमासिक समय तालिका

| कार्यान्वयन चरण | उद्देश्य | अपेक्षित नतिजा | समयावधि |
|---|---|---|---|
| प्रतिवेदनलाई सहभागितात्मक पुनरावलोकन गर्ने | खाद्य सुरक्षा चरण वर्गीकरण सम्बन्धी जिल्लाका सरोकारवालाहरु बीच प्राविधिक सहमति निर्माण गर्नु । | जिल्ला खाद्य सुरक्षा सञ्जालको त्रैमासिक भेला सञ्चालन र खाद्य सुरक्षा विश्लेषण तालिका, संश्लेषण तालिका, खाद्य सुरक्षा चरण वर्गीकरण नक्साहरु अनुमोदन । | हरेक त्रैमासिक चक्रको बाह्रौं हप्ता |
| जानकारीहरु केन्द्रीय विश्लेषण एकाइमा सम्प्रेषण गर्ने | केन्द्रीय विश्लेषण एकाइसँग प्रभावकारी ढङ्गमा जानकारीहरु आदानप्रदान गर्नु । | अन्तिम खाद्य सुरक्षा विश्लेषण तालिका, संश्लेषण तालिका, खाद्य सुरक्षा चरण वर्गीकरण नक्साहरु केन्द्रीय विश्लेषण एकाइमा सम्प्रेषण । | हरेक त्रैमासिक चक्रको तेह्रौं हप्ता |



तेस्रो खण्ड

६

# जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमनबारे व्यावहारिक तालिम

## उद्देश्य

सहभागीहरूमा जिल्ला खाद्य सुरक्षाको अनुगमनका विश्लेषणात्मक औजारहरूको व्यावहारिक रूपमा प्रयोग गर्नसक्ने दक्षताको अभिवृद्धि गर्नुरहेको छ ।

यो तालिमको अन्तसम्ममा सहभागीहरु,

१ खाद्य सुरक्षाका आधारभूत सैद्धान्तिक पक्षको समीक्षा गर्न सक्नेछन् ।

२ जिल्लास्तरीय त्रैमासिक खाद्य सुरक्षाको जानकारी सङ्कलन र योजना निर्माण गर्न सक्नेछन् ।

३ जिल्ला खाद्य सुरक्षा अनुगमनका लागि विभिन्न विधिहरूको प्रयोग गरी जानकारी सङ्कलन गर्न सक्नेछन् ।

४ खाद्य सुरक्षा जानकारी आदानप्रदान फारामको प्रयोग गरी जानकारीहरु सङ्कलनका प्रयासको प्रतिफल कार्यसमूहसँग आदानप्रदान गर्न सक्नेछन् ।

५ विभिन्न विश्लेषणात्मक तालिकाहरूको प्रयोग गरी खाद्य सुरक्षा विश्लेषण गर्न सक्नेछन् ।

६ खाद्य सुरक्षा विश्लेषणको सहभागीमूलक समीक्षा सञ्चालन गर्न सक्नेछन् ।

७ सान्दर्भिक तालिकाहरूको प्रयोग गरी खाद्य सुरक्षा विश्लेषणका जानकारी केन्द्रीय विश्लेषण एकाइमा सम्प्रेषण गर्न सक्नेछन् ।

# ६.१ व्यावहारिक तालिमको विषयवस्तु

| क्र.स. | समय (मिनेट) | विषयवस्तु |
|---|---|---|
| १ | ३० | **परिचय र तालिमको उद्देश्य**<br>• तालिमको शुरूवात र परिचय<br>• तालिमको उद्देश्य<br>• तालिमको विषयवस्तु |
| २ | ९० | **खाद्य सुरक्षाको अवधारणा र खाद्य सुरक्षा अनुगमनका सैद्धान्तिक पक्षको समीक्षा** |
| ३ | १२० | **खाद्य सुरक्षा अनुगमनको जानकारी सङ्कलन, आदानप्रदान तथा रूजू**<br>• जिल्लास्तरीय खाद्य सुरक्षा जानकारी सङ्कलन योजना ।<br>• जानकारी सङ्कलनका विधिहरु ।<br>• विभिन्न विधिका फाइदा तथा सीमितता ।<br>• खाद्य सुरक्षा जानकारी आदानप्रदान फाराम ।<br>• सङ्कलित जानकारीको रूजू । |
| ४ | १८० | **खाद्य सुरक्षा सञ्जालको बैठक:जानकारी विश्लेषणका लागि सहभागीमूलक तयारी**<br>• जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन सहकार्यको ढाँचा<br>• खाद्य सुरक्षा सञ्जाल को बैठकका चरणहरु ।<br>• कार्यसमूहले सम्पन्न गर्नुपर्ने मुख्य कार्यहरु । |
| ५ | १८० | **खाद्य सुरक्षा अनुगमनका विशिष्ट तालिका प्रयोग गर्दै जानकारीको विश्लेषण**<br>• निर्देशिकाको रूपमा खाद्य सुरक्षा सन्दर्भ तालिका ।<br>• प्रमाणहरूको संयोजनका लागि खाद्य सुरक्षा विश्लेषण तालिकाको प्रयोग ।<br>• जानकारीको संश्लेषण गर्न संश्लेषण तालिकाको प्रयोग ।<br>• खाद्य सुरक्षा चरण वर्गीकरण नक्सा । |
| ६ | ३० | **खाद्य सुरक्षा विश्लेषणको सहभागीमूलक समीक्षा तथा नतिजाहरूको केन्द्रीय विश्लेषण एकाइमा सम्प्रेषण** |
| ७ | ३० | **तालिमको समापन** |

## ६.२ पाठ्यक्रम

**सहभागीहरूको संख्या :** लगभग १५ जना
**अवधि :** ११ घण्टा

| सत्र | मूल विषयवस्तु | सत्रको उद्देश्य | विषयवस्तु | समय (मि.) | विधि | सामग्रीहरु |
|---|---|---|---|---|---|---|
| १. | परिचय र तालिमको उद्देश्य | • एक आपसमा परिचित हुनेछन् ।<br>• सहभागीहरूबीच सूचना आदानप्रदान गर्न र सिक्नलाई एक अनुकूल र स्वागतयोग्य वातावरण निर्माण गरेका हुनेछन् ।<br>• सहजकर्ताहरु र सहभागीहरु बीच एक मित्रतापूर्ण सम्बन्धको निर्माण गरेका हुनेछन् ।<br>• तालिमको उद्देश्यहरु र विषयवस्तुबारे बताउन सक्नेछन् । | • कार्यक्रमको शुरुवात र परिचय<br>• तालिम कार्यक्रमको उद्देश्य<br>• तालिम कार्यक्रमको विषयवस्तु | ३० | • प्रस्तुति<br>• खेलहरु | • न्युजप्रिन्ट र मार्कर<br>• कार्यक्रमको ब्यानर<br>• कार्यक्रम उद्देश्यहरूका स्लाइडहरु<br>• तालिमको विषयवस्तु |
| २. | खाद्य सुरक्षाको अवधारणा र खाद्य सुरक्षा अनुगमनका सैद्धान्तिक पक्षको समीक्षा | यो सत्रको अन्त्यमा सहभागीहरूले,<br>• खाद्य सुरक्षाका आधारभूत सैद्धान्तिक पक्षको समीक्षा गर्नेछन् । | • खाद्य सुरक्षाको परिभाषा<br>• खाद्य सुरक्षाका आयामहरु<br>• खाद्य सुरक्षा अनुगमनका औजारहरु<br>• खाद्य सुरक्षा अनुगमनको महत्त्व | ९० | • मस्तिष्क मन्थन (Brain storming)<br>• प्रस्तुति<br>• प्रश्न र उत्तर | • न्युजप्रिन्ट र मार्करहरु<br>• प्रश्न र उत्तरहरु<br>• परिभाषा, खाद्य सुरक्षाका चार आयाम र महत्त्व बारेका स्लाइडहरु |
| ३. | खाद्य सुरक्षा अनुगमनको जानकारी सङ्कलन, आदानप्रदान तथा रूजू | यो सत्रको अन्त्यमा सहभागीहरूले,<br>• जिल्लास्तरीय खाद्य सुरक्षा जानकारी सङ्कलन र योजना निर्माणबारे बताउन सक्नेछन् ।<br>• जानकारी सङ्कलनका पाँच विधिबारे बताउन सक्नेछन् ।<br>• विभिन्न विधिका फाइदा तथा सीमितताबारे बताउन सक्नेछन् ।<br>• जिल्ला खाद्य सरक्षा जानकारी आदानप्रदान तालिकाका मुख्य पक्षहरूबारे बताउन सक्नेछन् ।<br>• खाद्य सुरक्षा जानकारी आदानप्रदान फाराममा जानकारी सङ्कलन गरेर देखाउन सक्नेछन् ।<br>• सूचना जानकारीको रूजू गर्न सक्नेछन् । | • जिल्लास्तरीय त्रैमासिक खाद्य सुरक्षा जानकारी सङ्कलन योजना<br>• जानकारी सङ्कलनका विधिहरु<br>◆ द्वितीय स्रोतको उपयोग<br>◆ जानिफकार व्यक्तिसँग अन्तरवार्ता<br>◆ लक्षित समूह छलफल<br>◆ प्रत्यक्ष अवलोकन<br>◆ घरधुरी सर्भेक्षण<br>• खाद्य सुरक्षा जानकारी आदानप्रदान फाराम<br>• सङ्कलित जानकारीको रूजू । | १२० | • प्रस्तुति<br>• व्यक्तिगत अभ्यास<br>• प्रस्तुति<br>• व्यक्तिगत अभ्यास<br>• अभियान | • न्युजप्रिन्ट<br>• जानकारी सङ्कलन विधिका स्लाइडहरु<br>• जानकारी सङ्कलन तालिका<br>• खाद्य सुरक्षा जानकारी आदानप्रदान फाराम |

| सत्र | मूल विषयवस्तु | सत्रको उद्देश्य | विषयवस्तु | समय (मि.) | विधि | सामग्रीहरु |
|---|---|---|---|---|---|---|
| ४ | खाद्य सुरक्षा सञ्जालको बैठकः जानकारी विश्लेषणका लागि सहभागी मूलक तयारी | यो सत्रको अन्त्यमा सहभागीहरूले,<br>• जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन सहकार्यको ढाँचाबारे बताउन सक्नेछन् ।<br>• विश्लेषणका पद्धतिहरुः सहभागीमूलक वा कार्यसमूह चयनबारे बताउन सक्नेछन् ।<br>• खाद्य सुरक्षा सञ्जालको बैठक सञ्चालनका चरण बताउन सक्नेछन् ।<br>• गाविसहरूको समूह निर्माण गर्ने प्रक्रिया बताउन सक्नेछन् ।<br>• कारणहरूको विश्लेषण गरेर देखाउन सक्नेछन् ।<br>• पूर्वानुमानबारे बताउन सक्नेछन् ।<br>• कार्यसमूहले सम्पन्न गर्नुपर्ने मुख्य कार्यहरूबारे बताउन सक्नेछन् । | • जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन सहकार्यको ढाँचा<br>• खाद्य सुरक्षा सञ्जालको बैठकका चरणहरु<br>• खाद्य सुरक्षा जानकारीको सम्पादन<br>• गाविसहरूको खाद्य सुरक्षा चरण वर्गीकरण<br>• गाविसहरूको समूह निर्माण तथा विश्लेषण<br>• कार्यसमूहले सम्पन्न गर्नुपर्ने मुख्य कार्यहरु | १८० | • प्रस्तुति<br>• व्यक्तिगत अभ्यास<br>• समूह कार्य | • न्युजप्रिन्ट, मार्कर<br>• खाद्य सुरक्षा अनुगमन सहकार्यको ढाँचा<br>• खाद्य सुरक्षा सञ्जालको बैठकका चरण<br>• कार्यसमूहका कार्यहरु |
| ५ | खाद्य सुरक्षा अनुगमनका विशिष्ट तालिका प्रयोग गर्दै, जानकारीको विश्लेषण | यो सत्रको अन्त्यमा सहभागीहरूले,<br>• खाद्य सुरक्षा सन्दर्भ तालिकाको प्रयोगबारे बताउन सक्नेछन् ।<br>• खाद्य सुरक्षा विश्लेषण गरी तालिका भरेर देखाउन सक्नेछन् ।<br>• संश्लेषण गरी तालिका भरेर देखाउन सक्नेछन् ।<br>• खाद्य सुरक्षाका चरण नक्सामा भरेर देखाउन सक्नेछन् । | • निर्देशिकाको रूपमा खाद्य सुरक्षा सन्दर्भ तालिका<br>• प्रमाणहरूको संयोजनका लागि खाद्य सुरक्षा विश्लेषण तालिकाको प्रयोग<br>• जानकारीको संश्लेषण गर्न संश्लेषण तालिकाको प्रयोग<br>• खाद्य सुरक्षा चरण वर्गीकरण नक्सा | १८० | • प्रस्तुति<br>• समूहकार्य | • न्युजप्रिन्ट<br>• खाद्य सुरक्षा सन्दर्भ तालिका<br>• खाद्य सुरक्षा विश्लेषण तालिका<br>• खाद्य सुरक्षा संश्लेषण तालिका<br>• जिल्लाको खाद्य सुरक्षा चरण वर्गीकरण नक्साहरु |
| ६ | खाद्य सुरक्षा विश्लेषणको सहभागी मूलक समीक्षा तथा नतिजाहरूको केन्द्रिय विश्लेषण एकाइमा सम्प्रेषण | यो सत्रको अन्त्यमा सहभागीहरूले,<br>• खाद्य सुरक्षा विश्लेषणको सहभागीमूलक समीक्षा प्रक्रियाबारे बताउन सक्नेछन् ।<br>• जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन नतिजाहरूको केन्द्रीय विश्लेषण एकाइमा सम्प्रेषण प्रक्रियाबारे बताउन सक्नेछन् । | • खाद्य सुरक्षा विश्लेषणको सहभागीमूलक समीक्षा प्रक्रिया<br>• जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन नतिजाहरूको केन्द्रीय विश्लेषण एकाइमा सम्प्रेषण | ३० | • प्रस्तुति | • न्युजप्रिन्ट, मार्कर<br>• नतिजाहरु सम्प्रेषण प्रक्रिया बारेको स्लाइड |

| सत्र | मूल विषयवस्तु | सत्रको उद्देश्य | विषयवस्तु | समय (मि.) | विधि | सामग्रीहरु |
|---|---|---|---|---|---|---|
| ७ | समापन | यो सत्रको अन्त्यसम्ममा,<br>• सहभागीका जिज्ञासाहरु सम्बोधन हुनेछन् ।<br>• तालिमका उद्देश्यहरु पूरा भए नभएकोबारे बताउन सक्नेछन् ।<br>• जिल्लामा खाद्य सुरक्षा अनुगमनका लागि समय र प्रतिबद्धताहरु व्यक्त गरेका हुनेछन् । | • तालिमको पुनरावलोकन<br>• तालिमको समापन | ३० | • प्रस्तुति | • तालिमको उद्देश्यहरु |

व्यावहारिक तालिम

सत्र १

# ६.३ परिचय र तालिमको उद्देश्य

## उद्देश्यहरू

यो सत्रको अन्तमा सहभागीहरूले :

1. एक आपसमा परिचित हुनेछन् ।
2. सहभागीहरूबीच सूचना आदानप्रदान गर्न र सिक्नलाई एक अनुकूल वातावरण निर्माण गरेका हुनेछन् ।
3. सहजकर्ताहरू र सहभागीहरूबीच एक मित्रतापूर्ण सम्बन्धको निर्माण गरेका हुनेछन् ।
4. तालिमको उद्देश्यहरू र तालिमको विषयवस्तुबारे बताउन सक्नेछन् ।

| अवधि | विधि | सामग्रीहरु |
|---|---|---|
| ३० मिनेट | • प्रस्तुति<br>• खेलहरु | • न्युजप्रिन्ट<br>• मार्करहरु<br>• उद्देश्य र विषयवस्तुका प्रतिहरु |

## *विषयवस्तु १ : स्वागत र परिचय*

### चरणहरू

1. सहभागीहरूलाई अभिवादन गर्दै, तालिममा स्वागत गर्ने ।
2. आयोजकलाई, तालिममा उपस्थित सहभागी र अतिथिहरूलाई स्वागत गर्न भन्ने । जिल्लामा दरिलो खाद्य सुरक्षा अनुगमन प्रक्रियाको थालनीका लागि सहभागीहरूको चाख र सहभागिताले योगदान दिनसक्छ र त्यस तरिकाले जिल्लामा खाद्य सुरक्षा सुनिश्चतताको लागि सहयोगी हुन्छ भन्ने कुरालाई महत्त्व दिने ।
3. यदि तालिम एक औपचारिक रूपमा शुरू गर्ने योजना छ भने, विशिष्ट कर्मचारी/अतिथिलाई तालिमको लागि उसको मन्तव्य र भनाइहरू व्यक्त गर्न भन्ने ।

४ शुभारम्भ सत्रको समाप्तिपछि तालिम सत्रको परिचयात्मक कार्यक्रमलाई अगाडि बढाउनका लागि अनुमति माग्ने ।

५ हामीहरू अहिले, हाम्रो परिचय आफैं दिन गइरहेका छौं भन्ने र कार्यक्रमलाई रमाइलो बनाउनका लागि तपाईंहरूको अनुमति चाहन्छु भन्ने । सहभागीसंग अनुमति लिने, (सहभागीको चाहना हेरी उपयुक्त परिचयको विधि, तल उल्लेख भए अनुरूप गर्ने ।)

### सहजकर्तालाई जानकारी

एक औपचारिक प्रारम्भले तालिमको महत्त्व दर्शाउँछ । कार्यक्रमको महत्त्व र औपचारिक प्रतिबद्धता लिनको लागि औपचारिक शुभारम्भ सत्रको आयोजना गरिने गरिन्छ । वरिष्ठता हेरी एक वरिष्ठ अधिकारीलाई शुभारम्भ सत्रको लागि सभापतित्त्व वा अध्यक्षताको लागि अनुरोध गर्ने । समारोहमा विशेष सहभागी वक्ताले सहभागीहरूलाई खाद्य सुरक्षा सन्जालमा उनीहरूको काम महत्त्वपूर्ण हुन्छ भन्ने सन्देश पठाउँदा, प्रतिबद्धता बढ्छ । शुभारम्भ सत्र सकेसम्म छोटो बनाउने कुरामा निश्चित हुने । यसका लागि सम्बन्धित व्यक्ति (जस्तै कृ.वि.अ. स्था.वि.अ. जसले जिल्लामा तालिमलाई संयोजन गरिरहेका छन्) सँगको राय बमोजिम निर्णय गर्न सकिन्छ । वक्ताहरूले सहभागीहरूलाई सम्बोधन गरिसकेपछि, तालिमको शुभारम्भ सत्रमा सहभागिताका लागि सहभागीहरूलाई धन्यवाद दिने ।

परिचयात्मक सत्रको सन्दर्भमा कृपया स्थानीय परिस्थिति (सहभागीहरु, समय र सजिलोपन) मा आधारित रहेर, सुहाउँदो विधि छान्नुहोला । नाम, पद, काम गर्ने कार्यालय र केही महत्त्वपूर्ण अनुभव, खाद्य सुरक्षासँग सम्बन्धित उल्लेखनीय घटनाहरु उल्लेख गरेर, परिचयको सरल विधिलाई प्रयोग गर्न सकिन्छ ।

**परिचयको वैकल्पिक विधि:**

१. सहभागीहरूलाई जोडीहरु बनाउन भन्ने र उनीहरूको नाम, संगठन, तह, खाद्य सुरक्षासँग सम्बन्धित रमाइला र उल्लेखनीय घटनाका बारेमा जोडीहरूबाट सूचना लिनको लागि ५ मिनेट समय उपलब्ध गराउने । एकचोटि सबै सहभागीहरूले आफ्नो काम गरिसकेपछि जोडीमा परिचय गर्न भन्ने । जस्तै एउटा जोडी साथीले उसको अर्को साथीको परिचय दिनेछ ।

२. आफ्नो परिचय दिँदा आफ्नो नामसँग शुरू हुने पहिलो अक्षरसँग एउटा विशेषण शब्दलाई समावेश गरेर परिचय शुरू गर्ने । उदाहरणको लागि हरि नाम भएको व्यक्तिले जस्तै हँसिलो (विशेषण), हरिप्रसाद शर्मा, ........अधिकृत, ........जिल्ला भनेर परिचय गर्न सकिने । आवश्यक भए २ मिनेट तयारीका लागि समय दिने । सहभागीहरूलाई यो परिचयको प्रक्रिया सजिलो बनाउन सहजकर्ताले आफ्नो परिचयबाट शुरू गर्ने । सहजकर्ताले परिचय गरेको जस्तै शैलीमा अरु सहभागीहरूलाई आफ्नो परिचय दिन भन्ने ।

# विषयवस्तु २ : तालिमको उद्देश्यहरू र विषयवस्तु

## चरणहरू

१ तालिमका उद्देश्यहरूको (**स्लाइड नं. २**) प्रस्तुतगर्ने र छोटकरीमा व्याख्या गर्ने । यदि सहभागीहरूसँग उद्देश्यहरूमाथि केही प्रश्न र जिज्ञासा भए छलफल गर्न उत्साहित गर्ने र प्रस्ट पार्ने ।

२ तालिमको विषयवस्तु (**स्लाइड नं. ३**) प्रस्तुत गर्ने ।

३ केही सहभागीहरूलाई आफ्ना अपेक्षाहरू र तालिमसंग सम्बन्धित कुनै जिज्ञासा भए, सोध्ने । सहभागीहरूका अपेक्षाहरू र तालिमको उद्देश्यहरूका बीचमा केही मत भिन्नताहरू भए, सम्बोधन गर्ने ।

### सहजकर्तालाई जानकारी

सत्र अगावै गोष्ठीका उद्देश्यहरु र विषवस्तु *PowerPoint* वा न्युजप्रिन्टमा तयारी गर्ने । यदि सम्भव भएसम्म गोष्ठीको पूरै अवधिमा उद्देश्यहरु भित्तामा टाँसी छोडिदिने । व्यवस्थापकीय विषयमा चिन्तित रहनु पर्‍यो भने सहभागीको ध्यान विषयवस्तुमा केन्द्रित गर्न गाह्रो हुन्छ । त्यसैले ती समस्याहरूलाई सही तरिकाले समयमा नै सम्बोधन गर्नु फाइदाजनक हुन्छ । भत्ता उपलब्ध नहुने कुरा, खाना, विश्राम, इत्यादि विषयहरूबारे प्रस्ट पार्नुहोस् ।

## सारांश तथा मूल्याङ्कन

परिचय कार्यक्रममा सक्रिय सहभागिताको लागि धन्यवादसहित गोष्ठीको उद्देश्य के रहेछन् त ! भनी प्रश्न गर्ने । यसपछि सहभागीहरूका उत्तरलाई संयोजन गर्दै, उक्त उद्देश्य पूरा गर्न मूल विषयवस्तुहरूबारे छोटो विवेचनासहित सत्रको अन्त गर्ने ।

व्यावहारिक तालिम

सत्र २

# ६.४ खाद्य सुरक्षाको अवधारणा र खाद्य सुरक्षा अनुगमन सैद्धान्तिक पक्षको समीक्षा

## उद्देश्य

यो सत्रको अन्तमा सहभागीहरूले,

१ खाद्य सुरक्षाका आधारभूत सैद्धान्तिक पक्षको समीक्षा गर्नेछन् ।

| समय | विधि | सामग्री |
|---|---|---|
| ६० मिनेट | • हाजिरीजवाफ | • न्युजप्रिन्ट<br>• प्रश्न र उत्तरहरु<br>• परिभाषा, खाद्य सुरक्षाका चार पक्ष र महत्त्वबारेका स्लाइडहरु |

## विषयवस्तु १ः खाद्य सुरक्षाका अवधारणाबारे पुनरावलोकन

### चरण

१ अब हामी, खाद्य सुरक्षाको अवधारणाबारे छलफल गर्न लागिरहेका छौं भन्ने कुरा बताउँदै, खाद्य सुरक्षाबारेको परिचयात्मक तालिममा भाग लिइसकेका सहभागी कोको हुनुहुन्छ ? हात उठाइदिनोस् भनी अनुरोध गर्ने ।

२ सहभागीहरूलाई २ भाग, परिचयात्मक तालिममा भाग लिएका र नलिएकालाई छुट्याउने । भाग लिएका र नलिएका दुवै समावेश हुनेगरी ३ वटा समूह निर्माण गर्ने ।

३ अब हामी, हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गर्न लागिरहेका छौँ भनी ३ वटा समूहलाई ३ वटा छुट्टाछुट्टै टेबुलमा बस्न लगाउने ।
४ सहभागीमध्येबाट १ जना अङ्कको लेखाजोखा राख्न र अर्को १ जना समय हेर्नलाई जिम्मा लगाउने ।
५ हाजिरीजवाफको नियमहरू बताउने ।
६ सन्दर्भ सामाग्री २ मा उल्लेखित प्रश्नहरू प्रयोग गरी हाजिरीजवाफ शुरू गर्ने ।
७ प्रत्येक प्रश्न, समूहलाई सोधेर प्रश्नको उत्तर प्राप्त भएपछि उत्तरको सही वा गलत (सन्दर्भ सामाग्री ३ प्रयोग गर्दै) सुनिश्चित गरी अङ्क प्रदान गर्ने । प्रश्नमा आधारित थप जानकारी सहभागीलाई दिँदै विषयवस्तुबारे प्रस्ट पार्ने । उदाहरणको लागि प्रश्न नं १ पछि, खाद्य सुरक्षाको स्लाइड देखाएर थप प्रस्ट पार्ने । यस सत्रको लागि सान्दर्भिक स्लाइडहरू, सैद्धान्तिक तालिम (खण्ड १) मा छन् ।
८ हाजिरीजवाफको कार्यक्रम समाप्त भएपछि, विजयी तथा अन्य सहभागी समूहलाई पुरस्कार उपलब्ध गराउने । (सामान्यतयाः चकलेट, नोटबुक, कलम आदि सबै सहभागीलाई पुग्नेगरी दिन सकिने)
९ अन्तमा, खाद्य सुरक्षाको अवधारणाबारे पुनरावलोकन गर्दै, सत्र अन्त गर्ने ।

### सहजकर्तालाई जानकारी

हाजिरीजवाफलाई प्रभावकारी बनाउन, नियमहरु बनाई प्रस्तुत गर्ने । यो प्रतियोगिताको उद्देश्य खाद्य सुरक्षाका अवधारणाको बारेमा पुनः १ पटक समीक्षा गर्ने अन्तरक्रियात्मक अवसर प्राप्त गर्नु हो । सहजकर्ताले हरेक प्रश्नपछि त्यसको सारलाई, प्रस्ट पार्ने प्रयास गर्नुपर्छ ।

**हाजिरीजवाफका लागि केही मार्गदर्शनहरु**

१. सहभागीलाई समूहमा बाँड्ने - कम्तीमा १ समूहमा ३ जना हुनेगरी ३ समूह बनाउने ।
२. एक जनालाई प्रश्न सोध्ने, एक जनालाई अङ्कको लेखा राख्न र अर्को एक जनालाई समय हेर्ने जिम्मा दिने ।
३. समूहभित्र आफ्नो नेता छान्न लगाउने र प्रश्नको उत्तर दिँदा, समूहनेताले नै दिनुपर्ने बताउने । अन्यले दिएको उत्तर मान्य नहुने ।
४. प्रश्नको उत्तर दिने पहिलो समूहलाई १ मिनेट, सोही प्रश्न दोस्रो समूहमा गए ३० सेकेण्ड र तेस्रो समूहमा गए १५ सेकेण्ड समय उपलब्ध गराउने ।
५. उत्तरको ठीक, बेठीक पहिला नै तयार उत्तर पुस्तिकाको आधारमा निश्चित गरिने कुरा बताउने ।
६. हरेक प्रश्नमा, पहिलोपटक उत्तर दिनेलाई २ अङ्क र पास गरेर दोस्रो वा तेस्रो समूहका लागि १ नम्बर दिने ।

## सारांश तथा मूल्याङ्कन

हामीले यस सत्रमा, खाद्य सुरक्षा र खाद्य सुरक्षा अनुगमनबारेको आधारभूत आधारणा र खाद्य सुरक्षा अनुगमनको महत्त्वबारे छलफल गर्‍यौं । यो क्रममा सबै सहभागीको सक्रिय सहभागिताको सराहना गर्दै, सत्रको अन्त गर्ने ।

# ६.५ खाद्य सुरक्षा अनुगमनको जानकारी सङ्कलन, आदानप्रदान तथा रुजू

## उद्देश्य

यो सत्रको अन्तमा सहभागीहरूले :

1. जिल्लास्तरीय त्रैमासिक खाद्य सुरक्षा जानकारी सङ्कलन योजना निर्माणबारे, बताउन सक्नेछन् ।
2. जानकारी सङ्कलनका पाँच विधिबारे बताउन सक्नेछन् ।
3. विभिन्न विधिका फाइदा तथा सीमितताबारे बताउन सक्नेछन् ।
4. जिल्ला खाद्य सुरक्षा जानकारी आदानप्रदान तालिकाका मुख्य पक्षहरूबारे बताउन सक्नेछन् ।
5. खाद्य सुरक्षा जानकारी आदानप्रदान फाराममा जानकारी सङ्कलन गरेर देखाउन सक्नेछन् ।
6. जानकारीको रूजू गर्न सक्नेछन् ।

| समय | विधि | सामग्रीहरु |
|---|---|---|
| १२० मिनेट | • प्रस्तुति<br>• भूमिका अभिनय<br>• व्यक्तिगत अभ्यास | • न्युजप्रिन्ट<br>• जानकारी सङ्कलन तालिका<br>• जानकारी सङ्कलन विधिका स्लाइडहरु |

## *विषयवस्तु १ : जिल्लास्तरीय त्रैमासिक खाद्य सुरक्षा जानकारी सङ्कलन योजना*

### चरणहरु

1. अहिले हामी, जिल्लास्तरीय त्रैमासिक खाद्य सुरक्षा जानकारी सङ्कलन योजना निर्माण प्रक्रियाबारे छलफल गर्दैछौं भन्ने र सोको लागि हाल नियमित कार्यक्रम अन्तरगत सङ्कलन भैरहेका जानकारी र प्रक्रियाको पुनरावलोकन गर्ने र सामान्य परिवर्तनबाट खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणालीको लागि आवश्यक जानकारी कसरी सङ्कलन गर्न सकिन्छ ? भन्नेबारे पुनर्विचार गर्ने प्रयास गर्दैछौं भन्ने ।
2. खाद्य सुरक्षा अनुगमन एक बहुआयामिक काम भएकाले र सबै सरोकारवाला तथा सञ्जाल सदस्यहरूको जानकारी सङ्कलनमा महत्त्वपूर्ण भूमिका रहन्छ भनी वर्णन गर्ने ।
3. सहभागीहरूलाई, जिल्लामा कार्यान्वयन गरिएका आफ्ना नियमित कार्यक्रमका बारेमा सोच्न भन्ने । अनुगमन र प्रतिवेदन प्रक्रिया हरेक विकास तथा सेवा कार्यक्रमका नियमित क्रियाकलाप भएको हुंदा तपाईंहरूले जानकारी सङ्कलन गरिरहनु भएकै छ । यस प्रक्रियामा खाद्य सुरक्षा अनुगमनका लागि यी जानकारी निकै महत्त्वपूर्ण हुन्छन् भनी हाल सङ्कलित तथ्य/सूचनाका प्रकारहरूका बारेमा सोच्न उत्साहित गर्ने ।

४ तत्पश्चात सबै सहभागीहरूलाई एकल संस्था जानकारी सङ्कलन प्रक्रियाको पुनरावलोकन तालिका (**स्लाइड नं.** ४) वितरण गर्ने र सहभागीहरूलाई खाद्य सुरक्षा अनुगमनका सूचकको मिल्दो पंक्तिमा सङ्कलित जानकारी उल्लेख गर्न लगाउने । तालिकाबारे प्रस्ट पार्न, वास्तविक उदाहरणहरू दिने ।

५ सहभागीहरूलाई तालिकामा काम गर्नका लागि १० मिनेट समय दिने । प्रत्येक सहभागीलाई तालिका भर्ने कार्य कसरी गर्दैछन्, भन्ने अवलोकन गर्ने र केही अन्यौल भए प्रस्ट पार्ने ।

## *सहजकर्तालाई जानकारी*

यस अभ्यासको उद्देश्य भनेको खाद्य सुरक्षाको १२ सूचकहरूसँग सम्बद्ध भई, हाल सञ्चालन भइरहेका कार्यक्रमहरु द्वारा सङ्कलित सूचनाहरूको समीक्षा गर्नु हो । यस अभ्यासका दुई भागहरु छन् ।

पहिलो भागले खाद्य सुरक्षा अनुगमन सूचकहरूसँग सम्बन्धित तथ्याङ्कको प्रकारहरूको समीक्षा गर्दछ । पहिलो अभ्यासले, तीन किसिमका निष्कर्षहरूमा पुग्न सकिन्छ ।
क) कुनै पनि सान्दर्भिक तथ्याङ्क सङ्कलित नभएको
ख) खाद्य सुरक्षाकोलागि तत्काल प्रयोगमा ल्याउन नसक्ने खालका केही तथ्याङ्कहरु
ग) खाद्य सुरक्षाको विश्लेषणको प्रयोगको लागि उपयुक्त समसामयिक तथ्याङ्कहरु रहेका ।

त्यस्तै, दोस्रो अभ्यासले, हालका कार्यक्रमलाई आमूल परिवर्तन नगरी खाद्य सुरक्षाका सान्दर्भिक तथ्याङ्क सङ्कलन गर्ने कुराहरूको सम्भावनालाई खोज्ने प्रयास गर्दछ । जसमा खाद्य सुरक्षा अनुगमन र सूचना सङ्कलन प्रक्रिया नियमित कार्यक्रमसँग समायोजन भई, तथ्याङ्क सङ्कलनको लागि कुनै थप समय र स्रोतको आवश्यकता नपरोस् ।

खाद्य सुरक्षा अनुगमनका लागि जानकारी सङ्कलन, अतिरिक्त कार्य नभई नियमित कार्यक्रको एक भाग बनाउने कुराको सुनिश्चित गर्ने कुरा प्रस्ट पार्ने ।

६ तालिकाहरू सङ्कलन गर्ने र पुनरावलोकन गर्ने ।

७ जिल्लामा विभिन्न सरोकारवालाद्वारा सङ्कलन गरिएका तथ्यहरूका बारेमा सूचना आदानप्रदान गर्ने । सहभागीद्वारा तथ्य/जानकारी सङ्कलनसम्बन्धमा उपलब्ध गराइएको सूचना र तालिकाको पुनरावलोकन गरिसकेपछि त्यसलाई संक्षेपमा स्पष्ट पार्ने ।

८ जिल्लामा खाद्य सुरक्षा अनुगमनका लागि जानकारी सङ्कलनका लागि धेरै अतिरिक्त प्रयासको आवश्यकता पर्दैन । धेरैजसो सूचना, हाल सङ्कलन भैरहेकै कुरा प्रस्ट पार्ने । सन्दर्भ तालिकामा उल्लेखित सूचकहरूका सन्दर्भमा जानकारी संयोजन गर्न, थोरै फेरबदलको मात्र आवश्यक पर्ने कुराकोबारेमा प्रस्ट पार्ने ।

९ माथिको अभ्यासपछि सहभागीबाट सङ्कलित तालिकाको आधारमा कुनकुन संस्थाले केके जानकारी सङ्कलन गर्ने ? भन्नेबारे जानकारी सङ्कलनका प्रक्रिया, समय, विधि तथा सहिपनाबारे सहमति बनाई (**स्लाइड नं.** ५) बमोजिम जिल्लाको खाद्य सुरक्षा त्रैमासिक खाद्य सुरक्षा जानकारी सङ्कलन योजना निर्माण गर्नुपर्ने कुरा बताउने । सोको लागि **स्लाईड नं.** **६ र ७** प्रस्तुत गरी, प्रस्ट पार्ने ।

१० सोको लागि खाद्य सुरक्षा अनुगमन विश्लेषण तालिकाको सहयोग लिई, हाल उपलब्ध जानकारीमा केके कमी छन् ? पत्तालगाउन सहयोग गर्ने ।

११ हरेक संस्थाले, कमी भएका जानकारी कसरी सङ्कलन गर्नसक्छ ? छलफल गर्ने ।

१२ हरेक संस्थाले सङ्कलन गर्नसक्ने तथ्याङ्कबारे सहमतिमा पुग्ने । जानकारी सङ्कलन प्रक्रिया भरपर्दो हुने कुरामा सुनिश्चत गर्ने ।

१३ जिल्लाको त्रैमासिक खाद्य सुरक्षा तथ्याङ्क सङ्कलन योजना तयार पार्न र जिल्ला खाद्य सुरक्षा सञ्जालका सम्पूर्ण सदस्यहरूलाई सहमति गराउने ।

## विषयवस्तु २ः जानकारी सङ्कलनका विधिहरू

### चरणहरू

१ अब हामी, जानकारी सङ्कलन विधिबारे छलफल गर्दैछौं भनी, जानकारी सङ्कलन गर्ने विधिहरू के होलान् ? भनी प्रश्न गर्नुहोस् ।
२ सहभागीका उत्तरहरूको टिपोट गर्नुहोस् ।
३ सहभागीका उत्तरहरू संयोजन गर्दै, आज हामी खाद्य सुरक्षा अनुगमन प्रक्रियामा सान्दर्भिक ५ वटा विधिका बारेमा छलफल गर्दैछौं भनी ५ विधि (**स्लाइड नं. ८**) प्रस्तुत गरी विवेचना गर्ने ।

## विषयवस्तु ३ः द्वितीय स्रोतको उपयोग

### चरणहरू

१ द्वितीय स्रोत भन्नाले के बुझिन्छ ? भनी प्रश्न गर्ने । यो विधिको (**स्लाइड नं. ९**) प्रस्तुत गरी विवेचना गर्ने ।
२ 'यो खाद्य सुरक्षा' अनुगमनको जानकारी सङ्कलनमा कसरी सान्दर्भिक छ ? व्यावहारिक उदाहरणहरूको आदानप्रदान गरी प्रस्ट पार्ने ।
३ सहभागीहरूलाई यो विधिका फाइदा र बेफाइदा के होलान् ? भनी प्रश्न गर्ने । सहभागीका विचारहरूको कदर गर्दै, (**स्लाइड नं. १६**) को मद्दतबाट फाइदा र सीमितताबारे प्रस्ट पार्ने ।

## विषयवस्तु ४ः जानिफकार व्यक्तिसँग अन्तरवार्ता

### चरणहरू

१ जानिफकार व्यक्तिसँगको अन्तरवार्ता भनेको के होला ? भनी प्रश्न गर्ने । यो विधिको (**स्लाइड नं. १०**) प्रस्तुत गरी विवेचना गर्ने ।
२ कुन उद्देश्यले अन्तरवार्ता गरिन्छ होला ?
३ चरणहरू के होलान् ? चरणहरू आफ्नो नोटबुकमा लेख्न लगाउनुहोस् ।
४ सहभागीलाई आफूले टिपोट गरेका बुँदाहरू, पालैपालो आदानप्रदान गर्न लगाउनुहोस् ।
५ सन्दर्भ सूचकहरूलाई हेरी, यो विधिबाट केके जानकारी सङ्कलन गर्न सकिन्छ होला ? सोध्नुहोस् ।
६ दुई जना स्वयंसेवकलाई बोलाउनुहोस् र एक जनालाई जानिफकार र अर्कोलाई अन्तरवार्ता लिन लगाउनुहोस् । यसका लागि ३ मिनेटको समय दिनुहोस् र अन्तरवार्ता गर्न लगाउनुहोस् । अरू सहभागीलाई अवलोकन गर्न भन्नुहोस् । सबल र सुधार गर्नुपर्ने पक्ष टिपोट गर्न भन्नुहोस् ।
७ अभिनय सम्पन्न भएपछि धन्यवाद दिँदै, अभिनयमा रहेको सबल र सुधारका पक्षबारे छलफल गर्नुहोस् ।
८ विधिका फाइदा र सीमितताबारे छलफल गरी **स्लाइड नं. १६** को मद्दतबाट थप प्रस्ट पार्नुहोस् ।

## *विषयवस्तु ५ः लक्षित समूह छलफल* *(Focus Group Discussion)*

### चरणहरू

१ लक्षित समूह छलफल के हो र यसको उद्देश्य के हो ? भनी प्रश्न गर्ने । यो विधिको (**स्लाइड नं. ११**) प्रस्तुत गरी विवेचना गर्ने ।

२ आफ्नो कार्यको सिलसिलामा लक्षित समूह छलफल गर्नुभएको छ कि, भनी सहभागीहरूलाई सोध्ने । चरणहरू भन्न लगाउने ।

३ चरणहरू प्रस्तुत (**स्लाइड नं. १२**) गरी छलफल चलाउने ।

४ सहभागीहरूलाई सन्दर्भ सूचकहरू हेर्न लगाउने र कुन सूचकको जानकारी सङ्कलन गर्न, यो बढी सान्दर्भिक होला ? भनी प्रश्न गर्ने ।

५ अब हामी, लक्षित समूह छलफल गर्दैछौं भनी ५ जनालाई सहभागी १ जना सहजकर्ता र १ जना टिपोट गर्ने व्यक्ति चयन गर्ने । बाँकी सहभागीले अवलोकन गरी, सबल र सुधार गर्ने पक्षको टिपोट गर्ने । लक्षित समूह छलफलका लागि निर्देशिका (**स्लाइड नं. १३** ) देखाउने ।

६ स्वयंसेवक र सहभागीलाई धन्यवाद दिँदै, छलफलको क्रममा देखिएका सबल र सुधार्नुपर्ने पक्षबारे छलफल गर्ने ।

७ यो विधिका फाइदा र सीमितताबारे (**स्लाइड नं. १७**) प्रस्तुत गरी, सहभागीलाई थप प्रस्ट पार्ने ।

### *सहजकर्तालाई जानकारी*

#### *लक्षित समूह छलफलका लागि निर्देशिकाः विषय बसाइसराइ*

- बसाइसराइको अवस्था कस्तो छ ?
- कुन गाविसमा बढी छ ?
- कुन उमेर, समूह र आर्थिक अवस्थाका मान्छे बसाइँ जाने गरेका छन् ?
- कारणहरु के होलान् ?
- खाद्य सुरक्षामा यसले के प्रभाव पारेको छ ?

## *विषयवस्तु ६ः प्रत्यक्ष अवलोकन*

### चरणहरू

१ सहभागीहरूलाई प्रत्यक्ष अवलोकनको परिभाषा, चरण र फाइदाबारे आफ्नो नोटबुकमा टिपोट गर्न लगाउने । सोको लागि ५ मिनेट समय दिने ।

२ सबैले टिपोट गर्ने कार्य सकेपछि क्रमैसँग परिभाषा, चरण र फाइदाबारे छलफल गरी प्रस्ट पार्ने । यो विधिको (**स्लाइड नं. १४**) प्रस्तुत गरी विवेचना गर्ने ।

३ अन्तमा यो विधिको फाइदा र सीमितताबारे प्रस्तुत (**स्लाइड नं. १७**) गरी प्रत्यक्ष अवलोकन विधिको छलफल अन्त गर्ने ।

## विषयवस्तु ७: घरधुरी सर्भेक्षण

### चरणहरू

1. सहभागीहरूलाई घरधुरी सर्भेक्षणको परिभाषा, चरण र फाइदाबारे आफ्नो नोटबुकमा टिपोट गर्न लगाउने । सोको लागि ५ मिनेट समय दिने ।
2. सबैले टिपोट गर्ने कार्य सकेपछि क्रमैसँग परिभाषा, चरण र फाइदाबारे छलफल गरी प्रस्ट पार्ने । यो विधिको (**स्लाइड नं. १५**) प्रस्तुत गरी विवेचना गर्ने ।
3. अन्तमा यो विधिको फाइदा र सीमितताबारे (**स्लाइड नं. १७**) प्रस्तुत गरी, प्रत्यक्ष अवलोकन विधिको छलफल अन्त गर्ने ।

## विषयवस्तु ८: विधिहरूको फाइदा र सीमितता

### चरणहरू

1. न्युजप्रिन्टमा तयार गरिएको विधिहरूको नाम, फाइदा र सीमितता उल्लेख गरी छलफल गर्दै, खाली महलहरू भर्ने ।
2. सहभागीको छलफललाई संयोजन गरी, चार विधिका फाइदा र सीमितता (**स्लाइड नं. १६ र १७**) प्रस्तुत गरी फाइदा र सीमितताबारेको छलफल अन्त गर्ने ।

## विषयवस्तु ९: खाद्य सुरक्षा जानकारी आदानप्रदान फाराम

### चरणहरू

1. खाद्य सुरक्षा जानकारी आदानप्रदान फाराम (**स्लाइड नं. १८**) प्रस्तुत गरी यो खाद्य सुरक्षा अनुगमनसम्बन्धी आधारभूत जानकारीहरू सङ्कलन गरी खाद्य सुरक्षा सञ्जालको बैठकमा प्रस्तुत गरिने कुरा बताउने ।
2. जानकारी आदानप्रदान फारामका विभिन्न पक्षहरू (**स्लाइड नं. १८** ) प्रस्तुत गरी उदाहरण सहित प्रस्ट पार्ने ।
3. सहभागीहरूलाई अब हामी यसै तालिकामा खाद्य सुरक्षासम्बन्धी जानकारी भर्ने काम गर्नेछौं भनी, आफ्नो कार्यालय वा संस्थामा भएका जानकारी सङ्कलन गर्न फारामको प्रतिलिपि, सबै सहभागीहरूलाई उपलब्ध गराउने ।
4. यस कार्यका लागि १५ मिनेट समय तोक्नुहोस् र अभ्यासको दौरानमा सबै सहभागीका बीचमा पुग्नुहोस् र आवश्यक परे, थप जानकारी उपलब्ध गराई प्रस्ट पार्नुहोस् ।
5. सबै सहभागीहरूले जानकारी सङ्कलन गरेको सुनिश्चित गर्नुहोस् । सबैले जानकारी सङ्कलन कार्य सकेपछि मूल बुँदा र अनुभवहरू सबै सहभागीबीच आदानप्रदान गर्न लगाउनुहोस् ।
6. जानकारी सङ्कलनका तरिकाबारेका मूल कडी (Tips) तरिका बताउँदै (**स्लाइड नं. १९**) छलफलको अन्त गर्ने ।

## *विषयवस्तु १०: खाद्य सुरक्षा सूचना/जानकारीको रुजू*

चरणहरू

1. सहजकर्ता सबै सहभागीहरूबीच गई केके जानकारीहरू सङ्कलित छन् ? आवश्यकता अनुरूप छन् वा छैनन्, सुनिश्चित गर्ने ।
2. खाद्य सुरक्षा सञ्जालका सदस्यहरूले सङ्कलन गरेका जानकारीको रुजू गर्ने प्रक्रियाबारे (**स्लाइड नं. २०**) प्रस्तुत गरी, सहभागीहरूलाई बताउने र सो अनुरूप जिल्ला खाद्य सुरक्षा जानकारी सङ्कलन योजना अनुरूप सञ्जालका सदस्यहरूले जानकारी सङ्कलन गरेका छन् वा छैनन् खाद्य सुरक्षा सञ्जालको बैठकको मितिभन्दा कम्तीमा १ हप्ताअघि सञ्जालका कार्यसमूहका सदस्यले सुनिश्चित गर्ने । जानकारी सङ्कलन भएको छैन भने, सो कमी परिपूर्ति गर्न सहयोग गर्ने ।

## *सारांश तथा मूल्याङ्कन*

यो सत्रमा हामीले, जिल्ला खाद्य सुरक्षा अनुगमनका लागि त्रैमासिक जानकारी सङ्कलन योजना निर्माण प्रक्रिया, जानकारी सङ्कलन का विभिन्न विधिहरू र यी विधिका फाइदा र सीमितता तथा सङ्कलित जानकारीको रुजूबारे छलफल गर्‍यौं । अब एकपटक हामी पुनः स्मरण गर्न चाहन्छौं भनी, उपर्युक्त विषयवस्तुबारे निम्न मूल प्रश्न गरी, सहभागीका उत्तरलाई संयोजन गर्दै सत्रको अन्त गर्ने ।

१. जिल्ला खाद्य सुरक्षा अनुगमनका लागि जानकारी सङ्कलन योजनाको मुख्य चरण के हुन् ?
२. जानकारी सङ्कलन का ५ वटा विधिको नाम भन्नुहोस् ।
३. पाँचवटै विधिका १-१ वटा फाइदा र सीमितता भन्नुहोस् ।
४. सहभागीहरूलाई प्रत्येक विधिबारे १-१ गरी प्रश्न गर्ने ।

व्यावहारिक तालिम

सत्र ४

# ६.६ खाद्य सुरक्षा सञ्जालको बैठकः जानकारी विश्लेषणका लागि सहभागीमूलक तयारी

## उद्देश्यहरू

यो सत्रको अन्तमा सहभागीहरूले :

1. जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन सहकार्यको ढाँचाबारे बताउन सक्नेछन् ।
2. विश्लेषणका पद्धतिहरूः सहभागीमूलक वा कार्यसमूहमा आधारित हुनेबारे बताउन सक्नेछन् ।
3. खाद्य सुरक्षा सञ्जालको बैठक सञ्चालनका चरण बताउन सक्नेछन् ।
4. कार्यसमूहले सम्पन्न गर्नुपर्ने मुख्य कार्यहरूबारे बताउन सक्नेछन् ।

| समय | विधि | सामग्रीहरु |
|---|---|---|
| १८० मिनेट | • प्रस्तुति<br>• व्यक्तिगत कार्य | • न्युजप्रिन्ट<br>• मार्कर<br>• खाद्य सुरक्षा सञ्जाल बैठकमा चरणहरु<br>• जिल्लाको खाद्य सुरक्षा नक्सा<br>• खाद्य सुरक्षा जानकारी आदानप्रदान फ्लेक्सबोर्ड |

## विषयवस्तु १ : जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन सहकार्यको ढाँचा

### चरण

1. जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन सहकार्यको ढाँचा (**स्लाइड नं. २१**) प्रस्तुत गर्ने ।
2. खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण कार्यका दुई पद्धति १) सहभागीमूलक वा २) कार्यसमूहमा आधारित भएकोबारे बताउने ।
3. यी दुई पद्धतिमध्ये कुन अपनाउने भन्ने कुरा, स्थानीय परिवेशअनुसार निर्णय गर्न सकिने कुरा बताउने ।
4. पहिलो पद्धतिमा सबै जिल्ला खाद्य सुरक्षा सञ्जालका सदस्यहरूलाई समावेश भई विश्लेषण कार्य गरिन्छ भने दोस्रो पद्धतिमा कार्यसमूहले विश्लेषण कार्य सम्पन्न गरेपछि, जिल्ला खाद्य सुरक्षा सञ्जालको समष्टिगत बैठकमा, समीक्षा र अनुमोदनका लागि आदानप्रदान गर्ने कुरा बताउने ।
5. अब हाम्रो जिल्लाको सन्दर्भमा, खाद्य सुरक्षा जानकारी विश्लेषणको पद्धति सहभागीमूलक वा कार्यसमूह आधारित कुन हुनसक्ला ? भनी प्रश्न गर्ने र छलफल चलाई निष्कर्ष निकाल्ने ।

## विषयवस्तु २ : खाद्य सुरक्षा सञ्जालको बैठकका चरणहरू

### चरणहरू

1. खाद्य सुरक्षा सञ्जाल सञ्चालनका चरणहरू केके हुन सक्छन् होला ? भन्ने प्रश्न गर्नुहोस् ।
2. सहभागीका विचारहरूको टिपोट गर्नुहोस् ।
3. सहभागीका विचारको कदर गर्दै, खाद्य सुरक्षा सञ्जालको बैठकका चरणहरू (**स्लाइड नं. २२, २३ र २४**) प्रस्तुत गर्नुहोस् ।

## विषयवस्तु ३ : खाद्य सुरक्षा जानकारीको सम्पादन

### चरणहरू

1. अब हामी खाद्य सुरक्षा सञ्जालका सदस्यहरूको भूमिका निर्वाह गर्दै, खाद्य सुरक्षा सञ्जालको बैठक प्रस्तुत गरिएको चरण अनुरूप सञ्चालन गर्दैछौं भन्ने जानकारी दिने र बैठक शुरू गर्ने । सहभागीहरूलाई बैठक सञ्चालनका चरणहरू टिपोट गर्न लगाउने ।
2. सहभागीहरू मध्येबाट १ जना जानकारी टिपोट गर्ने (सचिव), एक जना सहजकर्ता र अन्य सहभागीहरूलाई खाद्य सुरक्षा जानकारी सङ्कलन तालिकामा सङ्कलित जानकारी उपलब्ध गराउने भूमिका गरिदिन अनुरोध गर्ने ।

३ गत सत्रमा खाद्य सुरक्षा जानकारी आदानप्रदान फाराममा सङ्कलन गरिएका जानकारीहरू पालैपालो सबै सहभागीलाई हरेक सूचकको सान्दर्भिक जानकारी एकएक गरी उपलब्ध गराउन अनुरोध गर्ने । उदाहरणका लागि पहिलो सूचक अन्नबाली उत्पादन तथा अवस्थाबारेको जानकारी कोसँग छ, भनी सोध्ने । सम्बन्धित संस्थाले अन्नबाली उत्पादन तथा अवस्थाबारे जानकारी उपलब्ध गराएपछि खाद्य सुरक्षा जानकारी आदानप्रदान फ्लेक्सबोर्ड तालिकाको सम्बन्धित पङ्क्तिमा उल्लेख गर्ने । यसैगरी हरेक सन्दर्भ सूचकहरूबारे पालैपालो गरी जानकारी भर्न शुरू गर्ने । सोको लागि सबै सूचकबारे सहभागीहरूसँग केके जानकारी छन् सबै सहभागीहरूलाई पालैपालो सोध्ने ।

### *सहजकर्तालाई जानकारी*

यदि सहभागीहरूसँग जानकारी उपलब्ध छैनन् भने सन्दर्भ सामाग्री २ को प्रयोग गरी जानकारी सङ्कलन गर्न लगाउने र त्यसैमा आधारित भई खाद्य सुरक्षा सञ्जालको बैठक सञ्चालन गर्ने ।

सहभागीबाट प्राप्त जानकारीहरूलाई मेटाकार्डमा लेख्दै सान्दर्भिक सूचकको पंक्तिमा टाँस्ने । यसै गरी पालैपालो १२ वटै सूचकबारे जानकारी सङ्कलन गर्ने । जानकारी टिपोट गर्नका लागि चरण अनुरूपको रङ भएका मेटाकार्डहरू हरियो, पहेँलो, सुन्तला, रातो र खैरो क्रमश १,२,३,४ र ५ चरणका लागि प्रयोग गर्ने ।

## *विषयवस्तु ४ः गाविसहरूको खाद्य सुरक्षा चरण वर्गीकरण*

### चरणहरू

१ अब सहजकर्ताले फ्लेक्स तालिकामा उल्लेखित मेटाकार्डलाई जिल्लाको नक्सामा सम्बन्धित गाविसहरूमा टाँस्दै जाने ।

२ उपर्युक्त मेटाकार्डमा लेखिएको जानकारी र छलफलको क्रममा टिपोटकर्ता (सचिव) को जानकारीका आधारमा गाविसको समग्र चरण निर्धारण गर्न, छलफल चलाउने । सोको लागि सम्बन्धित गाविसमा चरण १,२,३,४, ५ भनी लेख्ने ।

३ सहभागीहरूले चरण निर्धारणको क्रममा आफ्ना सुझाव र जिज्ञासा राख्नेछन् र सबैको सहमति नभएसम्म छलफल जारी रहनेछ ।

४ यो छलफल, सबै गाविसको खाद्य सुरक्षा चरण वर्गीकरण गरेपछि अन्त हुनेछ ।

## *विषयवस्तु ५ः गाविसहरूको समूह निर्माण तथा विश्लेषण*

### चरणहरू

१ प्रत्येक गाविसको चरणबारे सहमति भैसकेपछि सहजकर्ताले, अब हामी प्रत्येक गाविसको निश्चित चरणमा पर्नुको कारण र आगामी पूर्वानुमानबारे छलफल गर्दैछौं भनी छलफल शुरू गर्ने । छलफलबाट आएका सहमतिहरूलाई टिपोट गर्ने ।

२ विश्लेषणको क्रममा जब निश्चित गाविसहरूको समान स्थिति देखिन्छ र पूर्वानुमान पनि समान देखिन्छ । ती समान कारणहरू र समान पूर्वानुमानको आधारमा गाविसहरूको समूह निर्धारण गर्ने ।

३ यसरी क्रमैसँग सबै गाविसहरूको विश्लेषण गर्दै, समान स्थितिका गाविसहरूको विभिन्न छुट्टाछुट्टै सङ्केत दिई बोर्डमार्करको सहायताले खाद्य सुरक्षा नक्सामा समूह छुट्याउने ।

४ सहभागीहरूलाई खाद्य सुरक्षा सञ्जालको बैठक सकिएको बताउने र अब खाद्य सुरक्षा सञ्जालको कार्यसमूहले यी जानकारीको आधारमा विश्लेषण तालिका, संश्लेषण तालिका र नक्सा तयार गरी, केन्द्रीय विश्लेषण एकाइमा पठाउनुका साथै खाद्य सुरक्षा सञ्जालको सदस्यहरूलाई उपलब्ध गराउनुपर्ने कुरा बताउने ।

## विषयवस्तु ६: कार्यसमूहले सम्पन्न गर्नुपर्ने मुख्य कार्यहरू

### चरणहरू

१ कार्यसमूहले गर्नुपर्ने कार्य (**स्लाइड नं. २५ र २६**) प्रस्तुत गरी, सत्रको अन्त गर्ने ।

### सहजकर्तालाई जानकारी

चरण निर्धारण गर्ने कुरा वास्तविक प्रमाणहरूमा आधारित हुनुपर्ने । चरण ५ अति अपवादको स्थितिमा मात्र हुनेगर्छ । जहाँ ठूलो जमातमा धनजनको क्षति भई गाउँ नै सखाप भएको स्थिति आदिमा मात्रै ।

## सारांश तथा मूल्याङ्कन

जिल्ला खाद्य सुरक्षा सञ्जालको बैठक सञ्चालन प्रक्रियाबारे छलफल र अभ्यास गर्‍यौं भन्दै, सक्रिय सहभागिताको लागि सबै सहभागीहरूलाई धन्यवाद दिनुहोस् । अब जिल्ला खाद्य सुरक्षा सञ्जालको बैठक सञ्चालनका मुख्य चरणहरू भन्न लगाउनुहोस् र सहभागीका उत्तरहरूको संयोजन गर्दै, सत्रको अन्त गर्नुहोस् ।

व्यावहारिक तालिम

सत्र ५

# ६.५ खाद्य सुरक्षा अनुगमनका विशिष्ट तालिका प्रयोग गर्दै, जानकारीको विश्लेषण

## उद्देश्य

यो सत्रको अन्तमा सहभागीहरूले :

१ खाद्य सुरक्षा सन्दर्भ तालिकाको प्रयोगबारे बताउन सक्नेछन् ।
२ खाद्य सुरक्षा विश्लेषण गरी तालिका भरेर देखाउन सक्नेछन् ।
३ संश्लेषण गरी तालिका भरेर देखाउन सक्नेछन् ।
४ खाद्य सुरक्षाका चरण नक्सामा भरेर देखाउन सक्नेछन् ।

| समय | विधि | सामग्री |
|---|---|---|
| १८० मिनेट | • प्रस्तुति<br>• समूहकार्य | • न्युजप्रिन्ट/मार्कर<br>• खाद्य सुरक्षा सन्दर्भ तालिका<br>• खाद्य सुरक्षा विश्लेषण तालिका<br>• खाद्य सुरक्षा संश्लेषण तालिका<br>• जिल्लाका खाद्य सुरक्षा नक्साहरु |

## विषयवस्तुः १ निर्देशिकाको रुपमा खाद्य सुरक्षा सन्दर्भ तालिका

### चरणहरु

1. हामी, थप विश्लेषण तथा तालिका भर्ने कार्य गर्नुअघि विभिन्न तालिकाबारे छलफल गर्नु सान्दर्भिक हुनेहुनाले सन्दर्भ तालिकाको उद्देश्य तथा यसका मुख्य तत्वहरू केके छन् ? भन्नेबारे विवेचना गर्नेछौं भन्ने कुरा जानकारी दिने ।
2. सन्दर्भ तालिका प्रस्तुत (**स्लाइड नं. २७, २८ र २९**) गर्ने । नामबाट नै यो सन्दर्भको रूपमा प्रयोग हुने कुरा बताउँदै, यो तालिका विश्लेषणको हरेक चरणमा प्रयोग हुने विषयवस्तुबारे प्रस्ट पार्ने ।
3. यसका मूल ३ वटा पक्ष क) खाद्य सुरक्षा चरण, ख) सन्दर्भ सूचक र ग) परिमाणात्मक सीमा (Threshold level) (**स्लाइड नं ३०**) विवेचनासहित प्रस्ट पार्ने ।
4. यसपछि सबै १२ वटा सूचकहरूको परिचय, सिफारिस गरिएका जानकारी सङ्कलन विधि तथा परिमाणात्मक सीमाबारे प्रस्ट पार्ने ।
5. छलफलको दौरानमा सहभागीहरूलाई सूचकहरूको परिभाषाबारे आफ्ना विचारहरू प्रस्तुत गर्न उत्साहित गर्ने । उदाहरणका लागि खाद्य आवश्यकतालाई झल्काउने महत्त्वपूर्ण सूचकहरू के हुन सक्छन् ? त्यसैगरी उपलब्धता झल्काउने महत्त्वपूर्ण सूचकहरू के हुन सक्छन् ?
6. प्रत्येक सूचकको परिभाषा प्रस्ट पारिसकेपछि प्रत्येक सूचकहरूको परिमाणात्मक सीमा (Threshold) ले प्रतिनिधित्व गर्ने चरणको बारेमा छोटकरीमा व्याख्या गर्ने । यसको लागि प्रत्येक सहभागीलाई एक सूचकको चरण निर्धारण गर्ने परिमाणात्मक मापक अङ्क भन्न लगाउने । उदाहरणका लागि, बाली उत्पादन/स्थितिको परिमाणात्मक सीमा (Threshold) कुन अवस्थामा भएमा खाद्य सुरक्षाको चरण ३ हुन जान्छ ? प्रतिक्रिया लिने र प्रतिक्रिया ठीक छ, छैन भन्ने कुराको निश्चित गर्ने । यसैगरी सबै १२ वटै सूचकहरूका लागि यो छलफल चलाउने ।
7. सहभागीहरू सबै, १२ वटै सूचकहरूबारे प्रस्ट भएको सुनिश्चित गर्ने ।

## विषयवस्तुः २ खाद्य सुरक्षा विश्लेषण तालिका

### चरण

1. सन्दर्भ तालिकाको छलफलपछि अब हामी, खाद्य सुरक्षा विश्लेषण तालिकाको बारेमा छलफल गर्दैछौं भनी विश्लेषण तालिका उपलब्ध गराउने । विश्लेषण तालिका प्रस्तुत (**स्लाइड नं. ३१**) गर्ने ।
2. विश्लेषण तालिकाको मूल उद्देश्य जानकारीहरूलाई व्यवस्थित गरी, चरण वर्गीकरणमा सहयोग पुऱ्याउनु हो भन्ने कुरा बताउँदै **स्लाइड नं. ३२** प्रस्तुत गरी प्रस्ट पार्ने ।
3. विश्लेषण तालिका हरेक गाविसहरूका समूहको लागि बेग्लाबेग्लै एक एकवटा भर्नुपने कुरा प्रस्ट पार्ने ।

४ विश्लेषण तालिकामा मुख्य रूपमा ४ पक्षहरू भएको कुरा **स्लाइड नं. ३३** प्रस्तुत गरी प्रस्ट पार्ने ।

५ त्यसैगरी खाद्य सुरक्षा विश्लेषण तालिकाको माथिल्लो भागमा निम्न जानकारी उल्लेख गर्नुपर्ने कुरा पनि व्याख्या गर्नुहोस् ।

क) जिल्लाको नाम

ख) गाविसको समूहलाई तोकिएको सङ्केत

ग) निश्चित गाविसको समूहमा पर्ने गाविसहरूको नाम

घ) प्रतिवेदन अवधि

ङ) पूर्वानुमान अवधि

च) जिल्ला खाद्य सुरक्षा सञ्जालको बैठक मिति

६ अब खाद्य सुरक्षा विश्लेषण तालिकाको हरेक महलमा उल्लेख गर्नुपर्ने कुरा **स्लाइड नं. ३४** अनुरूप व्याख्या गर्नुहोस् ।

७ त्यसैगरी खाद्य सुरक्षा विश्लेषण तालिकाको दाहिने पट्टिको अन्तिम खाना अर्थात आठौं महल, समग्र खाद्य सुरक्षाको स्थितिबारे उल्लेख गर्ने ठाउँ भएको कुरा बताउँदै निम्न कुराको व्याख्या गर्ने र तालिका भर्ने तरिका (**स्लाइड नं. ३५**) बताउने ।

८ समग्र खाद्य सुरक्षाको स्थितिबारे विभिन्न चरणमा पर्ने अनुमानित जनसंख्या (चरण ३ र ४ मा रहेका जनसंख्या) अनुमान गर्ने तरिकाबारे (**स्लाइड नं. ३६**) प्रस्तुत गरी प्रस्ट पार्नुहोस् ।

९ अब तपाईंहरू खाद्य सुरक्षा विश्लेषण तालिकाबारे प्रस्ट हुनुभयो होला । केही अस्पष्टता छन् भने प्रश्न गर्नोस् भनी प्रश्न गर्न दिएर, थप प्रस्ट्याउने ।

१० त्यसपछि रिक्त खाद्य सुरक्षा विश्लेषण तालिका उपलब्ध गराउने र समूहमा जानकारीको विश्लेषण कार्य गरी, तालिका भर्न लगाउने ।

११ प्रत्येक गाविसको समूहका लागि छुट्टाछुट्टै विश्लेषण तालिका भर्नुपर्ने कुरा बताउँदै, सबैभन्दा बढी खाद्य असुरक्षित समूहबाट तालिका भर्न शुरू गर्न लगाउने ।

१२ सहभागीहरूलाई, माथिको खाली ठाउँमा जानकारी उल्लेख गर्न लगाउनुहोस् । गाविसको नाम, गाविसका समूहको सङ्केत वर्ण र अक्षर प्रतिवेदन अवधि, पूर्वानुमान र जिल्ला खाद्य सुरक्षाको बैठक मिति लेख्न लगाउने । ।

१३ त्यसपछि छलफल भए अनुरूप तालिका भर्न लगाउने ।

१४ खाद्य सुरक्षा विश्लेषण तालिका भर्न शुरू गर्नुपूर्व आफूसँग आवश्यक जानकारी र तालिकाहरू (**स्लाइड नं. ३७**) भएको सुनिश्चित गर्नुपर्ने कुरा बताउँदै विषयलाई प्रस्ट पार्नुहोस् ।

१५ विश्लेषण तालिका भरिएपछि पुनः एकपटक एकरूपता (Consistency) बारे सुनिश्चित गर्न, पुनरावलोकन गर्ने कुरा बताउने । अन्य व्यक्तिलाई रूजू गर्न लगाउने र उल्लेखित जानकारी बुँदाहरू प्रस्ट भए नभएको सुनिश्चित गर्ने ।

## *विषयवस्तु ३ः जानकारीको संश्लेषण र संश्लेषण तालिका*

### चरण

१ अब हामी, संश्लेषण तालिका भर्न गइरहेका छौं भन्ने कुरा बताउने र संश्लेषण तालिकाका निम्न मूल पक्षबारे प्रस्ट गर्ने । संश्लेषण तालिका प्रस्तुत (**स्लाइड नं. ३८**) गर्ने ।

२ तालिकाबारे थप जानकारी दिन निम्न बुँदाहरू (**स्लाइड नं. ३९**) प्रस्तुत गरी प्रस्ट्याउने ।

३ अब हामीहरू, संश्लेषण तालिकाका विभिन्न पक्षबारे प्रस्ट भयौं होला भन्दै केही जिज्ञासा भए, सोध्न

प्रोत्साहित गर्ने र प्रस्ट पार्ने ।

४ अब हामी समूहमा काम गर्छौं भन्दै ३ समूहमा विभाजन गरी, तालिका उपलब्ध गराउने र जानकारीबारे विश्लेषण गरी, उपयुक्त ठाउँमा भर्न लगाउने ।

५ अभ्यासको क्रममा सहभागीबीच गई, आवश्यक सहयोग तथा सुझाव प्रदान गर्ने । संश्लेषण तालिका भर्ने कार्य सकिएपछि, खाद्य सुरक्षा चरण वर्गीकरण नक्सा तयारीबारे बताउने ।

## विषयवस्तु ४: खाद्य सुरक्षा चरण वर्गीकरण नक्सा

### चरण

१ अब हामी, खाद्य सुरक्षा चरण वर्गीकरण नक्साबारे छलफल गर्दैछौं भनी, **स्लाइड नं. ४० र ४१** प्रस्तुत गरी, नक्साका विभिन्न पक्षबारे प्रस्ट पार्ने ।

२ सहभागीहरू खाद्य सुरक्षा चरण वर्गीकरण नक्साका विभिन्न पक्षबारे प्रस्ट भएको सुनिश्चित गर्ने । सहभागीहरूलाई रित्त नक्सा उपलब्ध गराई विगत सत्रका जानकारीहरूको आधारमा खाद्य सुरक्षा चरण वर्गीकरण नक्सा तयार गर्न लगाउने ।

३ अभ्यासको क्रममा सहभागीबीच गई आवश्यक सहयोग तथा सुझाव प्रदान गर्ने र खाद्य सुरक्षा चरण वर्गीकरण नक्सा तयार भएको बारे सुनिश्चित गर्ने ।

## सारांश तथा मूल्याङ्कन

जिल्ला खाद्य सुरक्षा अनुगमन र विश्लेषणप्रणाली अनुरूप जानकारीहरूको विश्लेषण, संश्लेषण तथा खाद्य सुरक्षा नक्सा तयार गर्न र खाद्य सुरक्षा अनुगमनका विशिष्ट तालिकाहरू भर्ने तरिकाबारे छलफल गर्‍यौं भन्दै, सहभागीहरूलाई मुख्य तालिकाको नाम र तिनका मूल तत्त्वहरू भन्न लगाउने । (१-१ तालिकाको छुट्टाछुट्टै) र सहभागीको उत्तरलाई संयोजन गर्दै, सत्र अन्त गर्ने ।

व्यावहारिक तालिम

सत्र ६

# ६.८ खाद्य सुरक्षा विश्लेषणको सहभागीमूलक समीक्षा तथा नतिजाहरूको केन्द्रीय विश्लेषण एकाइमा सम्प्रेषण

## उद्देश्यहरू

यो सत्रको अन्तमा सहभागीहरूले :

१ खाद्य सुरक्षा विश्लेषणको सहभागीमूलक समीक्षा प्रक्रियाबारे बताउन सक्नेछन् ।

२ जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन नतिजाहरूको केन्द्रीय विश्लेषण एकाइमा सम्प्रेषण प्रक्रियाबारे बताउन सक्नेछन् ।

| समय | विधि | सामग्री |
|---|---|---|
| ३० मिनेट | • प्रस्तुति<br>• मस्तिष्क मंथन | • न्युजप्रिन्ट<br>• मार्करहरु |

## *विषयवस्तु १ : खाद्य सुरक्षा विश्लेषणको सहभागीमूलक समीक्षा*

### चरणहरु

1. सत्र ४ मा छलफल भएको जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन सहकार्यको ढाँचा (**स्लाइड नं. २१**) प्रस्तुत गर्ने ।
2. उक्त ढाँचा र पहिलो पद्धति अनुरूप अर्थात खाद्य सुरक्षा कार्यसमूहले जानकारी विश्लेषण गर्ने अवस्थामा खाद्य सुरक्षा सञ्जालको बैठकमा विश्लेषणहरू, सहभागीमूलक समीक्षाको लागि प्रस्तुत गरिन्छ भन्ने कुरा बताउने ।
3. यो सहभागीमूलक समीक्षाको क्रममा नै सबै जानकारीहरू तथा निष्कर्षहरूबारे आवश्यक छलफल गरी खाद्य सुरक्षा सञ्जालले अनुमोदन गर्नेछ ।

## *विषयवस्तु २ : जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन नतिजाहरुको केन्द्रीय विश्लेषण एकाइमा सम्प्रेषण*

### चरणहरु

1. खाद्य सुरक्षा अनुगमन प्रभावकारी हुनका लागि जिल्लास्तरमा खाद्य सुरक्षा जानकारी सङ्कलन तथा विश्लेषणपछि तोकिएको समयमा, केन्द्रीय विश्लेषण एकाइमा पुग्नु, एक महत्त्वपूर्ण कार्य हो भन्ने कुरा बताउँदै सोको लागि जिल्लास्तरबाट के गर्न सकिन्छ ? प्रश्न राख्ने ।
2. सहभागीका विचारहरूको टिपोट गर्ने ।
3. सहभागीका विचारहरूको कदर गर्दै, उपाय तथा प्रक्रियाहरू (**स्लाइड नं. ४२**) प्रस्तुत गरी बताउने ।
4. सहभागीलाई कुनै कुरा अस्पष्ट वा केही जिज्ञासा भए, प्रस्ट पार्ने ।

## *सारांश तथा मूल्याङ्कन*

हामी खाद्य सुरक्षा जानकारीको सहभागीमूलक समीक्षा तथा जानकारी विश्लेषणका नतिजाहरू कसरी प्रभावकारी रूपमा सम्प्रेषण गर्ने ? भन्नेबारे छलफल गर्‍यौं भन्दै, यसबारे थप केही जिज्ञासा भए, छलफल गरी सत्रलाई अन्त गर्ने ।

# ६.७ तालिमको समापन

## उद्देश्यहरू

यो सत्रको अन्तमा सहभागीहरूले :

1. सहभागीका जिज्ञासाहरू सम्बोधन हुनेछन् ।
2. तालिमका उद्देश्यहरू पूरा भए नभएकोबारे बताउन सक्नेछन् ।
3. तालिमको मूल्याङ्कन गरेका हुनेछन् ।
4. जिल्लामा खाद्य सुरक्षा अनुगमनको लागि समय र प्रतिबद्धताहरू व्यक्त गरेका हुनेछन् ।

| समय | विधि | सामग्री |
|---|---|---|
| ३० मिनेट | • प्रस्तुति<br>• मस्तिष्क मंथन | • तालिमका उद्देश्यहरूको प्रति |

## *विषयवस्तु १ : तालिमको पुनरावलोकन*

### चरणहरू

1. तालिमका विषयवस्तु र उद्देश्यहरू प्रस्तुत (**स्लाइड नं. २**) गर्ने र उद्देश्यहरू र सिकाइका उपलब्धिहरूको सम्बन्धमा आफ्ना भनाइ राख्न लगाउने ।
2. प्रतिक्रियाहरूको टिपोट गर्ने ।
3. जिज्ञासाहरू केही भए सम्बोधन गर्ने ।
4. सहभागीहरूलाई तालिमको विषयवस्तु र तालिम सञ्चालन प्रक्रियामाथि उनीहरूको पृष्ठपोषण माग्ने । भविष्यमा यो तालिमलाई अझ बढी प्रभावकारी बनाउन, सल्लाह वा सुझावहरूको लागि अनुरोध गर्ने । प्राप्त मूल्यवान् सल्लाहहरू र पृष्ठपोषणको लागि प्रशंसा गर्ने र प्रतिक्रियाहरूलाई लिपिबद्ध गर्ने । पृष्ठपोषण र सल्लाहहरूलाई उपयुक्त अवसरमा समावेश गर्ने कुरा बताउने ।

## *विषयवस्तु २ : तालिमको समापन*

### चरणहरू

1. हामीहरू तालिम कार्यक्रमको अन्तिम चरणमा छौं भनेर सहभागीहरूलाई भन्दै, तालिमको बारेमा एक वा दुई सहभागीबाट आफ्नो छोटो भनाइ राख्न, अनुरोध गर्ने ।
2. सहभागीहरूलाई मन्तव्यको लागि धन्यवाद दिने ।
3. त्यसपछि खाद्य सुरक्षा सञ्जालका सभापति वा संयोजकलाई मन्तव्य दिनको लागि आग्रह गर्ने । उनलाई जिल्ला खाद्य सुरक्षा अनुगमनसँग सम्बन्धित आगामी योजनासहित आफ्नो मन्तव्य राख्नको लागि आग्रह गर्ने । तालिमको लागि सहभागीहरूको चाख र समयको लागि सबै अतिथि र

सहभागीहरूलाई प्रशंसा तथा आगामी कार्यक्रम, मन्तव्यमा समेटिएको कुरा सुनिश्चित गर्ने । त्यसैगरी सहभागीहरू र अतिथिहरूद्वारा तालिमको अवधिभरि र वक्तव्यको क्रममा उठाइएका केही सम्बन्धित जिज्ञासा भए सम्बोधन गर्ने कुराको पनि सुनिश्चित गर्ने ।

४ अन्त्यमा, तालिमका मुख्य अतिथि/सभापतिलाई आफ्नो मन्तव्यसहित तालिमको समापनको लागि आग्रह गर्ने ।

### *सहजकर्ता लागि जानकारी*

समापन समारोह कार्यक्रमको यस्तो भाग हो जसले जिल्लामा खाद्य सुरक्षा अनुगमन प्रणालीलाई सशक्त बनाउन विभिन्न सरोकारवालाहरूलाई उत्तरदायी बनाउँदछ । तालिमको लागि सहयोग र तिनीहरूको क्रियाशील सहभागिताको लागि अतिथि र प्रत्येक सहभागीहरूलाई प्रसंशा गरिएको छ भन्ने कुरामा आफू सुनिश्चित हुने । आगामी दिनका कार्यक्रम र खाद्य सुरक्षा सञ्जालले खेल्नुपर्ने भूमिका सम्बन्धमा सबै सहभागीहरु प्रस्ट छन् भन्ने कुरा सुनिश्चित गर्ने कुरा पनि अति महत्त्वपूर्ण छ ।

## *सारांश तथा मूल्याङ्कन*

तालिमको पूर्ण समयभर सक्रिय सहभागिताको लागि सबैलाई धन्यवाद दिने । तालिमलाई, आगामी दिनमा प्रभावकारी बनाउन दिनुभएको सुभावहरूका लागि पनि धन्यवाद दिंदै, सहभागी तथा विशेष वक्ताको समापन मन्तव्यसहित तालिमको अन्त गर्ने ।

## ६.९ व्यावहारिक तालिमका लागि स्लाइडहरू

१

# जिल्ला खाद्य सुरक्षा अनुगमन

# व्यावहारिक तालिम

२

### तालिमका उद्देश्यहरू

सहभागीहरूको जिल्ला खाद्य सुरक्षा अनुगमनका विश्लेषणात्मक औजारहरूको व्यावहारिक रूपमा प्रयोग गर्नसक्ने दक्षताको अभिवृद्धि गर्नुरहेको छ ।

यस तालिमको अन्तमा सहभागीहरु निम्न कुरामा सक्षम हुनेछन्

- खाद्य सुरक्षाका आधारभूत सैद्धान्तिक पक्षको समीक्षा गर्न ।
- जिल्लास्तरीय त्रैमासिक खाद्य सुरक्षा जानकारी सङ्कलन योजना निर्माण गर्न ।
- जिल्ला खाद्य सुरक्षा अनुगमनका लागि विभिन्न विधिहरूको प्रयोग गरी जानकारी सङ्कलन गर्न ।
- खाद्य सुरक्षा जानकारी आदानप्रदान फारामको प्रयोग गरी जानकारीहरु सङ्कलनका प्रयासको प्रतिफल कार्यसमूहसँग आदान-प्रदान गर्न ।
- विभिन्न विश्लेषणात्मक तालिकाहरूको प्रयोग गरी खाद्य सुरक्षा विश्लेषण गर्न ।
- खाद्य सुरक्षा विश्लेषणको सहभागीमूलक समीक्षा सञ्चालन गर्न ।
- सान्दर्भिक तालिकाहरूको प्रयोग गरी, खाद्य सुरक्षा विश्लेषणका जानकारी केन्द्रीय विश्लेषण एकाइमा सम्प्रेषण गर्न ।

३

### तालिमको विषयवस्तु

| क्रस | समय (मि.) | सत्र |
|---|---|---|
| १ | ३० | परिचय र तालिमको उद्देश्य |
| २ | ९० | खाद्य सुरक्षाको अवधारणा र खाद्य सुरक्षा अनुगमनका सैद्धान्तिक पक्षको समीक्षा |
| ३ | १२० | खाद्य सुरक्षा अनुगमनको जानकारी सङ्कलन, आदानप्रदान तथा रूजू |
| ४ | १८० | खाद्य सुरक्षा सञ्जालको बैठक : जानकारी विश्लेषणका लागि सहभागीमूलक तयारी |
| ६ | १८० | खाद्य सुरक्षा अनुगमनका विशिष्ट तालिका प्रयोग गर्दै, जानकारीको विश्लेषण |
| ६ | ३० | खाद्य सुरक्षा विश्लेषणको सहभागीमूलक समीक्षा तथा नतिजाहरूको केन्द्रीय विश्लेषण एकाइमा सम्प्रेषण |
| ७ | ३० | तालिमको समापन |

४

# जानकारी सङ्कलन प्रक्रियाको पुनरावलोकन

| सन्दर्भ सूचकहरु | नियमित कार्यक्रम अन्तरगत हाल सङ्कलित जानकारीहरु | भविष्यमा सङ्कलन गर्नसकिने अन्य जानकारीहरु र तिनका उपायहरु |
|---|---|---|
| १. बाली उत्पादन र स्थिति | | |
| | | |
| ... ... | | |
| | | |

५

# जिल्लाको त्रैमासिक खाद्य सुरक्षा जानकारी सङ्कलन योजना

| सन्दर्भ सूचकहरु | संस्थाको नाम र सङ्कलन गरिने जानकारी | संस्थाको नाम र सङ्कलन गरिने जानकारी | संस्थाको नाम र सङ्कलन गरिने जानकारी | - |
|---|---|---|---|---|
| बाली उत्पादन र स्थिति | | | | |
| घरधुरीहरुमा खाद्य सञ्चयको अवस्था | | | | |
| ... | | | | |
| | | | | |

६

# जिल्ला खाद्य सुरक्षा जानकारी सङ्कलन योजना

- जानकारीहरुको उपलब्धताको पुनरावलोकन
  - हाल सङ्कलित जानकारी
  - आगामी दिनमा सङ्कलन गर्न सकिने जानकारी
- खाद्य सुरक्षा अनुगमन विश्लेषण तालिकाको सन्दर्भमा कमी भएका जानकारीहरुको पहिचान
- कमी भएका जानकारी उपलब्ध गर्न सकिने स्रोतहरुको पहिचान
- स्रोत, प्रक्रिया, नियमितता र जानकारीको सहिपनाबारे सहमति
- जिल्ला खाद्य सुरक्षा त्रैमासिक जानकारी सङ्कलनको योजना निर्माण

७

## सरोकारवाला संस्थाको जानकारी सङ्कलनको योजना

- आफ्नो संस्थामा उपलब्ध जानकारी केके छन् र केके कमी छ ?
- महत्त्वको हिसाबले प्राथमिकता तोक्ने
- सम्भावित स्रोत र प्रक्रियाको पहिचान गर्ने । महत्त्वपूर्ण जानकारीलाई प्राथमिकता दिएर पहिला सङ्कलन गर्ने ।
- आफ्नो नियमित कार्यक्रमको दौरानमा जानकारी सङ्कलन गर्ने ।
- जानकारी सङ्कलन गर्ने ।

८

## जानकारी सङ्कलनका विधिहरू

- द्वितीय स्रोतको उपयोग
- जानिफकार व्यक्तिसँग अन्तरवार्ता
- लक्षित समूह छलफल (Focus Group Discussion)
- प्रत्यक्ष अवलोकन
- घरधुरी सर्भेक्षण

९

## द्वितीय स्रोतको उपयोग

- अन्य अनुसन्धान तथा सर्वेक्षणको क्रममा पहिला नै सङ्कलन गरी राखिएका जानकारीको प्रयोग नै द्वितीय स्रोतको प्रयोग हो । द्वितीय स्रोतको उपयोगले समय र खर्चको बचत हुने हुनाले, कुनै जानकारी सङ्कलन गर्नुपूर्व द्वितीय स्रोतमा केके जानकारी छन्, भनी निर्क्योलसँगै समय र लगानीको बचत गर्न सकिन्छ ।
- द्वितीय स्रोत – कार्यालयका विभिन्न अभिलेख, विभिन्न अनुसन्धानकर्ता तथा संस्थाहरूबाट सञ्चालित सर्भेक्षण वा अनुसन्धानको क्रममा सङ्कलित जानकारीलाई बुझाउँछ ।

१०

## जानिफकार व्यक्तिसँग अन्तरवार्ता

- कुनै विषयवस्तु वा क्षेत्रका ज्ञाता वा विज्ञहरूसँग निश्चित निर्देशिकाको आधारमा सञ्चालित अन्तरवार्ताद्वारा जानकारी सङ्कलन गर्ने प्रक्रियालाई बुझाउँछ ।

- उदाहरणका लागि खाद्य सुरक्षाका क्षेत्रमा प्रत्यक्ष संलग्न व्यक्तिसँगको अन्तरवार्ता ।

११

## लक्षित समूह छलफल **(Focus Group Discussion)**

- यो एकप्रकारको समूह छलफल नै हो जुन ६-१२ जनाको समूहमा कुनै खास विषयवस्तुबारे गहिराइमा जानकारी सङ्कलन गर्नका लागि एक छलफल निर्देशिकालाई मध्यनजर गर्दै, सहजकर्ताद्वारा छलफल सहजीकरण गरिएको हुन्छ । छलफलको टिपोट गर्न एक अभिलेखकर्ता पनि राखिएको हुन्छ ।

१२

## लक्षित समूह छलफलका चरण

- उद्देश्य निर्धारण
- वस्तुस्थिति विश्लेषण: सहभागी छनोट, भौतिक व्यवस्थापन
- छलफल निर्देशिकाको तयारी
- छलफलको सञ्चालनका लागि सहजकर्ता तथा अभिलेखकर्ताको चयन तथा तालिम
- परिचय तथा छलफल शुरूवात (छलफलको लागि उत्साहित गर्ने, सहभागिता सुनिश्चित गर्ने, सामिप्यता निर्माण र सहभागीको मौखिक गैरमौखिक पक्षमा ध्यान दिने, विज्ञको रूपमा प्रस्तुत नहुने, छलफललाई विषयवस्तुमा केन्द्रित गर्ने)
- छलफलको सार संक्षेप सुनाएर समापन गर्ने ।

१३

## लक्षित समूह छलफलका लागि निर्देशिका

विषय बसाइसराइ

- बसाइसराइको अवस्था कस्तो छ ?
- कुन गाविसमा बढी छ ?
- कुन उमेर समूह र आर्थिक अवस्थाका मान्छे जाने गरेका छन्?
- कारणहरु के होलान् ?
- खाद्य सुरक्षामा यसले के प्रभाव पारेको छ ?

१४

## प्रत्यक्ष अवलोकन

- कुनै प्रक्रिया वा अवस्थाको ध्यानपूर्वक अवलोकन गरी जानकारी सङ्कलन गर्ने प्रक्रिया नै प्रत्यक्ष अवलोकन हो । अनुसन्धानकर्ताले आफ्नो अवलोकनको दक्षता प्रयोग गरी जानकारी सङ्कलन गर्दछन् ।
- उदाहरणका लागि खाद्य सञ्चितिको अवलोकन, बसाइसराइको जानकारी लिन भन्सार नाका तथा बसपार्कको अवलोकन आदि ।

१५

## घरधुरी सर्भेक्षण

- कुनै विषयवस्तुको विश्लेषण गर्ने उद्देश्यले निश्चित नमुना सङ्कलन प्रक्रिया अपनाई छानिएका घरधुरीबाट विशेष प्रश्नावलीको प्रयोग गरी, जानकारी सङ्कलन गर्नु नै घरधुरी सर्भेक्षण हो ।
- घरधुरी सर्भेक्षण खाद्य सुरक्षा अनुगमन प्रणालीमा खाद्य सुरक्षा चरण निर्धारणको प्रमाणीकरण गर्न र मानवीय सहयोगको लागि अन्य विश्वसनीय जानकारी सङ्कलन गर्न प्रयोग गरिन्छ ।
- यी जानकारीले विभिन्न चरणमा रहेका घरधुरीहरूको विशेषता र अन्य विस्तृत जानकारी उपलब्ध गराउँछ ।

१६

# विभिन्न विधिका सबल र दुर्बल पक्षहरू

| विधि | फाइदा | सीमितता |
|---|---|---|
| द्वितीय स्रोतको उपयोग | ■ सस्तो, खर्चको बचत गर्न सकिने<br>■ छरितो, छिटो<br>■ बचेको रकम अन्य कार्यमा खर्च गर्न मिल्ने<br>■ ठूलो समूहमा हुने हुनाले नमुनाको रूपमा प्रयोग गर्न सकिने | ■ जानकारी पुरानो हुनसक्ने<br>■ आफूले खोजेजस्तो मिल्दो नहुने डर<br>■ गोपनीयताको प्रश्न आउने डर<br>■ गुणस्तरीयता भन्न नसकिने |
| जानिफकारसँग अन्तरवार्ता | ■ लामो र जटिल जानकारी सङ्कलन गर्न सकिने<br>■ एकजनासँगै छलफल भएकोले छलफलमा अन्य व्यक्तिको हस्तक्षेप नहुने | ■ महँगो हुने<br>■ एक पक्षीय हुने डर |

१७

# विभिन्न विधिका सबल र दुर्बल पक्षहरू

| विधि | फाइदा | सीमितता |
|---|---|---|
| लक्षित समूह छलफल (Focus Groups Discussion) | ■ विषयवस्तुबारे जानकारी गहिराइमा प्राप्त हुने ।<br>■ धारणाहरूबारे जानकारी लिन सकिने<br>■ छलफल अवलोकन गर्न सकिने<br>■ दृश्य सामग्री प्रयोग गर्न सकिने | ■ सानो समूहको मात्र धारणा आउने<br>■ सहजकर्ता सिपालु हुनुपर्ने<br>■ प्रतिस्पर्धात्मक र व्यक्तिगत जानकारी लिन गाऱ्हो ।<br>■ जानकारी सङ्कलन प्रक्रिया कम प्रभावकारी हुनसक्ने |
| प्रत्यक्ष अवलोकन | ■ प्रत्यक्ष रूपमा व्यवहार हेर्न सकिने<br>■ जानकारी भरपर्दो र सही<br>■ सस्तो हुने | ■ विषयवस्तु थोरै<br>■ आफ्नै मनोगत व्याख्या<br>■ व्यवहारको कारण पहिचान गर्न कठिन । |
| घरधुरी सर्भेक्षण | ■ विस्तृत जानकारी समेतको पर्याप्त तथ्याङ्क<br>■ तथ्याङ्कीय विश्लेषण गर्न सकिने<br>■ अध्ययन गरिने जनसंख्याको प्रतिनिधित्त्व गर्ने<br>■ नियमित आधार | ■ महँगो हुनसक्ने ।<br>■ नमुना लिँदा गल्ती हुनसक्ने ।<br>■ प्रश्नावलीमा गल्ती हुनसक्ने । |

१८

# खाद्य सुरक्षा जानकारी आदानप्रदान फारम

| **सन्दर्भ सूचकहरू** | | **अनुगमनको बेला सङ्कलित जानकारीहरू -कृपया स्पष्ट रूपमा गाविसको नाम, निश्चित परिमाण, तथ्यको स्रोत र विश्वसनीयता, कारण र पूर्वानुमान उल्लेख गर्नुहोला ।** |
|---|---|---|
| **बाली १ उत्पादन र स्थिति** | तराईमा १०-२०% सम्म सामान्यभन्दा कम; पहाड र हिमालमा १०% सम्म सामान्यभन्दा कम | |
| | तराईमा २०-४०% सम्म सामान्यभन्दा कम; पहाड र हिमालमा १०-३०% सम्म सामान्य भन्दा कम | |
| | तराईमा ४०-६०% सम्म सामान्यभन्दा कम; पहाड र हिमालमा ३०-५०% सम्म सामान्यभन्दा कम | |
| | तराईमा-६०-८०% सम्म सामान्यभन्दा कम; पहाड, हिमालमा ५०-७०% सम्म सामान्यभन्दा कम | |
| | तराईमा ८०% भन्दा बढीले सामान्यभन्दा कम; पहाड र हिमालमा ७०% भन्दा बढीले सामान्यभन्दा कम | |
| | | |

१९

## तथ्याङ्कको सङ्कलनका कडी

- सरलता
- संख्यात्मक र गुणात्मक तथ्याङ्क दुवैमा ध्यान दिने ।
- तथ्याङ्क व्यवस्थित गर्न समयतालिका बनाउनुहोस् ।
- तथ्याङ्कको बारेमा समालोचक साथीहरूसँग छलफल गर्ने ।
- प्राविधिक सहयोग जुटाउने ।
- तथ्याङ्कको अन्य स्रोतसँग त्रिकोणात्मक जाँच गर्ने

२०


## जानकारीको रूजु

निम्न कुरा निश्चित गर्नको लागि कार्यसमूहले समीक्षा गर्नेछन् :

- सञ्जालका सबै सदस्यहरूले जिल्लास्तरीय त्रैमासिक खाद्य सुरक्षा तथ्याङ्क सङ्कलन योजनाअनुसार खाद्य सुरक्षाको जानकारी सङ्कलन गरेका छन् वा छैनन् ?
- खाद्य सुरक्षा चरण वर्गीकरण विश्लेषण कार्यान्वयनलाई बाधा पुऱ्याउने खालका कुनै पनि महत्त्वपूर्ण तथ्याङ्क छुट भएका त छैनन् ।
- तथ्याङ्क सङ्कलनका लागि गुणस्तरको सम्बन्धमा त्यहाँ कुनै पनि महत्त्वपूर्ण कमजोरी त छैनन् ।
- जानकारीहरू, सञ्जालको बैठकमा आदानप्रदान गर्न योग्य स्पष्ट छ वा छैन ?

२१

## जिल्ला खाद्य सुरक्षा अनुगमन सहकार्यको ढाँचा



22

## खाद्य सुरक्षा सञ्जालको बैठक सञ्चालनका चरणहरू

- एक जना जानकारी टिपोट गर्ने (सचिव) र अर्को एक जना सहजकर्ता चयन गर्ने ।
- सहजकर्ताले सबै सहभागीहरूबीच गई जानकारी केके सङ्कलित छन्, आवश्यकता अनुरूप छन् वा छैनन् ? सुनिश्चित गर्ने ।
- अन्य सहभागीहरूले खाद्य सुरक्षा जानकारी सङ्कलनतालिका मा सङ्कलित जानकारी सोधिए अनुरूप उपलब्ध गराउने ।
- सहभागीहरूलाई सङ्कलित जानकारीहरु एकपटक पुनरावलोकन गर्न लगाउने ।
- फ्लेक्स बोर्डमा तयार तालिकाको प्रयोग गरी, हरेक सन्दर्भ सूचकहरूबारे पालै-पालो गरी जानकारी भर्न शुरू गर्ने ।

23

## खाद्य सुरक्षा सञ्जालको बैठक सञ्चालनका चरणहरू...

- सहभागीबाट प्राप्त जानकारीहरूलाई मेटाकार्डमा लेख्दै, सान्दर्भिक सूचकको पंक्तिमा टाँस्ने ।
- पालैपालो १२ वटै सूचकबारे जानकारी सङ्कलन गर्ने । जानकारी टिपोट गर्नका लागि चरण अनुरूपको रङ भएका कार्डहरु हरियो, पहैंलो, सुन्तले, रातो र खैरो क्रमश १,२,३,४ र ५ चरणको लागि प्रयोग गर्ने ।
- अब सहजकर्ताले फ्लेक्स तालिकामा उल्लेखित जानकारीलाई संश्लेषण गरी गाविसहरूको चरण तथा समूह निर्धारण गर्ने । सोको लागि चरणको अङ्क १,२,३,४ र ५ नै प्रयोग गर्ने ।

24

## खाद्य सुरक्षा सञ्जालको बैठक सञ्चालनका चरणहरू...

- सहभागीहरूलाई नक्सा तयारीको क्रममा आफ्ना सुझाव र जिज्ञासा राख्न प्रोत्साहित गर्ने ।
- सबैको सहमति नभएसम्म छलफल जारी राख्ने ।
- नक्साको बारेमा सहमति भैसकेपछि प्रत्येक गाविसको समूहको वस्तुस्थितिको कारण र आगामी पूर्वानुमानबारे छलफल शुरू गर्ने ।
- छलफलबाट आएका सहमतिहरु टिपोट गर्ने ।
- सहभागीहरूलाई खाद्य सुरक्षा सञ्जालको बैठक सकिएको बताउने ।

२५

## कार्यसमूहले गर्नुपर्ने कार्य

- खाद्य सुरक्षा सञ्जालको बैठकपछि तुरुन्तै थप विश्लेषण गरी जानकारीहरू, सम्बन्धित तालिकाहरूमा सम्पादन गर्ने ।
- फ्लेक्स तालिका र नक्सा दुवै विचार गर्दै, कागजको नक्सा र तालिकाहरु भर्ने । सो क्रममा गाविसको विभिन्न समूह तथा पूर्वानुमानबारे पनि थप विश्लेषण गरी उल्लेख गर्ने ।
- हरेक गाविसको समूहको लागि बेग्लाबेग्लै विश्लेषण गरी तालिकामा जानकारी सम्पादन गर्ने । यो भर्ने क्रममा खाद्य सुरक्षा सञ्जालको बैठकमा मेटाकार्डमा लेखिएको जानकारी सचिवले गरेको टिपोट र नक्सालाई सन्दर्भसामाग्रीको रूपमा प्रयोग गर्ने ।

२६

## कार्यसमूहले गर्नु पर्नेकार्य...

- त्यसैगरी प्रत्येक गाविसको समूहको लागि बेलाबेलामा वस्तुस्थिति विश्लेषण, कारण, पूर्वानुमान र गत त्रैमासिक अनुरूप खाद्य सुरक्षामा भएका परिवर्तनबारे बेग्लाबेग्लै पंक्तिमा संश्लेषण तालिकामा उल्लेख गर्ने ।
- उपर्युक्त कार्य सकिएपछि नक्सा र तालिकाहरूको सञ्जालका सदस्यहरूलाई पुग्नेगरी प्रतिलिपि (फोटोकपि) बनाउने र वितरण गर्ने ।
- त्यसैगरी मूलप्रति केन्द्रीय विश्लेषण एकाइमा पठाउने ।
- सञ्जालले आवश्यकता हेरी, जिल्लास्थित अन्य सरोकारवालाहरूलाई जानकारी आदानप्रदान गर्ने ।

२७

## खाद्य सुरक्षा सन्दर्भ तालिका

खाद्य सुरक्षा सन्दर्भ तालिका यस्तो दस्तावेज हो, जुन सबै विश्लेषणप्रक्रियाको तहहरूमा प्रयोग गरिन्छ । यसले विश्लेषणकर्तालाई सूचकहरु, परिमाणात्मक सीमा (Threshold) र खाद्य सुरक्षा चरणहरु र यी एक आपसमा कसरी सम्बन्धित छन् ? भन्नेबारेमा संश्लेषणसहितको सन्दर्भ प्रस्तुत गर्दछ ।

यी परिमाणात्मक सीमाहरूलाई सन्दर्भ मान्दै, विश्लेषणकर्ताले खाद्य सुरक्षाको विश्लेषणका तथ्यपरक प्रमाणहरु निर्माण गर्दछ ।

२८

## खाद्य सुरक्षा सन्दर्भ तालिका...

मुख्य गरी सन्दर्भ तालिकालाई ३ भागमा बनाइएको छ :

- **खाद्य सुरक्षा चरण :** तेर्सो महलमा ५ वटा खाद्य सुरक्षा चरणहरूलाई खास रङको सङ्केतबाट प्रस्तुत गरिएको छ ।
- **सन्दर्भ सूचकहरु :** ठाडो महलमा १२ वटा सन्दर्भ सूचकहरूलाई पंक्तिबद्ध रूपमा सूचीकृत गराइएको छ ।
- **परिमाणात्मक सीमा** (Threshold) : परिमाणत्मक सीमालाई तालिकाको प्रत्येक कोठामा दिइएको हुन्छ, जसले दिइएको सूचकलाई (तेर्सो) परिमाणात्मक मापनद्वारा खाद्य सुरक्षा चरण (ठाडो) निश्चित चरणको सन्दर्भमा पुग्ने देखाउँछ ।


२९

## सन्दर्भ सूचकहरू

| | **सन्दर्भ सूचकहरु** |
|---|---|
| १. खाद्य उपलब्धता | १. बाली उत्पादन र स्थिति : सामान्यभन्दा ... % ले कमी |
| | २. घरमा अनाजको सञ्चिति: ३ महिनाभन्दा बढी समयको लागि खाद्यवस्तुको सञ्चय |
| | ३. मुख्य खाद्यपदार्थको बजारमा सञ्चिति : महिनाको लागि खाद्यवस्तुको सञ्चय । |
| २. खाद्यमा पहुँच | ४. ज्याला र अन्य रोजगारीका अवसरहरु: सामान्य स्थितिको आधारमा ...५ ले कम भएको |
| | ५. गैरकाष्ठ वन पैदावार, नगदेबाली र अन्य कृषिजन्य उत्पादन: सामान्य स्थितिको आधारमा ...% ले कम भएको |
| | ६. चामलको मूल्य: सामान्य भाउभन्दा १०-२०% ले वृद्धि भएको । |

30

## खाद्य सुरक्षाका चरण र तिनको विवरण



३१

# खाद्य सुरक्षाका विश्लेषण तालिका

**जिल्ला :** **प्रतिवेदन अवधि :** **पूर्वानुमान अवधि :**

**समान खाद्य सुरक्षा स्थित भएका गाबिसहरु :** **जिल्ला खाद्य सुरक्षा सञ्जालको बैठक मिति :**

| सन्दर्भ सूचकहरू | | सूचनाको स्रोत | | विश्वसनीयता | | टिप्पणी | प्रत्येक सूचकको पूर्वानुमान | टिप्पणी | समग्र खाद्य सुरक्षा स्थितिको निर्धारित चरण | जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्रोत | मिति | √ | x | | | | | |
| बाली १ उत्पादन र स्थिति | तराईमा १०-२०% सम्म सामान्यभन्दा कम; पहाड र हिमालमा १०% सम्म सामान्यभन्दा कम | | | | | | | | १ | |
| | तराईमा २०-४०% सम्म सामान्यभन्दा कम; पहाड र हिमालमा १०-३०% सम्म सामान्य भन्दा कम | | | | | | | | २ | |
| | तराईमा ४०-६०% सम्म सामान्यभन्दा कम; पहाड र हिमालमा ३०-५०% सम्म सामान्यभन्दा कम | | | | | | | | ३ | |
| | तराईमा ६०-८०% सम्म सामान्यभन्दा कम; पहाड, हिमालमा ५०-७०% सम्म सामान्यभन्दा कम | | | | | | | | ४ | |
| | तराईमा ८०% भन्दा बढीले सामान्यभन्दा कम; पहाड र हिमालमा ७०% भन्दा बढीले सामान्यभन्दा कम | | | | | | | | ५ | |

३२

# खाद्य सुरक्षा विश्लेषण तालिका

विश्लेषण तालिकाको मूल उद्देश्य, जानकारीहरूलाई व्यवस्थित गरी चरण वर्गीकरणमा सहयोग पुऱ्याउनु हो । यसले,

- तथ्यमा आधारित गहिरो विश्लेषण गर्न मार्गदर्शन दिन्छ ।
- जानकारीमा पहुँचको सुगमता र सरल अभिलेख गरी मुख्य सूचनाहरूलाई पारदर्शी बनाउँछ ।
- तार्किक किसिमबाट सूचनाको प्रमुख तत्त्वहरूलाई उपलब्ध गराई प्रतिवेदन लेखन र प्रस्तुतिलाई सरल बनाउँछ ।

३३

# खाद्य सुरक्षा विश्लेषण तालिका...

विश्लेषण तालिकाको मुख्य पक्षहरु:

- सन्दर्भ सूचक र परिमाणत्मक सीमा ।
- प्राप्त विवरणको स्रोत र यसको विश्वसनीयता ।
- हरेक सूचकको आगामी स्थितिबारेको पूर्वानुमान र यसको विवरण ।
- समग्र खाद्य सुरक्षा चरण वर्गीकरणबारेका जानकारीहरु ।

३४

## खाद्य सुरक्षा विश्लेषण तालिका...

विश्लेषण तालिका भर्ने तरिका

- पहिलो खाना - कुन बाली हो ? तोक्ने ।
- दोस्रो खाना - उल्लेखित ५ वटा परिमाणात्मक सीमामध्ये कुनै एकमा चिनो (क्रस) लगाउनुहोस् ।
- तेस्रो खाना - जानकारीको स्रोत र मिति उल्लेख गर्नुहोस् ।
- चौथो खाना - जानकारीको विश्वसनीयताबारे उल्लेख गर्नुहोस् ।
- पाँचौं खाना -सूचकको अवस्थाका बारेमा आधारहरु, कारणहरु उल्लेख गर्नुहोस ।
- छैटौं खाना - सूचकको आगामी अवस्थाको पूर्वानुमान उल्लेख गर्नुहोस् ।
- सातौं खाना - पूर्वानुमानबारे आधारहरु र विवरण उल्लेख गर्नुहोस् (सन्दर्भ सूचक र परिमाणत्मक सीमा)

३५

## खाद्य सुरक्षा विश्लेषण तालिका...

समग्र खाद्य सुरक्षाको स्थितिको विवरण

- समग्र चरणको निर्धारण - गाविसहरूको समूहलाई खाद्य सुरक्षा को कुन चरणमा वर्गीकरण गर्ने हो ? सो अनुरूप ५ चरणमध्ये कुनै १ लाई क्रस गर्ने ।
- जनसंख्या - चरण ३ र ४ मा रहेका जनसंख्या उल्लेख गर्नुहोस् ।
- समग्र चरण वर्गीकरणबारेका आधारबारे छोटो विवरण उल्लेख गर्नुहोस् ।
- समग्र खाद्य सुरक्षा स्थितिको आगामी पूर्वानुमान उल्लेख गर्नुहोस् ।
- समग्र पूर्वानुमानको आधारबारे छोटो विवरण उल्लेख गर्नुहोस् ।
- खाद्य असुरक्षाका प्रत्यक्ष कारणहरूको सूचीमा सान्दर्भिक कारणमा चिनो लगाउनुहोस् । कुनै थप विवरण राख्दा उपयुक्त हुने लागेमा, उल्लेख गर्नुहोस् ।
- खाद्य असुरक्षाका अप्रत्यक्ष कारणहरूको सूचीमा सान्दर्भिक कारणहरूबारे चिनो लगाउनुहोस र थप विवरण आवश्यक भए उल्लेख गर्नुहोस् ।

३६

## चरण ३ भन्दामाथि रहेका मानिसहरुको संख्या अनुमान गर्ने विधि

- उपलब्ध स्थानीय सूचनाको आधारमा गाविसको वार्षिक लगत दुरुस्त पार्ने ।
- सम्बन्धित घरधुरीहरूको विभिन्न चरणमा रहेका प्रतिशत अनुमान गर्नुहोस् ।
- संशोधन गरिएको घरधुरी संख्यासँग सम्बन्धित घरधुरी प्रतिशत गुणन गर्नुहोस् ।
- अनुमानित प्रभावित घरधुरी संख्यासँग घरधुरीको औसत आकारले गुणन गर्नुहोस् ।

३१

## विश्लेषण तालिका भर्न शुरु गर्नुपूर्व तयारी

- जिल्ला खाद्य सुरक्षा सञ्जालको बैठकमा उल्लेखित जानकारीहरु
- बोर्ड र जानकारीहरू भरिएको जानकारी सङ्कलन तालिका
- खाद्य सुरक्षा सन्दर्भ तालिका
- खाद्य सुरक्षा विश्लेषण तालिकाको पर्याप्त प्रतिलिपिहरु । कम्तीमा पनि प्रत्येक गाविसको समूहलाई एउटा तालिका ।

३२

## जिल्ला खाद्य सुरक्षा चरण संश्लेषण तालिका

**जिल्ला :** **पूर्वानुमान अवधि :**
**जिल्ला खाद्य सुरक्षा सञ्जालको बैठक मिति :** **प्रतिवेदन अवधि :**

| खाद्य सुरक्षा चरण (१, २, ३, ४, ५) | समूह (क, ख, ग, ..) | अवस्था विश्लेषण (कृपया मुख्य सूचकहरूबारे उल्लेख गर्नुहोस् । बाली उत्पादन र स्थिति, घरमा अनाजको सञ्चिति, मुख्य खाद्य पदार्थको बजारमा सञ्चय, ज्याला र अन्य रोजगारीका अवसरहरु आदि) | कारणहरु (कृपया सान्दर्भिक कारणहरु उल्लेख गर्नुहोस् जस्तै बाली बिग्रनु, प्राकृतिक प्रकोप, बेरोजगारी, मूल्य वृद्धि आदि) | पूर्वानुमान (↑→↓) | कारणहरु (बाली उत्पादनले घरको अनाज सञ्चयमा असर, बजारको मूल्य, मानवीय सहयोग आदि) | गत त्रैमासिकको अनुगमन अवधिको तुलनामा हाल के परिवर्तन भएको छ ? |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |

३३

## संश्लेषण तालिका...

- तालिकाको माथि जिल्लाको नाम, प्रतिवेदन अवधि, पूर्वानुमान अवधि र जिल्ला खाद्य सुरक्षा सञ्जाल बैठक बसेको मिति उल्लेख गर्ने ।
- प्रत्येक पंक्ति (Row) मा एउटा समूहको जानकारी उल्लेख गर्ने ।
- तालिकाको पहिलो महलमा खाद्य सुरक्षाको उल्लेख गर्ने ।
- दोस्रो मा समूहको तोकिएको सङ्केत (क,ख,ग) लेख्ने ।
- तेस्रोमा वस्तुस्थिति विश्लेषणको जानकारी लेख्ने र
- चौथोमा तेस्रो महलमा उल्लेखित वस्तुस्थितिबारेको कारण उल्लेख गर्ने ।
- पाँचौंमा पूर्वानुमान, छैटौंमा पूर्वानुमान पुष्ठ्याइँका लागि जानकारी ।
- र अन्तिम महलमा, गत त्रैमासिकको सन्दर्भमा खाद्य सुरक्षाको स्थितिमा भएको परिवर्तन लेख्ने ।

३४

## खाद्य सुरक्षाका चरण उल्लेखित नक्सा

### उद्देश्य

- खाद्य सुरक्षा चरण वर्गीकरण नक्साले बृहत् जटिल सूचनाहरूको सम्प्रेषण सर्वसुलभ बनाई निर्णयमा पुग्न र कारबाहीमा सक्षम बनाउँदछ । नक्साले चरण वर्गीकरणको साथसाथै अवस्था विश्लेषणको महत्त्वपूर्ण तत्त्वहरूको जानकारी दिने हेतुले तयार गरिएको हुन्छ ।

### तत्त्वहरु

- खाद्य सुरक्षा चरणहरूको भौगोलिक वितरण : फरक र निश्चित रङहरूको प्रयोगद्वारा नक्साले सम्बन्धित क्षेत्रहरूलाई खाद्य सुरक्षाको विभिन्न चरणहरूमा परिभाषित गर्दछ ।
- पुर्वानुमान : खाद्य सुरक्षा नक्साले गाबिसहरूको समूहको पूर्वानुमान दिन्छ । अ) बिग्रँदो आ) सुधारोन्मुख र इ) समान रहन्छ । यी दृष्टिकोणहरु विश्लेषण तालिका र संश्लेषण तालिकाद्वारा प्राप्त सूचनाहरूमा आधारित हुन्छ ।
- चरणहरूको व्याख्यात्मक गुणहरु : अहिले रहेका चरण ३, ४ र ५ मा असुरक्षित रहेका हरेक क्षेत्रको लागि अवस्था विशेषताहरूको साथमा एउटा call out box समावेश गरिएको छ ।

३५

## खाद्य सुरक्षाका चरण उल्लेखित नक्सा

**रोल्पा जिल्ला : खाद्य सुरक्षा स्थिति (असार-असोज २०६५)**

रोल्पा जिल्लामा मकै मुख्य एवम् महत्वपूर्ण वर्षे अन्नबाली हो । मकैको उत्पादन सामान्य रहेको अवस्थामा जिल्लाको खाद्य सुरक्षाको स्थिति पनि करिव पुस महिनासम्म सामान्य र हन्छ । तर यसपटक हावाहुरी र र ोगको कारणले जिल्लाको उत्तर-पश्चिम क्षेत्रमा मकैको उत्पादन ५०% भन्दा धेरैले कमी हुन गयो, जसले गर्दा उक्त क्षेत्रका सात गाविसहरु असोज महिनामा नै उच्चतम खाद्य असुरक्षित अवस्थामा धकेलिएका छन् र करिव १४ हजार ७ सय व्यक्तिहरु जोखिमपूर्ण अवस्थामा पुगेकाछन् । यसकारणले गर्दा कामको खोजीमा जिल्ला छाडेर बाहिर जानेहरूको संख्या दिनहुँ बढ्दै गएको छ ।



३६

## खाद्य सुरक्षा अनुगमन नतिजाहरूको सम्प्रेषण

- सबै सहभागीहरूले समयावधि ध्यानमा राख्ने ।
- जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन तथा विश्लेषणप्रक्रिया समयमा नै गर्ने ।
- उपयुक्त सञ्चार माध्यमहरु र प्रक्रिया पहिचान गर्ने ।
- विश्व खाद्य कार्यक्रमका फिल्ड मनिटर उपलब्ध भएको अवस्थामा, उनीहरूसँग समन्वय गर्ने ।

# ६.१० सन्दर्भ–सामग्री ४ : समूहकार्यका लागि मामला

- गाविसहरूको समूह निर्माण र खाद्य सुरक्षा नक्सा तयारी
- तपाईंहरूको जिल्लामा खाद्य सुरक्षा अनुगमन कार्य शुरू भएको छ । सो सन्दर्भमा तपाईंको जिल्ला साङ्ग्रिला का विभिन्न गाविसहरूको जानकारी निम्न छन् ।
- जिल्लाको नाम : साङ्ग्रिला
- प्रतिवेदन अवधि : जुलाईदेखि सेप्टेम्बर २००८
- सञ्जालको बैठक मिति : ३० सेप्टेम्बर २००८

## *जिल्लाको वस्तुस्थितिबारे जानकारी*

- **उत्तरी भेग** (हुन्जा, सपाराङ्ग, ओजई, उटापिया, संभाला, यती) पहाडी अति दुर्गम, साना र सीमान्त कृषियोग्य भूमि समग्रमा न्यून उत्पादकत्व । केही सीमान्त जनजाति समूह मा बसोबास गर्छन् । यहाँको मुख्य बाली मकै हो र यो अगस्तको अन्तितर बाली भित्र्याइन्छ । यसको उत्तरमा नोर्किस्तान भन्ने देशको सीमाना पर्दछ । यहाँका जनजातिको जीविका नोर्किस्तानमा हस्तकलाका सामग्री बेचबिखन र मध्यक्षेत्रका गाविसमा गैरकाष्ठ वन पैदावार र मकै साटासाट हो । कृषि उत्पादन ज्यादै न्यून खालको छ । यहाँको मुख्य खाना, मकैको ढिँडो हो ।
- **मध्यम भेग** – कुन, चन्द्रपुर, लोत्से, कर्नवे, हिल्टन, पुष्पपुर, लाला,) पहाडी, मध्यम खालको आकारका कृषि चाक्लाहरू, उत्पादन पनि मध्यम मुख्य बाली, मकै हो । जीविकाको मुख्य स्रोत कृषि नै भए तापनि धेरै परिवार दक्षिण भेगमा ज्याला मजदुरी गरेर जीवननिर्वाह गर्दछन् ।
- **दक्षिण भेग** (टेक्सास, माराकास, इल्डोराडो, कडग्गास, टाकोस, युका, मिरा) – समतल, ठूलो र चाक्ला, खालको कृषियोग्य भूमि, मुख्य बाली धान (अक्टोबरमा भित्र्याइने) केही नगदेबाली (जुलाईदेखि अक्टोबरसम्ममा ) केही गाविस, नदी किनारमा पर्छन् ।  यहाँ कमैयाहरूको बसोवास छ, (भूमिहिन र केहीको थोरै जग्गा छ, जसमा तरकारीखेती गर्छन्) । कमैयाहरूको जीविकाको मुख्य स्रोत, तरकारी बालीको बेचबिखन हो ।

## *हालसालका घटना*

### उत्तरी भेग

- मकैको उत्पादन सामान्य ।
- एशियास्तरको म्याराथुन सञ्चालन भइरहेकोले जुलाईदेखि सेप्टेम्बरसम्म सीमाना बन्द रहेको । उत्तरी भेगका गाविसका बासिन्दाले, आफ्नो रोजाइमा नपर्ने खाद्य पदार्थ खान शुरू गरेका छन् ।

### *मध्य भेग*

- चामलको मूल्य, विगतको सोही समयको दाँजोमा ३०% ले महँगो भएको छ । पिफपाफ परिषदले मध्य क्षेत्रका गाविसमा बन्द आव्हान गरेका छन्, जसले गर्दा बजारमा खाद्य सञ्चिति घट्दो अर्थात एक महिनाको लागि मात्र छ) । मध्य क्षेत्रका गाविसमा मूल्य बढ्दो छ । मान्छेहरूले खाद्यान्न सापट लिन र ऋण काढ्न शुरू गरेका छन् ।

### दक्षिण भेग

- अत्यधिक वर्षाको कारणले युका र एल्डोराडो गाविसमा बाढी आएको छ, जहाँ कमैयाहरूको बसोबास छ । कृषि विकास कार्यालयका अनुसार तरकारीखेती पूर्ण रूपमा क्षति भएको छ । अन्य गाविसको चामलको मूल्य ८% ले बढेको छ । तरकारी बाली नष्ट भएकोले युका र एल्डोराडो गाविसमा बसाइसराइ ४५ % ले बढेको छ । खाद्य सामग्री ढुवानी गर्ने ट्रकहरूमा लुट्पाट र चोरी बढेको छ । बाढी ग्रस्त क्षेत्रमा, पानीजन्य रोगहरूको व्यापका रूपमा बढेको छ ।

## पूर्वानुमान

- विश्व खाद्य कार्यक्रमले खाद्य कार्यक्रम अक्टोबरदेखि सञ्चालन गर्दैछ ।
- एशियास्तरको म्याराथुन अक्टोबरको पहिलो हप्तामा सकिँदै छ र अक्टोबरको दोस्रो हप्तादेखि सीमाना खुल्दैछ ।
- मध्य भेगका गाविसमा  पिफपाफ परिषद्ले २ महिने बन्दको घोषणा गरेको छ । बजारको सञ्चिति घट्दो छ ।

## गाविसको नाम

- उत्तर : हुन्जा, सपाराङ्ग, ओजाई, उटापिया, सम्भाला,यती
- मध्य : कुन, चन्द्रपुर, लोत्से, कर्नवे, हिल्टन, पुष्पपुर, लाला
- दक्षिण : टेक्सास, माराकास, एल्डोराजैं, कँगास, टाकोस, युका, मिरा



## ६.११ सन्दर्भ–सामग्री २ : हाजिरीजवाफका लागि प्रश्नहरू

1. कुनै घर, खाद्य सुरक्षाको सन्दर्भमा सुरक्षित छ भन्दा, के बुझ्नुहुन्छ ?
2. कुनै घर, खाद्य सुरक्षित छ भनेर कसरी निक्यौंल गर्नुहुन्छ ?
3. खाद्य सुरक्षा चार आयामहरू केके हुन् ?
4. खाद्य सुरक्षा अनुगमन, किन आवश्यक छ ?
5. जिल्लामा खाद्य सुरक्षा अनुगमनलाई कुन संरचना र निकायले नेतृत्व गर्छ ?
6. जिल्ला खाद्य सुरक्षा सञ्जालका मुख्य ३ भूमिका भन्नुहोस् ?
7. जिल्ला खाद्य सुरक्षा सञ्जालको कार्यसमूहको कुनै ३ भूमिका भन्नुहोस् ।
8. जिल्ला खाद्य सुरक्षा अनुगमनमा प्रयोग हुने मुख्य विश्लेषणात्मक औजार (Analytical Tools) केके हुन्?
9. खाद्य सुरक्षा अनुगमनका सन्दर्भ सूचक कतिवटा छन् ?
10. खाद्य सुरक्षा अनुगमनका कुनै ४ वटा सन्दर्भ सूचकहरू केके हुन् ?
11. खाद्य सुरक्षा अनुगमनका त्यस्तै अन्य ४ वटा सन्दर्भ सूचकहरू केके हुन् ?
12. खाद्य सुरक्षा अनुगमनका बाँकी ४ वटा सन्दर्भ सूचकहरू केके हुन् ?
13. खाद्य सुरक्षाका कतिवटा चरण छन् र चरण छुट्याउन प्रयोग हुने रङहरू केके हुन् ?
14. खाद्य सुरक्षाका ५ वटा चरणहरू केके हुन् ?
15. खाद्य उपलब्धता मापन गर्ने ३ वटा सूचकहरू केके हुन् ?
16. खाद्यमा पहुँचताको मापन गर्ने ३ वटा सूचकहरू केके हुन् ?
17. खाद्य सुरक्षा संश्लेषण तालिकाका महत्त्वपूर्ण पक्ष/तत्त्वहरू केके हुन् ?
18. खाद्य सुरक्षा विश्लेषण तालिकाका महत्त्वपूर्ण पक्ष/तत्त्वहरू केके हुन् ?

## ६.१२ सन्दर्भ–सामग्री ३ : हाजिरीजवाफका लागि उत्तरहरू

१ प्रत्येक व्यक्तिको सधैँ पर्याप्त, स्वच्छ तथा पोषणयुक्त र आफ्नो आवश्यकता र चाहना अनुरूपको खानामाथि भौतिक र आर्थिक पहुँच छ भन्ने बुझिन्छ ।

२ प्रत्येक व्यक्तिको सधैँ पर्याप्त, स्वच्छ तथा पोषणयुक्त र आफ्नो आवश्यकता र चाहना अनुरूपको खानामाथि भौतिक र आर्थिक पहुँच छ कि छैन, भनेर निक्यौंल गर्ने ।

३ खाद्य सुरक्षाका चार पक्षहरू : १ खाद्य उपलब्धता, २. खाद्य पहुँच, ३. उपयोग र ४. यी तीन पक्षमा स्थिरता

४
- समाधान गरिनुपर्ने समस्याहरूको स्पष्ट चित्रण गर्न ।
- प्रभावकारी लक्षित कार्यक्रमहरूको योजना निर्माणमा सहयोग पुर्‍याउँन ।
- मुख्य सरोकारवालाहरूका बीचमा खाद्य सुरक्षासँग सम्बन्धित समस्याहरू लगायत त्यसको कारण र समाधानहरू समेतको स्थानीय सहमति निर्माण गर्न ।
- प्रयासहरू नदोहोरीओस् भनेर जिल्लाका सरोकारवालाहरूका बीचमा समन्वयमा सुधार गर्न ।
- नेपाल सरकारलाई आपत्कालीन स्थिति वा संभावित स्थानीय जानकारी गराउँन ।
- तथ्याङ्क तयारी हालतमा हुने हुनाले आपत्कालीन स्थितिमा उपयुक्त कदमको योजना बनाउन छिटो पहलकदमीका लागि सहयोग पुर्‍याउन ।
- अनुदानित वा आपत्कालीन खाद्य भण्डारको व्यवस्थापनमा प्रभावकारी पार्न ।
- दातृ समुदाय, मानवीय सहयोग तथा विकास निकायलाई सङ्कलित सूचनाद्वारा जिल्लाको अवस्थाबारेमा ध्यानाकर्षण गराउन ।
- अनुगमन, विश्लेषण र कार्यक्रम निर्माणको परिप्रेक्षमा स्थानीय क्षमता बलियो बनाउन ।
- तथ्याङ्क सङ्कलनको तालमेलले जानकारी सङ्कलन दरिलो र प्रभावकारी बनाउनका साथै समय र स्रोत बचाउन ।

५ खाद्य सुरक्षा अनुगमनको नेतृत्व, जिल्ला खाद्य सुरक्षा सञ्जालले गर्छ । हालसम्म दुईप्रकारका संरचनागत व्यवस्था छन् १) जिल्ला विकास समिति अन्तरगतको विस्तारित जिल्ला कृषि विकास समिति र २) जिल्ला सरोकारवालाहरूलाई प्रतिनिधित्व गरेर निर्मित जिल्ला खाद्य सुरक्षा सञ्जाल ।

६ १. त्रैमासिक रूपमा जिल्लाको गाविस स्तरमा खाद्य सुरक्षाको अवस्था अनुगमन गर्ने ।
२. संयुक्त रूपमा जिल्लाको खाद्य सुरक्षा स्थितिको चरण निर्धारण गर्ने ।
३. खाद्य सुरक्षाको अवस्थाबारे जनचेतना बढाउने ।

७ १. जिल्ला खाद्य सुरक्षा सञ्जालका सदस्यहरूद्वारा तथ्याङ्क सङ्कलन गर्ने कुराको सुनिश्चित गर्ने ।
२. सङ्कलित जानकारी सम्पादन गर्ने र जानकारीको दुरूस्त (consistent) भएको सुनिश्चित गर्ने ।
३. सञ्जालका सदस्यहरूलाई जानकारी सङ्कलन गर्न प्राविधिक सहयोग गर्ने ।
४. सञ्जालको बैठक आव्हान तथा सहजीकरण गर्ने ।
५. तोकिएका खाद्य सुरक्षा तालिकामा जानकारी सम्पादन गर्ने ।
६. जानकारीहरू केन्द्रीय विश्लेषण एकाइमा पठाउने ।
७. खाद्य सुरक्षाको चरण ३,४ र ५ मा कति घरधुरी पर्छन् ? सोको निर्धारण गर्ने ।

८ खाद्य सुरक्षा सन्दर्भ तालिका, खाद्य सुरक्षा विश्लेषण तालिका, खाद्य सुरक्षा संश्लेषण तालिका, खाद्य सुरक्षा चरण वर्गीकरण नक्सा ।

९ १२ वटा सूचक छन् ।

११, १२, र १३

१. अन्नबाली उत्पादन अवस्था
२. घरधुरीहरूमा खाद्य सञ्चयको अवस्था
३. प्रमुख बजारमा मुख्य खाद्यान्नको सञ्चय
४. जिल्लाभित्र ज्यालादारी रोजगारीको अवसर,
५. गैरकाष्ठ वन पैदावार, नगदे बाली र अन्य कृषिजन्य उत्पादनहरूको बिक्री,
६. चामलको बजारभाउ
७. प्राकृतिक प्रकोप
८. बसाइसराइ
९. निर्वाहपद्धति (Coping)
१०. बालबालिकाहरूमा (५ वर्षमुनिका ) कुपोषणको अवस्था
११. रोगव्याधि
१२. नागरिक सुरक्षा

१४ खाद्य सुरक्षाका ५ वटा चरणहरू छन् । यी पाँच चरण प्रतिनिधित्व गर्ने रङ क्रमशः हरियो, पहेंलो, सुन्तला रङ, रातो र खैरो ।

१५ सामान्यतया खाद्य सुरक्षित अवस्था, मध्यमस्तरीय खाद्य असुरक्षित अवस्था, उच्च खाद्य असुरक्षित, गम्भीर खाद्य असुरक्षित (अति खाद्य सङ्कट र जीविकोपार्जन ह्रासको स्थिति) र मानवीय आपत्कालीन र भोकमरीको अवस्था ।

१६ १. अन्नबाली उत्पादन अवस्था,
२. घरधुरीहरूमा खाद्य सञ्चयको अवस्था
३. प्रमुख बजारमा मुख्य खाद्यान्नको सञ्चय

१७ १. जिल्लाभित्र ज्यालादारी रोजगारीको अवसर,
२. गैरकाष्ठ वन पैदावार, नगदे बाली र अन्य कृषिजन्य उत्पादनहरूको बिक्री ,
३. चामलको बजारभाउ,

१८ क) वस्तुस्थिति विश्लेषण ख) पूर्वानुमान ग) पूर्वानुमानका आधारहरू घ) विगत त्रैमासिकको सन्दर्भमा भएका परिवर्तनहरू,

१९ विश्लेषण तालिकामा मुख्य रूपमा ४ पक्ष हुन्छ क) सन्दर्भ सूचकहरू र परिमाणत्मक सीमा ख) चरण वर्गीकरणबारेको विवरण, र प्राप्त विवरणको स्रोत र यसको विश्वसनीयता । ग) आगामी खाद्य सुरक्षा स्थितिबारेको पूर्वानुमान र यसको विवरण । घ) समग्र चरण वर्गीकरण

## ६.१३ सन्दर्भ–सामग्री ५ : पुनर्ताजगीका लागि केही खेलहरू

### सेभेन अप (7-up)

सहभागीहरूलाई गोलाकार रूपमा उभिन लगाउनुहोस् । हामी 7-up खेल्न गइरहेको बारेमा भन्नुहोस् । कुनै एक सहभागीले 1 भन्न शुरू गरेपछि उनले आफ्नो दाहिने छातीमा हात राखी देब्रेतर्फ सङ्केत गर्दा,

सँगैको देब्रेतर्फको साथीले 2 भन्ने । त्यसैगरी क्रमशः हातको सङ्केत अनुरूपका सहभागीले 7 सम्म भन्ने । 7 भन्दा हातमाथि उठाई 7-up भन्ने र जुनतर्फ सङ्केत गरेको छ, दाहिने वा देब्रेतर्फ जतापट्टि सङ्केत गरिएको हो, त्यसैतर्फका सहभागीले पुन 1 बाट शुरू गर्ने । यो खेलको क्रममा बिगार्ने सहभागी, खेलबाट बाहिर हुन्छन् र अन्तमा १ जना विजयी हुन्छन् ।



### छलफलका प्रश्न

१) यो खेलबाट के सिकिन्छ ?

२) खाद्य सुरक्षा अनुगमनसँग यो खेल, सम्बन्धित हुनसक्ला ?

(खेलमा जस्तै, सबै सूचकहरूलाई मध्यनजर गर्नुपर्ने, सबै औजारबाट आएको जानकारी संयोजन गर्नुपर्ने पक्षमा हामी चनाखो हुन सक्नुपर्छ ।)

## लाइफ सेभिङ्ग *(Life Saving)*

खेलका लागि खुला ठाउँको व्यवस्था गर्ने । संगीतको व्यवस्था गर्ने । सहभागीहरूलाई गोलाकार रूपमा उभिन लगाउनुहोस् । हामी Life Saving Game खेल्न गइरहेका बारेमा भन्नुहोस् । कुनै एक सहभागीलाई संगीत बजाउन भन्नुहोस् । खेलको परिवेश यसरी बताउनुहोस् । हामी समुन्द्रको बीचमा छौं, जहाज बिग्रिएको छ र डुब्न तयार छ । हामीलाई बचाउन, विभिन्न क्षमताका डुंगाहरू आइरहेका छन् । ती डुंगाहरू आफ्नो क्षमताभन्दा कम वा बढी मान्छे सवार हुँदा डुब्छन् । अब संगीत बजेपछि गोलाकार रूपमा सबै हिंड्दै गर्ने, जब संगीत रोकिन्छ, तब कुनै अङ्क भनिने छ र भनिएको अङ्क अनुरूप नै समूहसमूहमा जम्मा हुने । भनिएको अङ्कभन्दा तल वा माथि हुने समूह, खेलबाट बाहिरिने छ । त्यसपछि फेरि खेल शुरू गर्ने ।



### छलफलका प्रश्न

१) यो खेलबाट के सिकिन्छ ?

२) खाद्य सुरक्षा अनुगमनसँग सम्बन्धित हुनसक्ला ?

चनाखो हुनुपर्ने र सबै सरोकारवालाहरूको समन्वय र सहयोग हुनुपर्ने आदि ।

# ६.१३ सन्दर्भसूची


1. United Nations World Food Program, Food Security Bulletin – 21, November 2008
2. United Nations World Food Program, Food Security Bulletin – 22, January 2009
3. Government of Nepal, National Planning Commission, Three Year Interim Plan, 2007
4. Integrated Food Security Phase Classification (IPC), User Guide, Version 1.0, October 2008
5. "Strengthening the Food Security Phase Classification Approach in Nepal", (SENAC project–Nepal component), FINAL REPORT, December 2008
6. Research for Development, A practical guide, Sophie et al, Save the Children, 2003
7. अभ्यास खेलहरूको सङ्गालो, केएर नेपाल
8. नेपालको अन्तरिम संविधान २०६३
9. तीन वर्षीय अन्तरिम योजना, राष्ट्रिय योजना आयोग, २०६४
10. KIT/IDRC 2003, Designing and Conducting Health Systems Research Projects: Volume 1, Proposal Development and Fieldwork, Corlien M. Varkevisser, Indra Pathmanathan, and Ann Brownlee
11. Nepal 2006 Demographic and Health Survey 2006
12. Performance Monitoring and Evaluation, USAID, Centre for Development Information and Evalaution




नेपाल सरकार

**कृषि तथा सहकारी मन्त्रालय**

सिंहदरवार, काठमाडौं, नेपाल

**फोन** : ९७७-१-४२११६८७

**फ्याक्स** : ९७७-१-४२११८३९

**इमेल** : agribusiness@moac.gov.np

**वेबसाईट** : www.moac.gov.np

संयुक्त राष्ट्र संघ

**विश्व खाद्य कार्यक्रम**

चाकुपाट, पाटनढोका, ललितपुर

पोवनं. १०७, काठमाडौं, नेपाल

**फोन** : ९७७-१-५५४२६०७

**फ्याक्स** : ९७७-१-५५२४१०१

**वेबसाईट** : www.wfp.org